# जनआन्दोलन २०६२/०६३ मा
# कास्की जिल्लाका मगरहरूको भूमिका
# (सहभागिता, धारणा र अपेक्षाको एक अध्ययन)

त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिकशास्त्र सङ्काय
राजनीतिशास्त्र विषयको स्नातकोत्तर तह दशौं पत्रको
प्रयोजनार्थ राजनीतिशास्त्र विभाग, पृथ्वीनारायण
क्याम्पस, पोखरामा प्रस्तुत

*शोधपत्र*


***शोधकर्ता***

दुर्गाबहादुर आले

रोल्नं.०८/०६३

परीक्षा रोल नं. ३१७७ (२०६५)

त्रि.वि. दर्ता नं. २०८९- ८३


२०६८

त्रिभुवन विश्वविद्यालय
TRIBHUVAN UNIVERSITY
पृथ्वीनारायण क्याम्पस
PRITHVI NARAYAN CAMPUS
(...राजनीतिशास्त्र विभाग...)
520142
520143
520389
523462
526837
527440
531944
भीमकाली पाटन, पोखरा, नेपाल
Bhimkali Patan, Pokhara, Nepal

पत्र संख्या :
चलानी नं. :

# शोध निर्देशकको सिफारिस पत्र

त्रिभुवन विश्वविद्यालय, मानविकी तथा सामाजिकशास्त्र सङ्काय अन्तर्गत राजनीतिशास्त्र विषयमा पृथ्वीनारायण क्याम्पस, पोखरामा स्नातकोत्तर तह दोश्रो वर्षको दशौं पत्रको प्रयोजनको निमित्त श्री दुर्गाबहादुर आलेद्वारा **"जनआन्दोलन २०६२/०६३ मा कास्की जिल्लाका मगरहरूको भूमिका (सहभागिता, धारणा र अपेक्षाको एक अध्ययन)"** शीर्षकमा मेरो निर्देशन एवं सुपरिवेक्षण अन्तर्गत तयार पारिएको शोधपत्रबाट म पूर्ण रूपमा सन्तुष्ट छु। नीज विद्यार्थीले अत्यन्त परिश्रम र लगनशिलता पूर्वक तयार गरेको शोधपत्रको मूल्याङ्कनको निमित्त सिफारिस गर्दछु।

गिरधारी दाहाल
शोध निर्देशक
उप-प्राध्यापक, राजनीतिशास्त्र विभाग
पृथ्वीनारायण क्याम्पस, पोखरा

मिति : २०६८/०५/१३

त्रिभुवन विश्वविद्यालय
TRIBHUVAN UNIVERSITY
पृथ्वीनारायण क्याम्पस
PRITHVI NARAYAN CAMPUS
(...राजनीतिशास्त्र विभाग...)
पत्र संख्या :
चलानी नं. :
भीमकाली पाटन, पोखरा, नेपाल
Bhimkali Patan, Pokhara, Nepal
520142
520143
520389
523462
526837
527440
531944

# स्वीकृत पत्र

त्रिभुवन विश्वविद्यालय पृथ्वीनारायण क्याम्पस, राजनीतिशास्त्र विभाग पोखराका स्नातकोत्तर तहका शोधकर्ता श्री दुर्गाबहादुर आलेले **"जनआन्दोलन २०६२/०६३ मा कास्की जिल्लाका मगरहरूको भूमिका (सहभागिता, धारणा र अपेक्षाको एक अध्ययन)"** विषयमा तयार पार्नुभएको शोधपत्र, उक्त तहको उपाधिका लागि उपयुक्त ठहरिएकोले स्वीकृत प्रदान गरिएको छ ।

**शोध मूल्याङ्कन समिति**

विभागीय प्रमुख : सह-प्राध्यापक श्री अग्नीधर पौडेल

विशेषज्ञ: सह-प्राध्यापक श्री तारानाथ बराल

शोध निर्देशक: उप-प्राध्यापक श्री गिरधारी दाहाल

अनुसन्धान समितिका संयोजक : उप-प्राध्यापक डा.श्री उमानाथ बराल

मिति: २०६८/०६/०२

# शोधसार

**"जनआन्दोलन २०६२/०६३ मा कास्की जिल्लाका मगरहरूको भूमिका** (सहभागिता, **धारणा र अपेक्षाको एक अध्ययन)"** भन्ने शीर्षकमा यो शोधपत्र तयार गरिएको छ । यो शोधको समस्याहरू:

१) नेपालमा मगरहरूले के, कस्तो राजनीतिक भूमिका निर्वाह गरे ?

२) उनीहरूको २०६२/०६३ को जनआन्दोलनमा के कस्तो भूमिका रह्यो ?

३) आन्दोलनपछि प्राप्त प्रतिफल र लोकतन्त्रमा समावेशी स्वरूपका बारेमा मगर अभियान्ताहरूको के कस्ता धारणाहरू रहेका छन् ?

साथै यो शोधपत्रका उद्देश्यहरू तीनवटा राखिएको छ:

१) कास्की जिल्लामा रहेका मगरहरू र मगर सङ्गठनहरूले २०६२/०६३ को जनआन्दोलनमा खेलेको भूमिकाको खोजि गर्नु,

२) जनआन्दोलन प्रति अपेक्षा र प्राप्ती परिणाममा उनीहरूको धारणा, विश्वास र मूल्यांकनको अन्वेषण गर्नु,

३) मगर लगायत सबै जनताको हितको उत्थान र प्रवर्धनको लागि लोकतन्त्रको कस्तो समावेशी स्वरूप उपयुक्त छ भन्ने सम्बन्धमा कास्कीका मगर सङ्गठनहरूको दृष्टिकोण बारे अध्ययन गर्नु,

यो शोधकार्यमा विवरणात्मक र वर्णनात्मक ढाँचामा प्राथमिक तथा द्वितिय स्रोतको प्रयोग गरी अध्ययन गरिएको छ ।

मगर जातिको भाषा, संस्कृति, राजनैतिक स्थिति र नेपालमा भएका विभिन्न आन्दोलनहरूमा मगर जातिले निभाएको भूमिका सम्बन्धी यस शोधपत्रमा चर्चा गरिएको छ । मगर जाति नेपालको राजनीतिक मूल धारबाट पछाडि परेको जाति अन्तर्गत पर्दछ । तथापि पृथ्वीनारायण शाहले नेपाल एकिकरण गर्नुभन्दा पहिलाको इतिहास र जङ्गबहादुर राणाको निरंकुश शासनको विरोधमा लखन थापा मगरले गरेको विद्रोहको इतिहास हेर्ने हो भने मगर जातिले पनि नेपालको राजनीतिक क्षेत्रमा सक्रिय भूमिका निभाएको देखिन्छ । एकिकरण हुनुभन्दा पहिला नेपालमा मगराँत क्षेत्रहरूमा मगर राज्यहरू पनि थिए जसलाई बाह्रथुम भनेर चिनिन्थ्यो । जुन मगर राज्यहरूमा मगर जातिकै शासकहरू थिए र ती साना साना राज्यहरू बाइसे चौबिसे राज्यहरू अन्तर्गत नै पर्दथ्यो । त्यस्तै पृथ्वीनारायण शाहको एकिकरणको वेलामा पनि मगरहरूले सैन्य क्षेत्रमा ठूलो भूमिका निभाएको देखिन्छ । एकीकरण पछिको अवस्थामा आएर

मगर राज्यहरू र मगर शासकहरूको अस्तित्व हराउँदै गयो । तत्पश्चात् जङ्गबहादुरले देशमा निरंकुश राणाशासनको शुरूवात गरे तव मगर जातिहरू देशको राजनीतिक क्षेत्र बाट टाढिदै गएको स्थिति देखिन्छ ।

कास्की जिल्लामा के कति मगर सङ्गठनहरू छन्, उनीहरूको जनआन्दोलनमा के कस्तो भूमिका रह्यो र आन्दोलन पछि प्राप्त प्रतिफल कस्तो रह्यो साथै समावेशी स्वरूपको बारेमा धारणा कस्तो रहेको छ भन्ने समस्याहरूमा नै शोधपत्र लक्षित भएको छ । २०६२/०६३ को जनआन्दोलनको चर्चाको साथै कास्की जिल्लाका मगर सङ्गठनहरूले खेलेको भूमिकाको खोजी गर्दै अपेक्षाकृत परिणाममा उनीहरूको धारणा र मूल्याङ्कनको अन्वेषण गर्नु र मगर लगायत सवै जनताको हितको लागि लोकतन्त्रमा कस्तो समावेशी स्वरूप उपयुक्त छ भन्ने सम्बन्धमा कास्कीका मगर सङ्गठनहरूको दृष्टिकोणको अध्ययन गर्नु यस शोधपत्रको उद्देश्य रहेको छ ।

राणाशासनको विरूद्धमा देशको विभिन्न ठाउँहरूबाट आन्दोलन छेड्ने क्रममा भने ब्रिटिस इण्डियाको पक्षबाट दोस्रो विश्वयुद्धमा लडेका र विभिन्न देशहरूको भ्रमण गरी फर्केका मगर सैनिकहरूले सक्रिय भूमिका खेलेको देखिन्छ । त्यस्तै पञ्चायत कालमा पनि केही मगरहरू माथिल्लो तहसम्म पुग्न सफल भएको पनि पाइन्छ । २००७ साल पछि पुनः मगर जातिमा विस्तारै राजनैतिक चेतनाको विकास भएको देखिन्छ । जसको फलस्वरूप आफ्नो जातिको उत्थान, भाषा संस्कृतिको संरक्षणको लागि मगर जातिहरू संगठित हुँदै जान थाले । विशेष गरेर २०१२ सालमा गुल्मीमा मगरहरूको पहिलो भेला गराएर मगर जातिलाई संगठित गर्ने काम गरियो । पञ्चायत कालमा पनि लाङ्घाली परिवारको नाउँमा विभिन्न कार्यक्रमहरू गर्दै आएको पाइन्छ । २०४६ सालको जनआन्दोलन पछि जव खुल्ला राजनीतिक प्रणाली आयो त्यसपछि आफ्नो आन्दोलनलाई फराकिलो रूपमा अगाडि वढाउँदै लगेको देखिन्छ । अर्को तिर भने देशको राजनैतिक, आर्थिक स्थिति झनै विग्रँदै गएको थियो । राजनैतिक दलहरू सरकारमा वसेर देश र जनताको हितको निम्ति भन्दा आफ्नो स्वार्थ पूरा गर्न तल्लीन थिए भने अर्कोतर्फ माओवादी गतिविधिहरू बढ्दै गईरहेको थियो त्यस्तै दरवार हत्याकाण्ड पछी राजा ज्ञानेन्द्रको निरंकुश शासन शुरू भईरहेको अवस्था थियो भने जनताहरू आफ्नो हक अधिकार स्थापित गर्न चाहिरहेका थिए । जसको फलस्वरूप २०६२/०६३ को दोस्रो जनआन्दोलन सफल भएर देशमा लोकतान्त्रिक गणतन्त्रको स्थापना भयो र राजसंस्था पनि सदाको लागि विस्थापित हुन पुग्यो । यसरी २०४६ सालको जनआन्दोलन, माओवादी जनयुद्ध, २०६२/०६३ को जनआन्दोलन वा अन्य परिवर्तनकामी, अग्रगामी, न्यायपूर्ण आन्दोलनमा मगर जातिको अत्यन्त ठूलो भूमिका रहेको छ । नेपाल मगर संघको केन्द्रीय स्तर सम्म सक्रिय भूमिका निर्वाह गरी आफ्नो वर्चस्व

कायम गर्दै आईरहेको कास्की जिल्लाको मगर सङ्गठनहरूले पनि २०६२/०६३ सालको लोकतान्त्रिक जनआन्दोलनमा सक्रिय भूमिका निभाई देश र जनताको हितको लागि र सम्पूर्ण मगर जातिको लागि महत्वपूर्ण योगदान गरेको छ ।

मगर अभियान्ताहरूको बिचारहरूलाई सारांशमा खिच्दा मगरजातिहरू अधिनायकवादमा भन्दा प्रजातन्त्रमानै बढी विश्वास गरेको पाईन्छ । प्रजातन्त्रमा जनताको शासन हुनुपर्दछ । प्रजातन्त्रमा हुनेले खाने नहुनेले टुलुटुलु हेर्ने पद्धति होइन, प्रजातन्त्र गरिबको झुपडिहरूमा पुग्नुपर्दछ भन्ने धारणा पाईन्छ । नेपालका क्रान्तीहरू जस्तैः- २००७, २०४६ को आन्दोलनहरू भन्दा २०६२/०६३ को आन्दोलनलाई फरक मान्दछन् किनभने यसले देशमा समावेशी लोकतन्त्र ल्यायो, राजसंस्था हटायो र  जनता प्रजा भन्दा पनि अधिकार सम्पन्न नागरिक बनेको छ । मगरहरूले माओवादीको जनयुद्धदेखि लिएर संसदवादी सातदल र माओवादी बिचमा भएको बाह्रबुंदे समझदारि पछि भएको १९ दिने आन्दोलनमा समेत महत्वपूर्ण भूमिका खेलेर देशमा लोकतान्त्रिक गणतन्त्र स्थापना गर्नको लागि ठूलो योगदान पुऱ्यायो । बिगतका आन्दोलनहरूको तुलनामा यस आन्दोलनमा मगरहरूको उल्लेखनीय सहभागीता पाइयो । यस आन्दोलनमा मगर जातिहरू आफ्नो जातीय पहिचान र इतिहासको अस्तित्व बचाउनुको साथै हक अधिकारको लागि र निरंकुश राजतन्त्रको बिरुद्धमा आन्दोलनमा उत्रिए । २०६२/०६३ को दोस्रो जनआन्दोलनको उपलब्धीहरूमा समावेशी लोकतान्त्रिक गणतन्त्रको स्थापना, संविधानसभा, संघीय राज्यको अवधारणा, धर्म निरपेक्षताहरू छन् भने समस्याहरूमा यी उपलब्धीहरूलाई आजसम्म संस्थागत हुन नसक्नु हुन् । जनआन्दोलनमा मगरजातिले बिभिन्न राजनैतिक दलहरूमा आबद्ध भएर अथवा आफ्नो जातीय सङ्गठनमा लागेर महत्वपूर्ण भूमिका निभाए । जनयुद्दको बेलामा पनि धेरै मगर जातिले आफ्नो ज्यान गुमाए । संविधानसभाको संरचनाको विषयमा मगर अभियान्ताहरूको अवधारणा बुझ्दा संतोषजनकनै देखिन्छ तर समयमा मगर जाति लगायत सबैको हितको लागि संविधान बनाउन नसक्नुलाई यसको कमजोरी पक्ष ठान्दछन् । त्यस्तै संघीय राज्यको अवधारणालाई पनि प्रायः मगरहरूले सकरात्मक रूपलेनै लिएको देखिन्छ तर संघीय राज्यमा आत्मनिर्णय सहितको मगराँत राज्य हुनुपर्छ भन्ने धेरै मगरहरूको धारणा छ । अन्त्यमा समयनुकुलको परिष्कृत लोकतन्त्रमानै आफ्नो जातिको चौतर्फी विकास हुन्छ भन्नेमा मगरहरूको समान धारणा पाईन्छ ।

# दुई शब्द

२००७ सालमा निरंकुश राणा शासनबाट मुक्ति पाउन २०४६ सालमा एकतन्त्रिय निरंकुश पंचायती व्यवस्थालाई हटाएर वहुदलीय व्यवस्था स्थापना गर्न र २०६२/०६३ सालमा राजतन्त्रलाई नै विस्थापित गरेर लोकतान्त्रिक गणतन्त्र स्थापना गर्न विभिन्न राजनीतिक दलहरूको साथै विभिन्न जात, जातिहरूको साथै आ-आफ्नो जातीय सङ्गठनहरूले महत्वपूर्ण भूमिकाहरू निभाएको पाइन्छ । यसै शिलशिलामा "जनआन्दोलन २०६२/०६३ मा कास्की जिल्लाका मगरहरूको भूमिका (सहभागिता, धारणा र अपेक्षाको एक अध्ययन)" को विषय एउटा शोधमूलक कार्य भएको हुनाले यस क्षेत्रलाई शोध विषयको मुख्य क्षेत्र वनाइएको छ र यो विषयमा अध्ययन गर्नुमा यद्यपि विभिन्न समस्याहरू हुँदा हुँदै पनि गुरुवर्ग र आफन्त जनको सहयोग बाट पूर्णता दिन सकेको छु जस्तो आभाष मिलेको छ । प्रस्तुत शोधपत्रमा मैले पृथ्वीनारायण क्याम्पस, पोखरा राजनीतिशास्त्र विभागका शोध निर्देशक उप–प्राध्यापक श्री गिरधारी दाहालज्यूको निर्देशनमा तयार पारेको हुँ । यसको तयारीमा मैले विभिन्न विद्धानहरूबाट सहयोग पाएको छु । प्रथमतः शोधपत्रको रूपरेखा देखि लिएर सामाग्री सङ्कलन र विश्लेषणको क्रममा आवश्यक निर्देशनको साथै उत्साहवर्धक सुझाव, सल्लाह एवं प्रेरणा दिनुको साथै अभिभावकीय भूमिका निर्वाह गर्दै मार्गदर्शन गर्नुहुने आदरणीय गुरुहरू दाहालज्यू, डा. श्री उमानाथ बरालज्यू, ठानबहादुर क्षेत्रीज्यू, गिरधारी सुवेदीज्यू र प्रेम पौडेलज्यू प्रति हार्दिक कृतज्ञता ज्ञापन गर्दछु । विभिन्न ठाँउमा गएर तथ्याङ्क सङ्कलन र अन्तर्वार्ता लिने क्रम र विभिन्न ब्यक्तित्वहरूसँग भेट गराई दिनुहुने दाई लालबहादुर थापाज्यूलाई पनि धन्यवाद दिन चाहन्छु । यसै क्रममा मलाई अध्ययनको शिलसिलामा विभिन्न क्षेत्रमा सहयोग गर्नु हुने भान्जा सुनील गुरुङ्ग र छोरी दिप्ती आले (गुरुङ्ग) लाई पनि स्मरण नगरिरहन सक्दिन । साथै मलाई डिग्री हाँसिल गर्नु पर्छ भन्ने भावना तथा प्रेरणा जगाएर पढ्ने उत्साह प्रदान गर्नु हुने मेरा पुजनीय बाबा सु. गमबहादुर आलेज्यू र आमा दीलसुवा आलेज्यू प्रति कृतज्ञता ज्ञापन गर्दछु । त्यस्तै मलाई प्रमाणपत्र तहदेखि अध्यापन गराउनुहुने गुरु ध्रुव के.सी.ज्यूलाई ह्रदयदेखि नै आभार प्रकट गर्न चाहन्छु र मेरो अध्ययनको समयमा र यस शोधपत्र तयार पार्ने क्रममा हरसमय सहयोग गर्ने मेरी जीवन संगीनी श्रीमती दयाकुमारी आलेलाई हार्दिक धन्यवाद व्यक्त गर्दछु । यो शोधपत्र टाइप गरी सहयोग गर्ने सहयोगी मित्र नवराज घिमिरे र सम्पादनको भूमिका निर्वाह गरी सहयोग गरिदिनुहुने मित्र बालकृष्ण उपाध्यायज्यूलाई पनि धन्यवाद ज्ञापन गर्न चाहन्छु ।

दुर्गाबहादुर आले

# शब्दार्थ

अभियान्ता = सक्रिय कार्यकर्ता (Activist)

आरमीट्मा = सम्झना

ईम = घर

लाङ्गघाली = गाउँले

कर्पाकेली फेमला = पुन जातिका मगरहरूले मान्दै आईरहेको देवीदेवता, याहाँ कर्पाके श्रीमान र फेमला श्रीमती हुन्

काइके = मगर भाषाको किसिम जुन भाषा डोल्पा जिल्ला केही गाउँमा बोलिन्छ

कौह्रा = मगर र गुरुङ्ग जातिमा प्रचलित एक किसिमको नृत्य, जुन शब्द मगर भाषाको कहरवाबाट आएको हो र यसको अर्थ भर्खरको भन्ने हुन्छ

खाम = मध्य पश्चिममा बोलिने मगर भाषाको किसिम

गुमष्ठा = समाज

घाँटु = एक किसिमको गुरूङ्ग र मगर जातिमा प्रचलित नृत्य

जिबैमामा = मगर जातिमा प्रचलित एक गीत तथा नृत्य

ढुट् = कुरा

नचरी = सोरठी, जैसिंह राजा र हेमावती रानीको कथामा आधारित एक किसिमको लोक नृत्य

बराज्यू = बाजे बज्यै, जसलाई मगर जातिको बीचमा एक शक्तिशाली देवी देवताको रूपमा मानिन्छ

मण्डली = यो पनि मगर जातिको एक किसिमको शक्तिशालि देवतानै हो र साईनोले बराज्यू देवताको भानीज पर्दछ

रिङ्ग बेल्ट = पोखरा वरपर अथवा कास्की जिल्लाका गाँउहरू

# विषय-सूची


क) सिफारिश पत्र

ख) स्वीकृत पत्र

ग) शोधसार

घ) दुई शब्द (कृतज्ञता)

ङ) शब्दार्थ

| | | |
|---|---|---|
| | **परिच्छेद एक : अनुसन्धानको परिचय** | **१-८** |
| १.१ | पृष्ठभूमि | १ |
| १.२ | समस्या कथन | ४ |
| १.३ | उद्देश्य | ५ |
| १.४ | अनुसन्धान विधि | ५ |
| १.५ | पूर्व साहित्य समीक्षा | ६ |
| १.६ | अध्ययनको महत्व | ७ |
| १.७ | अध्ययनको सीमा | ७ |
| १.८ | अध्ययनको सङ्गठन | ८ |
| | **परिच्छेद दुई : सैद्धान्तिक अवधारणा** | **९-२७** |
| २.१ | लोकतन्त्रको अवधारणा र नेपालमा यसको ईतिहास | ९ |
| २.२ | नेपालको राजनीतिक क्षेत्रमा मगरहरू | १८ |
| २.३ | नेपालमा लोकतन्त्र प्राप्तीको ईतिहास | २४ |
| २.४ | २०६२/०६३ को आन्दोलन | २६ |
| | **परिच्छेद तीन : मगर जाति र उनीहरूको जातीय राजनीतिक आन्दोलन** | **२८-४५** |
| ३.१ | मगर जातिको परिचय | २८ |
| ३.२ | आदिवासी जनजाति आन्दोलनमा मगर | ३३ |
| ३.३ | मगर सङ्गठनको विकास र आन्दोलन | ३५ |
| ३.४ | कास्की जिल्लामा मगर सङ्गठन र मगर आन्दोलन | ४० |
| ३.५ | सारांश | ४४ |

**परिच्छेद चार : जनआन्दोलन २०६२/०६३ मा**
**कास्की जिल्लाका मगरहरूको भूमिका**
**मगर अभियान्ताहरूको अभिमत** **४६-७१**

४.१ प्रजातन्त्र ४७

४.२ नेपालका क्रान्तिहरू ४९

४.३ अधिनायकवाद र प्रजातन्त्र ५२

४.४ मगरहरूको जनआन्दोलन-२ मा सहभागिता ५४

४.५ लोकतान्त्रिक आन्दोलन ५६

४.६ आन्दोलनका प्रक्रियाहरू ५९

४.७ संविधानसभा ६०

४.८ नयाँ संविधानमा मगरको स्थान ६२

४.९ संघीयता ६४

४.१० नयाँ संविधान ६६

४.११ सारांश ६८

**परिच्छेद पाँच** : निष्कर्ष **७२-७६**

**सन्दर्भ सामग्री** **७७-८०**

**अनुसूची**

अनुसूचीः- १ कास्कीमा मगर जनसंख्याको तालिका

अनुसूची :- २ बाह्रवुंदे सम्झौता

अनुसूची :- ३ प्रश्नावली

अनुसूची :- ४ मगर सङ्गठनका निर्णय

अनुसुचीः- ५ अन्तरवार्ता लिइएका व्यक्तिहरूको नाम र सङ्गठनहरू

# परिच्छेद-एक

# अनुसन्धानको परिचय

## १.१ पृष्ठभूमि

नेपालमा जनअधिकारका लागि विभिन्न आन्दोलनहरू भएका थिए । २००७ सालमा राणा शासनको अन्त्यको लागि क्रान्ती भयो । यो आन्दोलनले १०४ वर्षे निरंकुश राणा शासनको अन्त्य गरी २००७ साल फाल्गुन ७ गते नेपालमा प्रजातन्त्रको स्थापना भएता पनि प्रजातन्त्रलाई संस्थागत गर्ने काम हुन सकेन । २००७ सालमा संविधानसभाद्वारा संविधान बनाउने घोषणा भएता पनि संविधानसभाको निर्वाचन वेगर संविधान सुझाव समितिको सिफारिसमा २०१५ सालमा नेपाल अधिराज्यको संविधान २०१५ को घोषणा भयो । यसरी संविधानको घोषणा गरी राजा महेन्द्रले संसदको निर्वाचन गराए । २०१५ सालमा नेपालमा आम निर्वाचन सम्पन्न भयो । सो निर्वाचनमा नेपाली काँग्रेसले संसदमा २/३ बहुमत (१०९ सिटमा) ल्याएकोले पहिलो निर्वाचित प्रधानमन्त्रीको रूपमा विश्वेश्वर प्रसाद कोइरालाको नेतृत्वमा सरकारको गठन भयो । तर उक्त जन निर्वाचित सरकार १८ महिना पूरा गर्दा नगर्दै राजा महेन्द्रले जन निर्वाचित प्रधानमन्त्रीलाई अपदस्त गरी संविधानको धारा ५५ लगाई संसद भङ्ग गरेर निर्दलिय पञ्चायती व्यवस्थाको शुरुवात गराए । राजनैतिक दलहरू माथि प्रतिवन्ध लगाई तत्कालिन राजनेतालाई बन्दी बनाए ।

यसरी एक दशक वित्दा नवित्दा संसदिय व्यवस्थाको घाँटी निमोठी निर्दलिय पञ्चायती व्यवस्था स्थापना गरेकाले संसदीय प्रजातन्त्र फस्टाउन पाएन । तथापी राजनीतिक दलहरूले घोषित अघोषित पञ्चायती व्यवस्था विरोधी आन्दोलन गरे । २०३५/०३६ सालको विधार्थी आन्दोलनले पञ्चायती व्यवस्थालाई घुँडा टेकाई जनमत संग्रहको घोषणा गर्न वाध्य बनाएतापनि २०३६/०३७ जनमत संग्रहको परिणाम पञ्चायती व्यवस्थाको पक्षमा घोषणा गरियो ।

२०४६ सालमा पञ्चायत इतर शक्ति एक भई संयुक्त जनआन्दोलन गरेकोले ३० वर्षे निरंकुश निर्दलीय पञ्चायती व्यवस्थाको अन्त्य भई बहुदलीय व्यवस्थाको स्थापना भयो । यस्तो संयुक्त जनआन्दोलनको वातावरण तयार गर्न २०४६ साल माघ २ गते साहाना प्रधानको नेतृत्वमा संयुक्त वाममोर्चाको गठन भयो । संयुक्त वाममोर्चाले संयुक्त जनआन्दोलनको लागि नेपाली काँग्रेस लगायत पञ्चायत इतर शक्तिसंग संयुक्त जनआन्दोलन गर्ने निर्णय गऱ्यो । नेपाली काँग्रेसको २०४६ साल माघ ५–७ गते नेपाली काँग्रेसका नेता गणेशमान सिंहको निवासमा माहासमितिको भेला गरी संयुक्त वाममोर्चाको संयुक्त जनआन्दोलन गर्ने प्रस्तावलाई अनुमोदन गऱ्यो । यसरी वाममोर्चा र नेपाली काँग्रेसले संयुक्त जनआन्दोलन गर्ने निर्णय गरेपछि संयुक्त

बैठकले नेपाली काँग्रेसका नेता गणेशमान सिंहको नेतृत्वमा २०४६ साल फागुण ७ गते देखि संयुक्त जनआन्दोलन गर्ने निर्णय गरे अनुरूप २०४६ साल फाल्गुण ७ गते शुरु भएको संयुक्त जनआन्दोलले २०४६ साल चैत्र २६ गते सफलता प्राप्त गरी बहुदलीय व्यवस्थाको स्थापना भएको थियो ।

२०४६ सालको जनआन्दोलन पश्चात् बहुदलीय व्यवस्थाको स्थापना भई २०४७ सालमा नेपाल अधिराज्यको संविधान २०४७ को घोषणा भयो । २०४८ सालको आम निर्वाचनबाट नेपाली काँग्रेसले संसदमा बहुमत प्राप्त गरी नेपाली काँग्रेसका नेता गिरिजाप्रसाद कोइरालाको नेतृत्वमा सरकारको गठन भयो भने जनआन्दोलनको सहयोगी नेकपा एमालेले संसदमा ६९ सिट प्राप्त गरी शसक्त प्रतिपक्षको रूपमा देखा पऱ्यो । २०४९ सालमा स्थानीय निकायको निर्वाचन सम्पन्न भयो । २०५१ सालमा मध्यावधी निर्वाचन सम्पन्न भयो । सो निर्वाचनमा कुनै पनि दलले संसदमा बहुमत हासिल गर्न सकेनन् । नेकपा एमालेले ८८ सिट हासिल गरी सबैभन्दा ठूलो दलको हिसाबले सरकार गठन गऱ्यो । यसरी नेपालको इतिहासमा मनमोहन अधिकारीले वामपन्थी प्रधान मन्त्रीको रूपमा सरकारको नेतृत्व गरे । उक्त सरकार अल्पमतको भएकोले ९ महिना मात्र कार्य गर्न पायो ।

२०५२ सालमा संयुक्त जनमोर्चा नेपालको नाउँमा अर्थात नेकपा माओवादीले सामाजिक आर्थिक, साँस्कृतिक क्षेत्रमा परिवर्तन नभएको भनी जनयुद्ध थालनी गरेको थियो । २०५६ सालमा तेस्रो आम निर्वाचन सम्पन्न भयो । सो निर्वाचनमा समेत नेपाली काँग्रेसले बहुमत ल्याई कृष्ण प्रसाद भट्टराईको नेतृत्वमा सरकार गठन गऱ्यो । नेपाली काँग्रेसको आन्तरिक कलहको कारण सरकारको नेतृत्व पटक पटक परिवर्तन भए । प्रजातन्त्रले संस्थागत रूप धारणा गर्न सकेन । २०५८ सालको दरवार हत्याकाण्ड पछि सत्ता हत्ताउन सफल भएका ज्ञानेन्द्रले २०५९ सालमा निर्वाचित प्रधानमन्त्री शेरवहादुर देउवालाई अपदस्त गरी सम्पूर्ण अधिकार आफ्नो हातमा लिन सफल भए । परिणाम स्वरूप संसदवादी ७ राजनैतिक दल र नेकपा माओवादी बिच १२ बुँदे समझदारी भयो । २०६२/०६३ को जनआन्दोलनद्वारा राजतन्त्र समेत समाप्त भै नेपालमा लोकतान्त्रिक गणतन्त्र आयो ।

व्यक्तिहरू अथवा समूहलाई सामाजिक आर्थिक, राजनीतिक उद्देश्यले आन्दोलित गर्दछ र निश्चित उद्देश्य प्राप्तीको लागि सक्रियता पूर्वक सहभागीता जनाउँदछ । यो एउटा यस्तो प्रक्रिया हो जसको माध्यमद्धारा मानिसहरूको आवश्यकता, उद्देश्य तथा इच्छाहरूको उजागर हुँदै जान्छ (सिह, १९८७) । राजनीतिक दृष्टिकोणले हेर्दा मानिसहरूको निश्चित उद्देश्य प्राप्ति गर्नको लागि सक्रिय पारि राजनीतिकरण गर्नु हो र जसको माध्यमद्धारा परम्परावादी समाजलाई आधुनिकतातर्फ डोऱ्याउनु हो । राजनीतिक नेताहरूले समाजका विभिन्न वर्ग, जाति,

जनजातिहरूलाई आर्थिक सामाजिक विकासको निम्ति सक्रिय रूपले परिचालित गर्दछ । यसरी मानिसहरू कोही राजनीतिक विचारधाराद्वारा कोही संस्थागत रूपद्वारा भने कोही व्यक्तिगत उद्देश्य प्राप्तीको लागि आन्दोलनमा सहभागिता जनाउँदछन् ।

२०६२/०६३ को ऐतिहासिक जनआन्दोलनमा विभिन्न वर्ग, जाति, जनजातिहरूले आ-आफ्नो क्षेत्रहरूबाट सक्रिय भूमिका निर्वाह गरे त्यसरी नै जनजातीहरूमा अग्रस्थानमा रहेको मगर जातीले पनि आन्दोलनमा सक्रिय भूमिको निर्वाह गरेको पाइन्छ ।

ई.सं. २००१ को जनगणनाअनुसार नेपालको कूल जनसङ्ख्या २,२७,३६,९३४ छ । जसमध्ये जम्मा मगरको सङ्ख्या १६,२२,४२१ छ । तसर्थ कूल जनसङ्ख्याको हिसाबले ७.०७% र स्थानको हिसाबले तेश्रो स्थानमा रहेको छ (जनगणना: २००१) । आदिवासी जनजातिको हिसाबले पहिलो स्थानमा छ । नेपाल मगर संघको स्थापनाको इतिहास हेर्दा वि.सं. २०११ सालमा तनहुँमा, २०१२ सालमा पश्चिम क्षेत्रलाई समेट्दै गुल्मी भार्सेमा मगर समाज सुधार संघहरू गठन भए । वि.सं. २०१४ सालमा तनहुँमा मगर सुधार समिति गठन भयो । वि.सं. २०३८ सालमा रूपन्देहीको आयोजनामा बुटवलमा नेपालभरिका मगरहरूको बृहत भेलाले नेपाल लाङ्घाली परिवार संघ तदर्थ समिति गठन भयो । वि.सं. २०३९ साल फागुन १५ र १६ गते तनहुँ जिल्लाको दमौलीमा लाङघाली परिवारको प्रथम महाधिवेशन भएको थियो । दोस्रो माहाधिवेशन वि.सं. २०४२ सालमा हेटौडामा सम्पन्न भयो । २०४५ सालमा तेश्रो माहाधिवेशन सम्पन्न भयो र २०४८ मा चौथो माहाधिवेशन भयो । यसरी क्रमिक रूपले नेपाल मगर संघले राष्ट्रिय माहाधिवेशन गर्दै धेरै जिल्लाहरूमा आफ्नो जिल्ला समिति र इकाई समितिहरू गठन गरिसकेको छ आफ्नो धर्म, साहित्य, संस्कृत, इतिहास आदिको अनुसन्धान, संरक्षण र सम्वर्धन गर्ने उद्देश्य राख्दै मगर संघ अगाडि बढेको छ (जनजाति आवाज: २०६४) ।

मगर संघका उद्देश्यहरू देशको विकासमा सक्रिय सहयोग उपलब्ध गराउँदै सम्पूर्ण मगरहरूको बिचमा एकता कायम गर्ने र युग सुहाउँदो चेतना अभिबृद्धि गर्ने साथै आफनो भाषा संस्कृतिको संरक्षण र सम्बर्धन गर्ने, अन्य जाति एवं समूदायहरू तथा तिनीहरूको संस्कृति, सामाजिक धार्मिक मूल्य र मान्यता प्रति सकरात्मक एवं सद्भाव राख्दै विकासमा सहयोग गर्ने र जातीय पहिचान र स्वायत्त शासन सहितको लोकतान्त्रिक गणतन्त्र नेपालको निर्माण गर्न सकरात्मक भूमिका निभाउने रहेको छ (नेपाल मगर संघको विधान: २०४९) ।

मगर जातिहरू बसोबास गर्दै आइरहेको जिल्लाहरू मध्ये कास्की जिल्ला पनि एक हो । जहाँ २०५८ को जनसङ्ख्या गणना अनुसार २३,५१२ को सङ्ख्यामा मगर जातिहरू बसोबास गर्दै आइरहेका छन (जनसङ्ख्या गणना, २००१) । राजनीतिक रूपले विगतका दिनहरूमा केही

पछि परेतापनि अहिले खुल्ला राजनितिक प्रणाली र शिक्षाको विकासले मगर जातिहरू पनि मुलुकको राजनीतिक गतिविधिहरूमा र आफ्नो जातिको पहिचानको विषयमा साथै आफ्नो हक अधिकार सुनिश्चित गर्नको लागी मुलुकको राजनीतिमा चासो लिँदै आएको पाइन्छ । यसरी २०६२/०६३ को ऐतिहासिक जनआन्दोलनमा पनि कास्की जिल्लाका मगर जातिहरूले सक्रिय र महत्वपूर्ण भूमिका निभाएको पाइन्छ ।

## १.२ समस्या कथन

नेपालमा २०४६ को आन्दोलन पछि जव प्रजातन्त्रको पुनर्वाहाली भयो त्यसपछि, मानव अधिकार सुनिश्चित हुँदै गयो । जातीय पहिचानका कुराहरू आए जसले गर्दा विभिन्न जनजातिहरूको संघ सङ्गठनहरू स्थापना हुँदै आयो । मगर जातिले पनि आफ्ना भाषा, धर्म, संस्कृतिको साथै राज्यबाट पाइने सेवा सुविधाहरू प्राप्तीको लागि आवाजहरू उठाउँदै जान थाले । राजनीतिक चेतना र शिक्षाको विकासले गर्दा राजनीतिमा सक्रियता देखाउँदै जान थाले । हक अधिकार सुनिश्चित गर्ने माध्यम मात्र सच्चा प्रजातन्त्र हो भन्नेमा विश्वास गर्न थाले । देश भित्र राजाको राजनीतिमा सक्रिय र निरंकुश शैलीको शासनको विरोधमा मगर जातिहरू आफ्नो ठाउँबाट आन्दोलित हुँदै गए । यसरी वास्तविक लोकतन्त्र स्थापना गर्न मगर जातिहरू सक्रिय रहेको पाइन्छ । स्वतन्त्रता र समानता प्रजातन्त्रमा नै पाउन सकिन्छ तसर्थ प्रजातन्त्र देशको लागि अपरिहार्य हो भन्ने धारणाको विकासले पनि मगर जातिहरू २०६२/०६३ को जनआन्दोलनमा सहभागी भएको पाइन्छ । आफ्नो संघ सङ्गठन, संस्थाहरू, राजनीतिक साथै व्याक्तिगत उद्देश्यहरूद्वारा साथै दलहरूबाट निर्देसित भएर सिंगो देशमा लोकतन्त्र स्थापना गर्न र आफ्ना जातिका समस्या समाधान गर्ने उद्देश्यले आन्दोलनमा सक्रिय भूमिका निभाएको पाइन्छ । त्यस्तै यी वाहेक शान्ति, विकास, रोजगारका अवसर, समावेशी लोकतन्त्र, विधिको शासन आदि कुराहरू पनि मगरहरूलाई जनआन्दोलनमा सक्रिय भूमिका निभाउने कारक तत्वको रूपमा मानिन्छ । २०६२/०६३ सालको लोकतान्त्रिक जनआन्दोलनमा कास्की जिल्लाका मगर सङ्गठनहरूको भूमिका सम्बन्धि निम्न सवाल उठान गर्न सकिन्छ ।

१) नेपालमा मगरहरूले के, कस्तो राजनीतिक भूमिका निर्वाह गरे ?

२) उनीहरूको २०६२/०६३ को जनआन्दोलनमा के कस्तो भूमिका रह्यो ?

३) आन्दोलनपछि प्राप्त प्रतिफल र लोकतन्त्रमा समावेशी स्वरूपका वारेमा मगर अभियान्ताहरूको के कस्ता धारणाहरू रहेका छन् ?

## १.३ उद्देश्य

जनआन्दोलन २०६२/०६३ मा कास्की जिल्लाका मगरहरूको भूमिका (सहभागिता, धारणा र अपेक्षा) को सन्दर्भमा अध्ययन गर्नु यस शोधपत्रको सामान्य उद्देश्य हुनेछ, यसका साथै निम्नलिखित विशेष उद्देश्यहरू रहेका छन् ।

१) कास्की जिल्लामा रहेका मगर सङ्गठनहरू र तिनीहरूको २०६२/०६३ को जनआन्दोलनमा खेलेको भूमिकाको खोजिगर्नु,

२) जनआन्दोलन प्रति अपेक्षा र प्राप्ती परिणाममा उनीहरूको धारणा, विश्वास र मूल्याङ्कनको अन्वेषण गर्नु,

३) मगर लगायत सबै जनताको हित, उत्थान र प्रवर्धनकोलागि लोकतन्त्रको कस्तो समावेशी स्वरूप उपयुक्त छ भन्ने सम्बन्धमा कास्कीका मगर सङ्गठनहरूको दृष्टिकोणको अध्ययन गर्नु,

## १.४. अनुसन्धान विधि

### अनुसन्धानको ढाँचा

जनआन्दोलन २०६२/०६३ मा कास्की जिल्लाका मगरहरूको भूमिका (सहभागिता, धारणा र अपेक्षाको सन्दर्भमा अध्ययन गर्दा प्रस्तुत शोधपत्रको अनुसन्धान विवरणात्मक र वर्णनात्मक ढाँचामा गरिएको छ । यस विधिको लागि तथ्यहरू र सूचनाहरू निम्न स्रोतमा आधारित भएर गरिएको छ ।

### प्राथमिक स्रोत

मगर सङ्गठनहरूका नेतृत्वसँग उनीहरूले आन्दोलनमा खेलेको भूमिका सम्बन्धी विस्तृत अन्तरवार्ता लिइएको छ । जुन संरचित, असंरचित तथा शोधकर्ता आफैले उक्त कार्य गरेको थियो । मगरहरूको मगर संघ र समावेशी लोकतन्त्रको संस्कृतिको अध्ययन गर्न कास्की जिल्लामा विभिन्न मगर सङ्गठनका व्यक्तिहरू बुद्धिजीवीहरूसँग अन्तरवार्ता लिएर वास्तविक तथ्य सत्य पत्ता लगाउने प्रयास गरिएको छ । अन्तरवार्ता दिने व्यक्तिहरूको छनोट मगर संघमा बसेर लामो समयसम्म काम गरेका व्यक्तिहरूबाट यस शोधपत्रको उद्देश्य पूरा हुने key Information को छनोट प्रयोजनमूलक छनोट विधिको प्रयोग गरिएको छ ।

### द्वितिय स्रोत

२०६२/०६३ को जनआन्दोलन सम्बन्धी गतिविधि, कास्कीका मगर सङ्गठनहरूको विकास र स्थिति, उनीहरूले जनआन्दोलनमा खेलेको भूमिका सम्बन्धी प्रकाशित अप्रकाशित लेख, रचना, समाचार, दस्तावेज, प्रतिवेदन, लगायतका सामाग्रीहरू द्वितिय स्रोतको रूपमा रहेको छ ।

## १.५ पूर्व साहित्यको समीक्षा

प्रजातन्त्रको परिभाषा र बिकासको क्रममा लुसियन पाईको १९६६ मा प्रकाशित Aspect of political development मा तेस्रो बिश्वमा प्रजातन्त्रको बिकासकोलागि के, के, कुरा आवश्यक पर्छ भन्ने कुरा स्पष्ट पार्ने प्रयास गरिएको छ । त्यस्तै प्रजातन्त्रको लहर संसारमा कसरी फैलिँदै गयो भन्ने सम्बन्धमा सेमुएल पी. हन्टिङ्गटनले आफ्नो किताब (१९९१) "तेस्रो लहरमा" पहिलो, दोस्रो र तेस्रो प्रजातान्त्रिक लहर गरेर प्रजातन्त्रको बारेमा राम्रोसंग ब्याख्या गरेको पाइन्छ । त्यस्तै प्रजातन्त्रको विकासको बारेमा रबर्ट डाहलले आफ्नो किताब प्रजातन्त्रको विकासमा स्पष्ट र रोचक ढंगले लेखेको पाइन्छ । अनुसन्धानकर्ता उमानाथ बरालको (२०६२) "कास्कीमा मगर आन्दोलन" मगर जाति र कास्की जिल्लामा उनीहरूको जातीय अभियानको बारेमा महत्वपूर्ण तथ्यहरू प्रस्तुत गरिएको छ । उहाँले जर्नल अफ पोलिटिकल साइन्समा (२००९) को Ethnic mobilization towards democracy and federalism: The magar perspective at local level" शीर्षकमा मगर जाति र प्रजातन्त्र अनि नेपालको राजनीतिमा मगर जातिको भूमिका सम्बन्धमा स्पष्ट पार्नुभएको छ । बम कुमारी बूढा मगर (२०६०) "आरमीट्मा" मा मगरहरूको रीतिरिवाज र संस्कृति सम्बन्धी चर्चा गर्नु भएको छ । मालवरसिंह थापाले (२०६०) "अरमिट्मा" मा नेपालको राजनीतिमा मगर भन्ने शीर्षकमा २००७ सालको क्रान्तीमा सक्रियपूर्वक सहभागी भएका मगर नेताहरूको विषयमा व्याख्या गर्नु भएको छ । मालवरसिंह थापाले आफ्नो किताब (२०४९) "प्राचीन मगर र आख्खा लिपी" मा मगरहरूको धर्म, संस्कृति र उत्पत्तीको विषयमा लेख्नुभएको छ । लोकबहादुर थापाले (२०६६) "मगर" नेपाल मगर संघ केन्द्रिय समितिको मुखपत्रमा मगर स्वायत्तताको बारेमा लेख्नुभएको छ । थापा मगर मोतिश्वर (२०६०) "आरमिट्मा" मगरका चाढहरू र संस्कृतिको विषयमा लेख्नुभएको छ । सुरेश आलेले २०६६) "मगर" आदिवासी जनजाति आन्दोलनमा मगरहरूको भूमिका शीर्षकमा मगरहरूको भूमिका सम्बन्धमा व्याख्या गर्नु भएको छ । त्यस्तै मगर भाषा र संस्कृतिको विषयमा डा.केशरजंग बरालज्यूले आफ्नो किताब (२०५०) "पाल्पा तनहुँ स्याङ्गजाका मगरहरूको संस्कृति" मा सो जिल्लाको मगर संस्कृतिको विषयमा बिस्तृत रूपमा उल्लेख गर्नुभएको छ । Hachhethu, Krishna.(2003) Democracy and Nationalism, interface between state and ethnicity in Nepal, contribution to Nepalese studies मा प्रजातन्त्रको पुनर्स्थापनाले जनजातिहरूलाइ राजनितिक क्षेत्रमा समावेश गरेको छ भन्ने विषय उल्लेख गर्नुभएको छ । डोरबहादुर बिष्ट (१९९१) , फेटलिज्म एण्ड डेभलप्मेण्टमा मगराँत क्षेत्रको बारेमा उल्लेख गर्नुभएको छ । नेपाल मगर संघको केन्द्रीय समितिको मुखपत्र मगर पत्रिका र कास्की जिल्लाबाट प्रकाशित हुने बार्षिक पत्रिका

आरमिट्मा (सम्झना) मा मगर जातिको स्थिति भाषा संस्कृति र राजनीतिक अधिकारहरूको साथै संघीय राज्यको विषयमा पनि धेरैनै लेख रचनाहरू लेखिएका छन् ।

उपरोक्त साहित्यहरूले मगरजातिको विषयमा आफ्नो भाषा, संस्कृति, बिभिन्न समयमा र बिभिन्न क्षेत्रमा मगरहरूले खेलेको महत्वपूर्ण भूमिका र जातीय उत्थानको लागि ज्ञान दिन सफल भएको छ । त्यस्तै कास्कीको मगर आन्दोलनको बारेमा पनि अनुसन्धानकर्ता उमानाथ बरालद्वारा गहन अध्ययन गरिएको हुँदाहुँदै पनि विशेष गरी २०६२/०६३ सालको लोकतान्त्रिक जनआन्दोलनमा कास्की जिल्लाका मगरहरूको भूमिकाको बारेमा हालसम्म प्राज्ञिक अध्ययन नभएकोले यो शोधकार्य गरिएको हो । प्रस्तुत शोध अध्ययन एक मौलिक र महत्वपूर्ण स्रोत बन्ने अपेक्षा गरिएको छ ।

## १.६ अध्ययनको महत्व

२०६२/०६३ को ऐतिहासिक लोकतान्त्रिक जनआन्दोलनमा कास्की जिल्लाका मगरहरूले सिंगो मुलुकका मगरजातिहरूको हितको निम्ति भाषा र संस्कृतिको संरक्षण, जातीय पहिचान, पहुँचको राजनीतिमा जोड दिनुको साथै सिंगो मुलुकमा लोकतान्त्रिक गणतन्त्र स्थापना, शान्ति र विकासका लागि मगर जातिहरूले निभाएको भूमिकाको संन्दर्भमा स्पष्ट पारिएको छ । यसको साथै मगर जातिहरूले जुन अपेक्षा लिएर जनआन्दोलनमा आफ्नो सक्रिय भूमिका निभाई लोकतान्त्रिक गणतन्त्रको स्थापना गर्न योगदान गरे, तद्नुसार अपेक्षाकृत उद्देश्यहरू पूरा हुन सक्यो कि सकेन यस सम्वन्धमा सम्बन्धित मगर नेताहरू र बुद्धिजिवी व्यक्तिहरूको अभिमत र मूल्याङ्कनको लेखाजोखा गरिएको छ । यस पृष्ठभूमिमा यससम्बन्धी नीति निर्माता राजनीतिशास्त्रको विद्यार्थी र चासो राख्ने सम्बन्धित सबैको लागि एक मौलिक र उपयोगी स्रोतको रूपमा प्रस्तुत शोधपत्र रहनेछ ।

## १.७ अध्ययनको सिमा

यो शोधकार्य समग्रमा नेपालको लोकतान्त्रिक आन्दोलनहरूमा मगर सङ्गठनहरूको अथवा मगरहरूको भूमिकाको सन्दर्भमा अध्ययन गर्नु भएतापनि स्रोत र साधनको अभावमा यो शोध जनआन्दोलन २०६२/०६३ मा कास्की जिल्लाका मगरहरूको भूमिका सन्दर्भमा अध्ययन गर्दा २०६२/०६३ को जनआन्दोलनदेखि गणतन्त्रको घोषणा र कार्यान्वयनसम्म सिमित गरी अध्ययन गरिएको छ ।

## १.७. अध्ययनको सङ्गठन

यो अध्ययनलाइ पाँच परिच्छेदमा विभाजन गरिएको छ । जसमा परिच्छेद एकमा अध्ययनको परिचय समावेश गरिएको छ । दोश्रो परिच्छेदमा सैद्धान्तिक अवधारणा प्रस्तुत गरिएको छ । तेश्रो परिच्छेदमा कास्की जिल्लाका मगर सङ्गठनहरूको वारेमा प्रस्तुत गरिएको छ । चौथो परिच्छेदमा २०६२/०६३ को लोकतान्त्रिक जनआन्दोलनमा कास्की जिल्लाका मगरहरूको भूमिकाको तथ्यहरूको प्रस्तुतीकरण र विश्लेषण गरिएको छ । साथै पाँचौ परिच्छेदमा निष्कर्ष र सन्दर्भ सामग्रीहरू प्रस्तुत गरिएको छ । साथै अन्तमा अनुसूचीमा यो अध्ययनमा प्रयोग गरिएका प्रश्नावली, तथ्याङ्क र मगरसंघका निर्णयहरू समावेश गरिएको छ ।

# परिच्छेद-दुई
## सैद्धान्तिक अवधारणा

### २.१ लोकतन्त्रको अवधारणा र नेपालमा यसको इतिहास

प्रजातन्त्र अथवा लोकतन्त्रको अविष्कारको विषयमा हामीले प्राचीन ग्रीस रोमलाइ लिन सक्छौँ । जहाँ पच्चीस सय वर्ष अघि देखिनै प्रजातन्त्रको अभ्यास भएको पाइन्छ तर यस्तै अनुकुल अवस्थाहरू भएको अरु ठाँउहरूमा पनि प्रजातन्त्रको आविष्कार भएको हुन सक्छ जस्तै आगो चित्रकला वा लिपी जस्तै प्रजातन्त्रको पनि एक भन्दा धेरै पल्ट र एकभन्दा धेरै ठाँउमा आविष्कार भएको देखिन्छ (डाहल, १९९८) । यसरी कैयौं हजार वर्ष सम्म विभिन्न ठाउँहरूमा कुनै न कुनै प्रकारको आदिम प्रजातन्त्र एउटा अत्यन्त स्वाभाविक राजनीतिक प्रणालीको रूपमा हुनुपर्छ । जे होस अलि परिष्कृत रूप ग्रीस र रोममा नै पहिलो पल्ट नागरिकहरू सहभागी हुन पाउने शासन प्रणाली स्थापना भएको पाइन्छ । ग्रीसमा धेरै राज्यहरूमध्ये ऐथेन्स अरु भन्दा प्रसिद्ध नगर राज्य थियो । जहाँ इर्शापूर्व ५०७ मा लोकतन्त्रमा आधारित शासन व्यवस्थालाई प्रयोगमा ल्याए । यसरी ग्रिकहरूले नै (संभवत एथेन्स वासीहरूलेनै) प्रजातन्त्र वा डिमोक्रेसी शव्दलाई प्रयोगमा ल्याए । ग्रीक भाषामा डेमोसको अर्थ हुन्छ जनता र क्राटोसको अर्थ हुन्छ शासन । यसलाई सहभागितामुलक प्रजातन्त्रकै विशिष्ट नमूनाको रूपमा पनि लिइन्छ ( डाहल, १९९८) ।

जतिवेला ग्रीसमा लोकमतमा आधारित शासन प्रणाली शुरु भयो । त्यसैवेला रोम शहरमा पनि यसको प्रयोग भएको पाइन्छ तर त्यहाँ शुरुशुरुमा सामन्तहरू र कूलीनवर्गका मानिसहरूमात्र सहभागी हुन पाउँथे भने पछि पछि साधारण जनताले पनि यसमा सहभागी हुने अवसर पाए । रोमको गणतन्त्र राज्यको विस्तार र विजय अभियानद्वारा पुरानो शहरको सिमा भन्दा परसम्म फैलिएर सम्पूर्ण इटाली भन्दा पनि अझै परसम्म शासन गर्न थाल्यो । जनतालाई अझ वढी सम्मान र अधिकार दिँदै नागरिक बनाए (डाहल, १९९८) । रोमको गणतन्त्र एथेन्सको प्रजातन्त्र भन्दा लामो समय सम्म टिकिरह्यो तर करिव इशापूर्व १३० पछि आन्तरिक अशान्ति, युद्ध भ्रष्टाचार र नागरिकहरू बिच पहिले देखि नै सवल नागरिक चेतनामा आएको ह्रासले गर्दा शक्ति क्षीण हुँदै गयो । जुलीयस सिजरको तानाशाहिसँगै गणतन्त्र पनि नष्ट भयो । यसरी लोकतान्त्रिक शासन प्रणाली करिब १००० वर्ष सम्म पृथ्वीबाट गायव भयो । करिब सन् ११०० तिर पुनः उत्तरी इटालीका नगरहरूमा लामो अन्तरालपछि लोकतान्त्रिक शासन देखा पर्न थाल्यो र फेरि स-साना राज्यहरूमा यसको विकास हुन थाल्यो (डाहल, १९९८) ।

प्राचीन ग्रीस, रोम र मध्य युगीन तथा पुनर्जागरण कालिन इटालीमा लोकमतमा आधारित स्थानीय सरकार भएतापनि प्रभावशाली राष्ट्रिय सरकार थिएन र निवार्चित जनप्रतिनिधिहरूको कुनै राष्ट्रिय संसद थिएन । राजनीतिक संस्थाहरूको यस्तो संयोजन व्रिटेन, स्क्यान्डिनेभिया, पोल्याण्ड, स्वीटजरल्याण्ड र भूमध्यसागर उत्तरका अन्य ठाँउहरूमा शुरु गरियो (डाहल, १९९८) । प्रजातन्त्रको विकास र अभ्यासको क्रममा सोह्रौं शताब्दीको वरिपरिसम्म वेलायतमा राजा तथा संसदले मिलेर प्रजातन्त्रको अभ्यास गरेका थिए । तर सत्रौं शताब्दीको प्रारम्भ सँगसँगै स्टुआर्ट वंशका शाशकहरूले विशेषाधिकारको प्रयोग गरेर स्वेच्छाचारी शासन अपनाउन थाले । जसलाई संसदले सदैव विरोध गऱ्यो । जेम्स प्रथम, चार्लस प्रथम, चार्लस द्वितिय राजाहरूले संसदसँग संवैधानिक शक्तिको लागि संघर्ष गरे । चार्लस प्रथमको शासनकालमा संसदद्वारा प्रस्तुत अधिकार पत्र (Bill of Rights) (१६२८ इ) लाई स्वीकार गरिएता पनि राजाले सो अनुसार कार्य नगर्दा संघर्ष जारी रह्यो । १६४२ ई. मा चार्लसको निरङ्कुश शासनको कारणले नै गृहयुद्ध भयो । प्युरिटिन क्रान्तिका नामले प्रसिद्ध यस गृहयुद्धमा राजाको हार भयो जसको परिणाम स्वरूप १६४९ ई.मा चार्ल्स प्रथमले मृत्यु दण्डको सजाँय पाए (दाहाल २०५८) । यस घटनापछि वेलायतमा गणतान्त्रिक सरकारको स्थापना भएतापनि मताधिकारको विस्तार तथा अन्य आर्थिक तथा सामाजिक सुधारको माग पूरा हुन नसके पछि गणतन्त्र प्रति जनता सन्तोष भएनन् । पुन १६६० ई. मा चार्ल्स द्वितीयलाई राजगद्धीमा वसालियो तैपनि संसद र राजाको बिचमा मतभेदहरू कायम नै रह्यो । १६८५ मा चार्ल्स द्वितियको मृत्यु पछि उनका भाइ जेम्स द्वितियराजा भए । यिनको पालामा झनै निरंकुशता र अत्याचार र आतंकपूर्ण कार्यहरू हुन थाले । यसरी वेलायती जनताले निरंकुशतालाई नै समाप्त गरिदिन उचित ठाने । फलस्वरूप रक्तविहिन क्रान्तिद्वारा १६८८ ई. मा जेम्स द्वितियको शासन अन्त्य भयो (दाहाल र मिश्र, २०५८) ।

वेलायतमा प्रजातन्त्रको अभ्यासको क्रममा त्यहाँको राजाको र सामन्तको बिचमा १५ जुन १२२५ ई. मा नै एउटा समझदारी भएर सामन्तको माग अनुसार तत्कालिन राजा जसले विश्वभर अधिकार पत्र जारी गरे जसको नाम Magna Carta थियो । त्यही म्याग्नाकार्टा अंग्रेजहरूको स्वतन्त्रताको आधार बन्यो । त्यस्तै सन् १६२८ मा अधिकार सम्बन्धी परिनियम ( Bill of Rights) आयो । जसले जनताको अधिकारलाई बलियो बनाएँदै गयो र राजाका अधिकारलाई कमजोर परिदियो (श्रेष्ठ, ०६४) । यसरी जनताका अधिकार र स्वतन्त्रताका नियमहरू वनाइएतापनि बिच बिचमा राजाको निरंकुशताको कारणले संसद त्यति बलियो हुन सकेन । तैपनि गौरवमय क्रान्ति पछि संसद पूर्णरूपले शक्तिशालि भयो । यसपछि पनि वास्तवमा अधिकांश जनतामा शक्ति केन्द्रित नभैकन सामन्तहरूमा शक्ति केन्द्रित भयो तर राजनीतिक

स्थिरता संवैधानिक विकास आन्तरिक शान्तिको कारणले उद्योग तथा व्यापारको विकास तिव्र गतिमा हुन थाल्यो । व्यापारको क्रममा धेरै देशहरूमा वेलायतले उपनिवेश गऱ्यो । यो उपनिवेशको क्रममा अमेरिकालाई समेत आफ्नो कब्जामा राख्न सफल भयो ।

वेलायतको उपनिवेशमा रहेको अमेरिकाले धेरै समयको आन्दोलन पछि १७७६ मा स्वतन्त्रताको घोषणा गऱ्यो । First continental congress ५ डिसेम्वर १७७४ मा फिलाडेल्फीयामा भयो र Second Continental Congress 10 मई 1775 मा फिलाडेल्फीयामा वस्यो र १७७६ मा औपचारिक रूपमा स्वतन्त्रताको घोषणा भयो (दाहाल, २०६४) । अमेरीकीहरू अंग्रेजहरू भन्दा वढी स्वतन्त्रताप्रेमी थिए । यसको झलक भर्जिनीयाको प्रथम अधिकार पत्र १६१८ ई.मा पाईन्छ । जहाँ स्वाधीनता, मताधिकार तथा सहुलियतहरूबाारे उल्लेख गरेको छ (दाहाल र मिश्र, २०५८) ।

१७७६ ई. मा स्वतन्त्रताको घोषणा भएपछि त्यहाँका १३ वटा उपनिवेशहरू मिली एउटा परिसङ्घ (Confederation) को स्थापना भयो । सबै राज्यहरू स्वतन्त्र थिए । त्यसकारण त्यहाँ शासनको अधिकार नयाँ सत्तालाई सुम्पिन चाहन्थे । अलग अलग राज्य भएमा वेलायत, फ्रान्स वा अन्य शक्तिशाली देशहरूसँग मिलि पराधिन हुनु हुँदैन भन्ने उद्देश्यले अमेरिकाले संघ बनायो । जसको नाम संयुक्त राज्य अमेरिका राखियो । सन् १७८७ मा फिलाडेल्फीयामा सम्मेलन भयो । उक्त सम्मेलनमा ५६ जना प्रतिनीधिले भाग लिएका थिए । जसले कति शक्ति केन्द्रमा र कति शक्ति राज्यले पाउने विषयमा स्पष्ट उल्लेख गरियो । परिणाम स्वरूप अमेरिकाले संघीय व्यवस्था अपनाउँदै शक्तिको विभाजन र विकेन्द्रीकरण गर्दै प्रजातन्त्रको विकास गर्दै जान थाल्यो (श्रेष्ठ, २०६४) ।

यसरी हामीले आधुनिक प्रजातन्त्रको इतिहासलाई हेर्ने हो भने वेलायत र अमेरिकालाई लिन सक्छौं । जसले प्रजातन्त्रको विकासको लागि महत्वपूर्ण पहल गर्दै आएको छ र जसरी हन्टिङटनले प्रजातन्त्रको लहरको विषयमा व्याख्या गरेका छन् जुन यही देशहरूबाट शुरुहुँदै अन्य देशहरूमा फैलिएको इतिहास छ ।

प्रजातन्त्रलाई सबैप्रकारका सामाजिक, राजनीतिक, एवं आर्थिक खराबीलाई समाप्त पार्ने रामबाणको रूपमा चित्रण गरेका छन्, यसैद्वारा पृथ्वीमा स्वर्गको स्थापना हुन सक्छ भन्ने दावी पनि गरिन्छ । प्रजातन्त्रका प्रमुख गुणहरूमा यी कुराहरू पाईन्छन्: १) जनमतमा आधारित शासन २) स्वतन्त्रता, समानता र बन्धुत्वको हिमायती ३) जनकल्याण ४) देशभक्तिको भावना ५) राजनीतिक जागरण ६) क्रान्तिबाट सुरक्षा (पोखल, २०६०) । रोवर्ट डाहलले अझ यसरी प्रजातन्त्रलाई स्पष्ट पार्दछन् । प्रजातन्त्रले निम्न अवसरहरू उपलब्ध गराउँछ । १. प्रभावकारी सहभागिता २. मतदानको समानता ३. सुशिक्षित समझदारीको विकास ४. कार्यसूचि

उपर अन्तिम नियन्त्रणको अभ्यास ५. सम्पूर्ण वयस्कहरूको संलग्नता (डाहल, २०००) ।

प्रजातन्त्र सम्बन्धी भने विभिन्न विद्धानहरूको आ-आफ्नै धारणा र सिद्धान्तहरू पाइन्छन् तसर्थ यस सम्बन्धी परिभाषालाई पनि किटानसाथ परिभाषा गर्न कठिन हुन्छ । जस्तै प्रजातन्त्रको सिद्धान्तलाई निम्न आधारमा वर्गिकरण गरिएका छन् (Misra, 1936) ।

1. The Elitist Theory of Democracy
2. The Pluralist Theory of Democracy
3. The Marxist Theory of Democracy
4. The Empirical Theory of Democracy
5. Revival of a normative Theory of Democracy

उपरोक्त सिद्धान्त अनुसार प्रजातन्त्रको प्रयोग विभिन्न किसिमले भएको पाइन्छ । यसर्थ संसारमा प्रजातन्त्रको अनेकौं रूपमा प्रयोग भएको पाइन्छ । वेलायत, अमेरिका जस्ता देशहरूमा यसको प्रयोग आफ्नै किसिमको छ । त्यसरी नै विकासोन्मुख देशहरूमा प्रजातन्त्रको प्रयोगको नाममा समाजका केही ठालु व्यक्तिहरूमा मात्र सिमित भएको पाइन्छ । जसरी Mosca र Pareto ले आफ्नो Elitist Theory मा उल्लेख गरेका छन् ।

In all societies from societies that are very meagerly development and have barely attained the downing of civilization down to the most advanced and powerful societies two classes of people appear a clan that rules and a class that is ruled. The first class always the less numbers, performs all political functions, monopolizes power and enjoys the advantages that power brings where as the second the more numerous class is directed and olled by the fircontrst, in a manner that is now more or less legal, now more or less arbitrary and violent. (Gaetano Mosca) (cited, Pokhrel,2062)

मान्यताहरूको समानता र प्रचलनको आधारमा आज संसारमा प्रजातन्त्रका दुई विशिष्ट धारणा देखिन्छन्: १) प्रजातन्त्रको पश्चिमी या उदारवादी धारणा ( Western or Liberal Concept of Democracy ): संयुक्त राज्य अमेरिका, ब्रिटेन, भारत, नेपाल आदि मुलुकहरूमा प्रचलित राजनीतिक व्यवस्था यस अन्तर्गत पर्दछन् । पश्चिमी प्रजातन्त्रले व्यक्तिको स्वतन्त्रता, राजनीति समानता, सामाजिक तथा आर्थिक न्याय र लोककल्याणमा वल दिन्छ ।

२) प्रजातन्त्रको साम्यवादी धारणा (Comunist Concept of Democracy): बिसौं शताब्दीमा प्रजातन्त्रको साम्यवादी धारणा निकै महत्वपूर्ण बन्दै गएको छ । कम्युनिष्टहरू जनवादी शासन (Peoples Democracy) का प्रबल अनुयायी हुन् । मार्क्स, लेनिनका अतिरिक्त माओत्सेतुङको विचारधाराबाट निर्देशित चीन साम्यवादी प्रजातन्त्रको नमूना हो । साम्यवादीहरूका अनुसार त्यो नै सच्चा प्रजातन्त्र हो जहाँ आर्थिक शक्ति पनि सम्पूर्ण समाजमा निहित हुन्छ तथा

राज्यसत्ता सबैको, सबैकोलागि, सबैद्वारा संचालित हुन्छ भने पश्चिमी प्रजातन्त्रमा राजनीतिक शक्तिको प्रयोग, मौलिक अधिकारको उपभोग साधारण जनताले होइन कि धनीहरूलेमात्र गर्दछन् ( पोखेल, २०६०)

यस्तै प्रजातन्त्रको विषयमा विद्धानहरूले अनगिन्ति परिभाषा दिएका छन् । केही प्रमुख परिभाषा यस प्रकारका छन् ।

"Democracy is a govt in which every one has a share" (Seeley) "Democracy is form of govt in which the governing body is comparatively a large fraction of the entire nation". (Dicey) "Democracy is a gvt of the people for the people and by the people." (Abrahm Lincon) (Cited: Pokhrel, 2060).

उपरोक्त परिभाषाहरूको आधारमा प्रजातन्त्रलाई यसरी व्याख्या गर्न सकिन्छ । प्रजातन्त्रमा सबै जनताहरूको हिस्सेदारी हुनु पर्छ जनताको ठूलो भाग शासक बन्नु पर्छ । सर्वाधिक चर्चित र महत्वपूर्ण व्याख्या अव्राहम लिंकनको परिभाषाले पेश गरेको छ । प्रजातन्त्र जनताको सरकार जनताद्वारा आफ्नै लागि आफैद्वारा चलाएको शासन हो । प्रजातन्त्रलाई शासनको एउटा स्वरूपमात्र मान्नु यसको संकुचित अर्थ हो । जसरी विकासोन्मुख देशहरूमा गरिन्छ । यसले राजनीतिक, सामाजिक, आर्थिक, नैतिक तथा मानवीय पक्ष पनि ओगटनु पर्छ । तसर्थ कोल भन्छन् . "Political liberty without economic liberty is a myth" (Cole) (Cited:Pokhrel, 2060) . उपर्युक्त परिभाषाहरूको बिवेचना गर्दा प्रजातन्त्रको निम्नलिखित तथ्यहरू मिल्दछ ।

क) प्रजातन्त्र शासनको एक प्रणाली हो ।

ख) यसमा सम्पूर्ण जनताको हिस्सेदारी हुन्छ ।

ग) जनताको ठूलो भाग शासक बन्दछ ।

घ) यो कुनै वर्ग बिशेषको नभै जनताको शासन हो ।

**प्रजातन्त्रलाई शासनको हिसाबले दुई प्रकारमा बिभाजन गर्न सकिन्छ** : १) विशुद्ध या प्रत्यक्ष प्रजातन्त्र (Pure or Direct Democracy) २) अप्रत्यक्ष वा प्रतिनिधिमूलक प्रजातन्त्र (Indirect or Representative Democracy)

**१) विशुद्ध या प्रत्यक्ष प्रजातन्त्र** (Pure or Direct Democracy): प्रत्यक्ष प्रजातन्त्रमा त्यस्तो सरकारलाई भनिन्छ जहाँ जनता आफै एक ठाउँमा भेलाभै शासनसम्बन्धी नीति र योजनाहरू बनाउँदछन्, कानुन निर्माण गर्छन्, सरकारी पदाधिकारीहरू नियुक्ति गर्दछन् । यस्तो शासन व्यवस्थामा जनता आफैले सिधै शासन गर्दछन् । प्राचीन ग्रीस, भारत, चीन आदि मुलुकहरूमा यस्तो प्रजातन्त्र थियो । आज पनि स्वीट्जरल्याण्डको केही क्याण्टनहरूमा यस्तो खालको प्रजातन्त्र अपनाएको पाईन्छ ।

२) **अप्रत्यक्ष वा प्रतिनिधिमूलक प्रजातन्त्र** (Indirect or Representative Democracy): अप्रत्यक्ष प्रजातन्त्र त्यस्तो शासन प्रणाली हो जहाँ जनताले आफ्ना प्रतिनिधिको माध्यमबाट शासनमा भाग लिन्छ । बर्तमान युगमा राज्यको बिशालता, जनसङ्ख्याको अधिकता र राजनीतिक एवं आर्थिक जटिलताको कारणले प्रत्यक्ष प्रजातन्त्र सम्भव छैन । जनताले आफ्नो बालिग मताधिकारको आधारमा आफ्ना प्रतिनिधिहरू रोज्दछन् र शासन सञ्चालन गर्दछन् । आजको संसारमा प्रजातन्त्र अथवा लोकतन्त्र भनेको नै प्रतिनिधिमूलक प्रजातन्त्र नै हो ।

विश्वव्यापी प्रजातान्त्रिक मूल्य र मान्यता अन्तर्गत संयुक्त राष्ट्र संघ जस्ता अन्तराष्ट्रिय संघ संस्थाद्वारा प्रतिपादन गरिएका मौलिक मानवीय अधिकार, स्वतन्त्रता आदिको सम्मान, प्रतिस्पर्धात्मक आवधिक निर्वाचन, समावेशी लोकतन्त्र, स्वतन्त्र न्यायपालिका, समानता, स्वतन्त्र संचार माध्यम, राजनीतिक संस्कारको विकास, बहुमतको शासन, अल्पमतको सम्मान आदि कुराहरू समावेस हुने गरेको छ । विश्वव्यापी प्रजातान्त्रिकरणको सिद्धान्तलाई हन्टिङ्गटनले आफ्नो पुस्तक प्रजातन्त्रको तेश्रो लहरमा पेज नं. १-२० सम्म प्रशस्त चर्चा गरेका छन् ।

हन्टीङटनले प्रजातन्त्रको बिकासलाई पहिलो लहर , दोस्रो लहर र तेस्रो लहर गरी तीन धारमा विभाजित गरेर अध्ययन गरेका छन् । प्रथम लामो लोकतान्त्रिक लहर । यो लहर १८२० मा शुरु भएर १९२६ सम्म चल्यो । यसको प्रतिगामी धार १९२२ मा मुसोलीनी सत्तामा आए पछि शुरुभै १९४२ सम्म रह्यो । यस बिचमा लोकतान्त्रिक मुलुकको सङ्ख्या घट्यो । यसरी प्रजातान्त्रिक लहर २९ मुलुक बाट १२ वटा मुलुकमा झर्‍यो ।

द्वितिय विश्व युद्धमा मित्रराष्ट्रहरूको विजयपछि दोश्रो लहर शुरु भयो र १९६२ सम्म रह्यो । यस अवधिमा ३६ वटा राष्ट्रहरूमा लोकतन्त्रको स्थापना भयो । पुनः दोश्रो प्रतिगामी धार १९६० देखि १९७५ सम्म चल्यो र लोकतान्त्रिक राज्यको सङ्ख्या घटने बढ्ने प्रक्रिया हुँदै आइरह्यो (दाहाल, २०६४) ।

बिहीवार अप्रिल २५, १९७४ पछि पोर्चुगलमा अकल्पनिय रूपले प्रजातान्त्रिकरणको तेश्रो लहर शुरु भयो । अप्रिल २५ को सो सैनिक विद्रोह प्रजातन्त्रको लागि विश्वव्यापी आन्दोलनको एक अविश्वसनीय शुरुवात थियो । किनभने यस्ता सैनिक विद्रोहले प्रायजसो प्रजातान्त्रिक शासन पद्धतिको स्थापना भन्दा अन्त्य गर्दछ ।

यो प्रजातान्त्रिक लहरले आगामी १५ वर्षमा विश्वव्यापी रूप लियो । करिव ३० देशहरू अधिनायक शासनबाट प्रजातन्त्र तर्फ मोडिए र कम्तीमा २० अरु देशहरू प्रजातान्त्रिक लहरबाट प्रभावित भए (हन्टीङटन, १९९१) । तेश्रो धारको पूर्वअवस्था १९७४ देखि १९९० सम्म संक्रमणको अवस्थामा रह्यो । १९९० मा वुल्गेरिया, रोमानिया, युगोस्लोभीया, मंगोलीया, अल्वानिया र

नेपालमा सहित तेश्रो प्रजातान्त्रिक धारको प्रत्यक्ष प्रभाव पर्‍यो । १९९० मा पूर्वी युरोपमा साभियत संघ USSR को विघटन र त्यहाँको उथलपुथलले अरव जगतमा पनि परिवर्तन र प्रजातान्त्रिकरणको लहर तिव्र हुन पुग्यो । पुर्वी युरोपको घट्नाले विश्वका अधिकांश मुलुकका निरंकुश शासनलाई आतंकित तुल्याइदियो (दाहाल, २०६४) ।

नेपालको प्रजातान्त्रिक विकासको अवस्था हेर्ने हो भने १९९० भन्दा पहिला लगभग १३४ वर्ष सम्म एकदम पिछडिएको अवस्थामा देखिन्छ । अर्थात जव जंगबहादुरले सन् १८४६ को कोत पर्व पछि जहानिया निरंकुश राणा शासन देशमा लादे जसले १०४ वर्षसम्म अन्धकारको युगमा धकेल्यो । जनताले आफ्नो हक अधिकारको लागि आवाज उठाउन सकेनन् । त्यस समयमा राणा शासनको विरुद्ध आवाज उठाउने साहसी व्याक्ति लखन थापा थिए । जसले सन् १८७६ मा जंग बहादुरको विरुद्धमा विद्रोह गरे । पछि यो विद्रोहको कुरा थाहा पाएपछि जंग बहादुरले उनको हत्या गरिदिए (गुरुङ, सुवेदी, २०६४) । यसपछिको अवस्थामा निरंकुश राणा शासनको विरुद्ध आर्य समाजको स्थापना, मकैको खेती नामक पुस्तक, गोर्खा लिगको स्थापना, चर्खा प्रचार आदि कार्यक्रमहरू एक पछि अर्को गर्दै जनताको माझमा लान थालियो । राणाहरूको निरंकुशताको विरुद्ध जनताहरू जुट्दै जान थाले यही क्रममा उत्साहि युवाहरू मिलेर वि.सं.१९९३ मा “नेपाल प्रजापरिषद” को स्थापना गरे । यसका सदस्यहरू मुख्यत छिमेकी देश भारतमा भएको गान्धीको नेतृत्वमा संचालित आन्दोलनबाट प्रभावित भएका थिए । यही क्रममा राणाहरूले दशरथ चन्द, धर्मभक्त, गंगालाल र शुक्रराज शास्त्रिलाई मृत्यु दण्ड दिने निर्णय गरे । छिमेकी देश भारतमा जोड्कातोड् साथ अंग्रेज विरुद्ध आन्दोलन चलिरहेको थियो । जसबाट प्रभावित नेपालीहरूलाई पनि राणाहरूको पञ्जाबाट मुक्त गर्नु पर्छ भन्ने भावनाले पत्रिका मार्फत प्रजातान्त्रिक सरकारको गठन गर्न एक हौं भनेर अपिल गरेका थिए । यसबाट प्रभावित भएर वनारसमा रहेका नेपालीहरूले वि.सं. २००३ को कार्त्तिक १५ मा अखिल भारतीय नेपाली राष्ट्रिय काँग्रेसको स्थापना गरे । पछि यो नाम संशोधन गरी “नेपाली राष्ट्रिय काँग्रेस” नामाकरण गरियो । यसपछि राणा शासन विरुद्ध जनताहरू अझ एकिकृत हुन थाले ( गुरुङ, सुवेदी, २०६४) । वि. पि. को जेलमुक्त भए पछि नेपाली राष्ट्रिय काँग्रेस दुइगुटमा विभाजित भयो । वि.पी. ले नेतृत्व गरेको गुट नेपाली प्रजातन्त्र काँग्रेससँग धेरै पटकको वार्ता पछि चैत्र २७, २००६ मा एक अर्कामा विलय भयो र यस पार्टीको नाम “नेपाली काँग्रेस” राखियो । यसको मुख्य उद्देश्य राणा शासनको समाप्ती थियो । नेपाली काँग्रेसको आश्विन १० र ११, २००७ सालको वैरगनिया सम्मेलनबाट नेपाली काँग्रेसले राष्ट्र व्यापी शसस्त्र आन्दोलन गर्ने निर्णय गर्‍यो । राजा त्रिभुवन स्वयं पनि राणाहरूको पंजाबाट मुक्त हुन चाहन्थे तसर्थ राजा , जनता र नेताहरू सबै आन्दोलनमा प्रत्यक्ष रूपले संलग्न थिए । भारतमा शरण लिइरहेको श्री ५ त्रिभुवन, राणा र नेपाली

काँग्रेसको त्रिपक्षीय दिल्ली सम्झौता अनुसार क्रान्ति रोकियो र २००७ साल फागुन ७ गते श्री ५ त्रिभुवन नेपाल फिर्ती सवारी भै  श्री ५ को रूपमा प्रतिस्थापीत भइसकेपछि १०४ वर्षको लामो राणाशासनको अन्त्य भयो र देशमा प्रजातन्त्रको स्थापना भयो ।

तेश्रो विश्वका एशिया, अफ्रिका र ल्याटिन अमेरिकी मुलुकहरूमा आएको उपनिवेशवाद विरोधी आन्दोलन र भारत, वर्मा, इन्डोचाइना, श्रीलंका जस्ता एशियाली मुलुक र खासगरी भारतको घटनाले नेपालमा प्रत्यक्ष असर पार्नुकै कारणहरूनै देशमा प्रजातन्त्र आउनु थियो (दाहाल, २००२) । यसरी World Wide Wave Democracy ले नेपाललाई पनि प्रभावित तुल्याएको पाइन्छ ।

२००७ साल फागुन ७ गतेको शाही घोषणा द्वारा प्रजातान्त्रीक युग शुरु भए पछि राणा र काँग्रेसको संयुक्त सरकार गठन भयो तर दुवैका आ-आफ्ना स्वार्थहरूका कारणले र खुट्टा तानातानको प्रवृतिले संयुक्त मन्त्रीमण्डल धेरै टिक्न सकेन । यसपछि नेपाली काँग्रेसको मन्त्री मण्डल  बनाइयो । यसमा केही स्वतन्त्र व्यक्तिहरूलाई समावेश गर्नुको साथै जाति र क्षेत्रलाई समेट्ने प्रयास गरिएको थियो । तर यो मन्त्रीमण्डल पनि ९ महिना भन्दा धेरै टिक्न सकेन । त्यसपछिको अवस्थाहरू झनै जटिल हुँदै गए । जस्तै रक्षा दलको विद्रोह, कर्मचारी हडताल, नेपाली काँग्रेसको विभाजन आदि । यस अवस्थामा राजा त्रिभुवनले मन्त्रीमण्डल विना नै सरकार सञ्चालन गर्न थाले । तर राजनीतिक दलहरू आ-आफ्ना नेतृत्वमा सरकार गठन गर्न चाहन्थे तसर्थ यो सरकार पनि धेरै टिक्न सकेन । यसरी प्रजातन्त्रको आगमन पछि पनि देशमा अमन चयन आउन सकेन  । दलहरू आपसी झगडामानै तल्लीन भए । जव राजा त्रिभुवनको मृत्यु पछि महेन्द्र राजा भए उनले आफ्नै शैलीमा शासन फरक तवरले अगाडि वढाउन थाले  (कार्की, २०६५) ।

अन्तरिम शासन विधान २००७ लाई पटक पटक संशोधन गरि ८ वर्षसम्म यसको अवधि बढाइयो  र अन्तमा संविधानसभाको चुनाव हुन सकेन र २०१५ सालमा राजा महेन्द्रले नेपाल अधिराज्यको संविधान २०१५ घोषणा गरि संसदीय व्यवस्था शुरुवात गरे (कार्की, २०६५) । यसरी संविधान सभाको चुनाव संसदमा परिणत भयो । निर्वाचनमा काँग्रेसले बहुमत ल्याई वि.पि. कोइरालाको नेतृत्वमा मन्त्रीमण्डलको गठन भयो । यसले पनि देशमा शान्ति ल्याउन सकेन । नेपाली काँग्रेस भित्र आफैमा द्वन्द्व सृजना हुन थाल्यो । सरकारमा नभएका दलहरूले विरोध गर्न थाले । अन्तमा २०१७ साल पुष १ गते शाही घोषणाद्वारा राजाले निर्वाचीत मन्त्रीमण्डललाई विघटन गरी शासनको वागडोर आफूमा लिई प्रत्यक्ष शासन शुरु गरे । पुनः देश बन्द राजनीति प्रणालीमा प्रवेश गऱ्यो र ३० वर्षसम्म राजनीतिक पार्टीहरू र नेताहरू प्रतिवन्धित अवस्थामा रहे  (दाहाल, २०६४) ।

तीस बर्षसम्मको बन्द राजनीतिक प्रणाली र निरंकुश पञ्चायति व्यवस्था पछि नेपाली जनताले पुनः २०४६ सालमा आफ्नो हक अधिकार स्थापित गर्न पहिलो ऐतिहासिक जनआन्दोलनमा उत्रिए जसको फलस्वरूप सन् १९९० को बर्ष नेपाली इतिहासमा एक ऐतिहासिक बर्ष २०४६ सालको जनआन्दोलन (The mass uprising of 1990) को रूपमा रहन पुग्यो । जसमा निरंकुश पञ्चायती व्यवस्थाले बहुदलीय व्यवस्था र संवैधानिक राजतन्त्रको माग गर्ने क्रान्तीकारी नेपाली जनताको सामु घुडा टेक्न पुग्यो । निरंकुश पञ्चायती व्यवस्थाको अन्त्य र संवैधानीक राजतन्त्र र बहुदलीय व्यवस्थाको स्थापना गर्ने उद्देश्यले फाल्गुण ७, २०४६ का दिन अधिराज्यब्यापी ऐतिहासिक जनआन्दोलनको प्रारम्भ भयो । पूर्वनिर्धारित कार्यक्रमअनुसार आन्दोलनहरू अगाडि बढ्दै गयो । यो आन्दोलनमा नेपाली जनताले राजदरवारलाई घेर्नसमेत पछि परेन । श्री ५ बाट चैत्र २६ गते प्रतिपक्षी नेताहरू कृष्णप्रसाद भट्टराई, गिरिजा प्रसाद कोइराला, साहना प्रधान र राधाकृष्ण मैनालीलाई दर्शनभेट बक्स्यो र सोही दिन राती राजनीतिक दलमाथि लागेको प्रतिबन्ध हटाइयो (दाहाल, २०६४) । २०४६ चैत्र २६ को वार्ताले तीस वर्षीय निर्दलीय व्यवस्थाको अन्त्य भयो र त्यसपछिका दिनहरूको घट्नाक्रमले नेपालको राजतन्त्र "सबल र सक्रिय राजतन्त्र" बाट "संवैधानिक राजतन्त्र" मा रूपान्तरित हुन बाध्य भयो । यो नेपालको राजनैतिक तथा प्रजातान्त्रिक इतिहासमा एउटा फडको मारिएको घट्ना थियो (कार्की, २०६५) ।

२०४६ सालको पहिलो जनआन्दोलनपछि देशमा प्रजातन्त्र आयो तर जनताहरू मात्र प्रजानै भए अधिकार सम्पन्न नागरिक हुन सकेन । राजसंस्थाको शक्तिमा खासै कमी देखिएन । राजनैतिक दलहरूले जनताको हितलाई खासै ध्यान दिन सकेन । नेताहरू कुर्चीमा हानाथाप गर्न थाले । यद्यपि संविधानले जनतालाई सार्वभौम सम्पन्न भनेर मानेतापनि नेताहरूले दरवारलाईनै शक्तिको स्रोत मान्न छाडेनन् । देश र जनताको हितको निम्ति भन्दा आफ्नो स्वार्थ पूरा गर्नमानै व्यस्त दलका नेताहरूले सरकार बनाउने गिराउने खेलमानै लागे । जसको फलस्वरूप देशमा अर्को सशक्त शक्ति माओवादीको जनयुद्ध चरम सिमामा पुग्दैजान थाल्यो । अर्कोतर्फ दरवार हत्याकाण्ड पछि राजाको निरंकुश शासन पञ्चायती शैलीले बढ्दै गयो । यिनै घटनाहरूनै २०६२/०६३ को दोस्रो जनआन्दोलनको कारणहरू बन्यो ।

प्रमूख सात राजनैतिक दल र नेकपा माओवादी बीच भएको बाह्रबुंदे समझदारीको आधारमा रहेर सात राजनैतिक दलहरूले २०६२ चैत्र २४ गते देखि चैत्र २७ गते सम्म ४ दिन देशभर आमहडतालको घोषणा गरे । यो आमहडतालको उद्देश्य राजामा निहित सार्वभौमसत्ता लाई जनताको हातमा सुम्पनु थियो । अथवा २०६२ माघ १९ को शाही घोषणालाई खारेज गरी देशमा लोकतन्त्र स्थापना गर्नु थियो । आमहडताल उन्नाईस दिनसम्म लम्बियो । २०६३ बैशाष ८ गते साँझ ६ बजे श्री ५ ज्ञानेन्द्रबाट विदेशी शक्तिहरूको सल्लाहमा देशवासीहरूको नाममा शाही

घोषणा जारी गरिबक्सियो (गुरुङ्ग, सुवेदी, २०६४) । उक्त शाही घोषणामा "संवैधानिक राजतन्त्र र बहुदलीय प्रजातन्त्र हाम्रो अटुट प्रतिवद्धता" भएकोले आज यही शाहीघोषणाद्वारा नेपाल अधिराज्यको संविधान २०४७ को धारा ३५ बमोजिम हुनेगरी जनताको नासो जनतालाईनै फर्काएका छौँ (हिमाल खबर पत्रिका, बैशाख २०६३) घोषणा भएको थियो तर उक्त शाही घोषणालाई सात राजनैतिक दलका नेताहरूले यसलाई "to little, too late" को संज्ञा दिएर अस्विकार गरे । शाही घोषणालाई बेवास्ता गर्दै जनआन्दोलनको सुनामी झनै बढ्दै गयो । श्री ५ ज्ञानेन्द्रबाट २०६२ साल बैशाष ११ गते राती ११ बजे अर्को शाही घोषणा भयो । उक्त शाही घोषणालाई सात राजनैतिक दलहरूले आन्दोलनको सफलताको रूपमा लिएका थिए भने नेकपा माओवादीले यो शाही घोषणाप्रति असहमति रहेको धारणा व्यक्त गरे । पछि सातदलको सर्वसम्मत रूपमा प्रधानमन्त्रीमा सिफारिश हुनुभएका गिरिजाप्रसाद कोईरालाले संसदको पहिलो बैठकलेनै निशर्त संविधानसभाको घोषणा गर्ने अपिल गरे लगत्तै नेकपा माओवादीले आफ्नो घोषित आन्दोलनलाई फिर्ता लियो । प्रतिनिधीसभाको २०६३ जेष्ठ ४ गते बिहिबारको बैठकले सरकारका तर्फबाट प्रधानमन्त्री गिरिजा प्रसाद कोइरालाले प्रस्ताव गरेको प्रतिनिधी सभाको घोषणा २०६३ लाई सर्वसम्मतीले पारित गरेपछि नेपाली जनता सर्वोच्च र राजा अधिकारविहिन भएका हुन् (गरुङ्ग र सुबेदी, २०६४) । यसरी नेपालमा २०६२/०६३ को दोस्रो जनआन्दोलनबाट राजसंस्था बिस्थापित भएर देशमा लोकतन्त्रको स्थापनाभै नेपाली जनता प्रजाबाट अधिकारसम्पन्न नागरिक हुन पुगे । नेपाली जनताहरू लामो समयसम्म रैती र प्रजा मात्रमै रहेर राजनैतिक प्रणालीको निर्गत (out put) मा मात्रै सहभागी हुँदै आए । लामो समयको कालखण्ड पछि २०६२/०६३ को दोस्रो जनआन्दोलनबाट मात्र लोकतन्त्रको स्थापना भयो तब मात्र नेपाली जनता प्रजा र रैतीबाट नागरिक हुन पुगे अझपनि अधिकार सम्पन्न नागरिक हुन बाँकिनै छ । आजको लोकतन्त्र भनेको बहुमतको अथवा जनताको प्रतिनिधिहरूको शासन मात्रै होईन । आजको लोकतन्त्र समावेशी खालको लोकतन्त्र हो जसमा सबै वर्ग तह र समुहका मानिसहरूको शासन सत्तामा प्रतिनिधित्व हुनुपर्छ । लोकतन्त्रमा अवसरको समानता हुनुपर्छ । लोकतन्त्रले आफैमा सबैखाले वर्ग क्षेत्र र तहका जनताको हितमा हुनुपर्छ भन्ने धारणा व्यापक बन्दै गईरहेको परिप्रेक्षमा यसको स्वरूप समावेशी हुनु पनि उत्तिकै जरुरी छ । आजको युग सबैखाले सामाजिक, आर्थिक, साँस्कृतिक, धार्मिक, एवं राजनैतिक असमानता र भेदभावको विरुद्ध र सहमति र समावेशीमूलक जनइच्छाको व्यवस्थापन र व्यवस्था हुनुपर्ने देखिन्छ (बराल, २००६) ।

## २.२ नेपालको राजनीतिक क्षेत्रमा मगरहरू

नेपालको राजनीतिक क्षेत्रमा मगरहरू त्यति ठूलो रूपमा सहभागिता भएको नदेखिएता पनि मगरहरू राजनीतिक क्षेत्रबाट पूर्णरूपमा पन्छिएको इतिहास भने पक्कै पनि छैन । किनभने

विभिन्न राजनीतिक मोड र घटनाहरूमा धेरै थोरै मात्रामा मगरहरूको संलग्नता र सहभागिता भएको पाइन्छ । जस्तै लखन थापा मगरले जंगबहादुरको निरंकुशताको विरुद्ध उठाएको पहिलो कदम जुन राणा विरोधि  आन्दोलनमा उत्रिएर पहिलो शहिद भएका थिए । मुलुकमा स्वतन्त्रताको मुक्तिको लागि विगुल फुक्ने र जंगबहादुर जस्ता शासकको विरुद्ध नयाँ सरकारको गठन र राज्य व्यवस्था सञ्चालन गरेर लखन थापा मगरले वि.सं. १९३३ सालतिर प्रजातन्त्रको पाठ सिकाएका थिए  (काउछा, २०६०) ।

लखन थापा खरो मिजासका क्रान्तिकारी भावनाका थिए । उनले सेनामा रहँदा जंग वहादुरको हुकुमी शासन, अन्याय, अत्याचार दमन हैकमवाद र शोषणको प्रशस्त अनुभव वटुलेका थिए । त्यस्तो अवस्थामा अन्याय अत्याचारको अन्त्य गर्नको लागि विद्रोह वाहेक अर्को विकल्प नभएको लखन थापाले महशुस गरे । आफ्ना सहयोगी साथी क्याप्टेन जयसिंह चुमी राना मगरलाई समेत विद्रोह गर्ने आँट र साहश भरिदिएका थिए । तसर्थ यी ऐतिहासिक घटनाहरूबाट पनि स्पष्ट हुन्छ कि मगर जातिहरू नेपालको राजनीतिक क्षेत्रमा नेतृत्व पंक्तिमा पनि महत्वपूर्ण भूमिकाहरू निभाएका थिए र प्रजातन्त्र र स्वतन्त्रताको लागि आफ्नो जीउ ज्यान समेत बलिदान दिएका थिए ।

तालिका नं. १

२००७ साल देखि २०४७ सालसम्मको राजनीतिगतिविधीमा संलग्नमगरहरू

| क्रम सङ्ख्या | नामावली | पद |
|---|---|---|
| १. | पदम बहादुर आले, तनहुँ | भू.पू. सांसद(२०१५) |
| २. | एकदेव आले, तनहुँ | राजनीतिज्ञ सहयौद्धा |
| ३. | गन्जसिंह आले, तनहुँ | रा.पं.स. |
| ४. | रणबहादुर आले, गोर्खा गाईखुर | राजनीतिज्ञ सहयौद्धा |
| ५. | होबीर आले, स्याङ्गजा बहाकोट | रा.पं.स.र सहयौद्धा |
| ६. | बलाराम घर्ति मगर | मन्त्री |
| ७. | क्या. गिरीप्रसाद बुढाथोकी, गुल्मी | रक्षामन्त्री |
| ८. | नरबहादुर बुढामगर | साहायकमन्त्री |
| ९. | कर्णेल श्रीप्रसाद बुढाथोकी | साहायकमन्त्री |
| १०. | डा.नरेन्द्रबहादुर थापा | अञ्चलाधिश |
| ११. | टेकबहादुर थापा | अञ्चलाधिश |

स्रोतः ( थापा मगर, २०६०)

दोश्रो विश्वयुद्धको समाप्तिपछि नेपालमा राणाशासनको अन्त्यको लागि मगरहरूले प्रशस्त भूमिका खेलेका छन् । यसमा विशेष गरेर व्रिटिश इण्डियाको सेवामा जागिरे सैनिक मगरहरूले नै भूमिका खेलेको पाइन्छ । दोश्रो विश्वयुद्धमा ज्यानको बाजी थापेर लडदै युरोप र अफ्रिकाका धेरै ठाउँहरूमा पुगेका मगर लाहुरेहरूले प्रजातन्त्रको अर्थ वुझ्केका थिए । फलस्वरूप युद्ध समाप्त भएपछि घरमा फर्केका वा सेनामा रहेका मगरहरूले नेपालमा राणाशासनको विरुद्ध शसस्त्र संघर्षमा भाग लिएका थिए । यसरी संघर्षमा भागलिने योद्धा तथा राजनीतिज्ञहरूमा तनहुँका भू.पू. सांसद (२०१५) पदमबहादुर आले, एकदेव आले मगर, भू.पू. राष्ट्रिय पञ्चायत सदस्य गन्ज सिंह आले मगर, गोर्खा गाइखुरका रणबहादुर आले मगर, स्याङ्गजा वहाकोटका भू. पू. राष्ट्रिय पञ्चायत सदस्य होवीर आले मगर, इलामका दिलिप सिंह आले मगरहरूको नाम प्रमुख छन् । यी मध्ये होवीर आले मगर बाहेक अन्य सबै सेनामा काम गरेका र लडेका मगरहरू हुन् (थापा मगर, २०६०) ।

यी मगरहरूको भूमिका राजनीतिक नेतृत्वदायी भूमिकाको साथै सहयोद्धा वा साना सैनिक टुकडीको कमाण्डरमा पनि थियो । तसर्थ यी मगर नेतृत्वहरूले तत्कालिन कठिन स्थितिहरूमा पनि मगरजाति भित्र लगायत अरु जनताहरूको बिचमा पनि राजनीतिक चेतनाको साथै शैक्षिक जागरण ल्याउने काममा अग्रज भूमिका खेलेको पाइन्छ । त्यस्तै राणाकालिन भन्दा पछिको अवस्थालाई हेर्ने हो भने नेपालको इतिहासमा सबै भन्दा बढी एउटै पदमा रक्षा मन्त्रीको कार्यभार लगातार १० वर्ष सम्हाल्ने गुल्मीका क्याप्टेन गिरीप्रसाद बूढाथोकी थिए । रोल्पाका बलराम धर्ती मगर, गुल्मीका कर्णेल श्री प्रसाद बुढाथोकी, कास्कीका उत्तम पुन मगर र डोल्पाका नर बहादुर बुढामगर मन्त्री सम्मको पदमा पुगेको पाइन्छ । त्यस्तै भू.पू. सांसद पदम बहादुर आलेले २०१५ सालको संसदीय दलको चुनावमा तनहुँबाट जित्न सफल भएका थिए । पञ्चायतकालमा दुई जना मगरहरू स्याङ्गजाका डा. नरेन्द्र बहादुर थापा र तनहुँका टेक बहादुर थापा अञ्चलाधिश भएका थिए (थापा मगर, २०६०) ।

यसरी देशको बन्द राजनीतिक प्रणालीमा थोरैमात्रामा भएपनि मगरहरूको राजनीतिक क्षेत्रमा र प्रशासनिक क्षेत्रमा सहभागिता रहेको पाइन्छ । यो अवस्थामा मगरहरूमा जातीय जागरुकता शुसुप्त अवस्थामा थियो । तिम्रो जातिको पनि मन्त्री वा रा.पं.स. छ भनी विविध जातिहरूलाई देखाई समर्थन प्राप्त गर्न जातिहरू बिचबाट एकदुई जनालाई मात्र राजनीतिक र प्रशासनिक क्षेत्रमा सहभागि गराइने चलन थियो ।

नेपालको राजनीतिमा मगर जातीहरूको सहभागितामा कमि देखिनुमा प्रमुख कारणहरूमा १. नेपालको बन्द राजनीतिक प्रणाली २. अर्को लाहुरे हुने प्रथा हो । नेपालको बन्द राजनैतिक प्रणालीले गर्दा मगरजातिहरूमा राजनैतिक सामाजिकिकरण र राजनैतिक संस्कारको

विकास हुन सकेन । किनभने राजनैतिक सामाजिकरणकै माध्यमबाट व्यक्तिको राजनीतिक प्रतिको ज्ञान, धारणा र मुल्य मान्यताको निर्माण हुन्छ र यसलाई सर्वसाधारण जनतालाई तालिम दिने प्रक्रियाको रूपमा पनि लिन सकिन्छ । यस विषयमा लुसियन पाई भन्दछन्: "The task of political development "thus boils down to the blunt need to change to attitudes and feelings of the people." (राजनीतिक विकासकालागि राजनीतिक सामाजिकरण अध्ययन र कार्यको आवश्यकता यसैकारणले पर्छ कि जनताका धारणा र विचार परिवर्तन गर्नु यसका लागि जरुरी मानिन्छ (उद्धृत: दाहाल, २०६४) । व्यक्ति या समूहको राजनीति र राजनीतिक र राजनीतिक वस्तुप्रतिको दृष्टिकोणनै उसको राजनैतिक संस्कार हो । हामी समाजमा बिभिन्न किसिमका मानिसहरू देख्दछौं । कोही राजनीतिमा पटक्कै चासो राख्दैनन् भने कोही यसलाई फोहोरी खेल भनेर घृणा गर्दछन् । कसैले साम्यवादी राजनीतिक प्रणाली रुचाउँदछन् कसैले संसदीय प्रणाली, कसैको राजनीतिप्रति लगाव हुन्छ भने कसैको अलगाव वा बितृष्णा । वास्तवमा व्यक्ति वा समुहको उपरोक्त मानसिक अवस्थानै उसको राजनैतिक संस्कार हो (पोखेल, २०६०) । यसरी देशमा विद्यमान निरंकुश राणाशासनको कारणले गर्दा जनताहरूमा राजनैतिक सामाजिकरण र राजनैतिक संस्कारको विकास हुन सकेन । जसको कारणले मगर जातिका युवाहरूपनि विदेशमा गएर लाहुरे हुने प्रथाबाट अलग रहन सकेन तसर्थ अधिकांश मगर युवाहरू आफ्नो जिविकोपार्जन गर्न सन् १८१६ को सुगौली सन्धिपछि ब्रिटिस इण्डियामा भर्ती भएर विदेश तिर पलायन हुन थाले । जसको कारणले पनि नेपालको राजनीतिमा र प्रशासनिक क्षेत्रमा यी जातिहरू पछि परेको पाइन्छ । ब्राह्मण, क्षेत्री र नेवार जातिहरूको तुलनामा मगर जातिहरू पछि परेको छ । तथापी प्रजातान्त्रिक प्रणालीमानै विश्वास राख्दै आफूहरू प्रजातन्त्रकै माध्यमद्वारा राजनीतिक शक्तिमा जान सकिन्छ भन्ने विश्वास राख्छन् । अधिकांश मगरहरू प्रजातन्त्रमानै समानता र स्वतन्त्रता उपलब्ध हुन सक्छ र प्रजातन्त्रमानै शान्ति सुरक्षा र विकास सम्भव हुन्छ भन्ने कुरामा विश्वास राख्दछन् (बराल, २००९) ।

नेपालको प्रजातन्त्रको इतिहासको पृष्ठभूमि केलाउने हो भने प्रमुख राजनीतिक इतिहासको कालखण्डको रूपमा २००७ सालको क्रान्ति पछिको अवस्थालाई नै मान्न सकिन्छ । राजा त्रिभुवन, राजनीतिक दलहरू र जनताको क्रान्तिकारी बलिदानद्वारा स्थापित प्रजातन्त्रपछि मात्र जनताले केही अधिकार प्राप्त गर्न थाले र दलहरू खुल्ला वातावरणमा आए । राजनीतिक नेताहरू जनताको माझमा गएर राजनीतिक चेतनाको विकास गर्न थाले । १०४ वर्षदेखि चल्दै आएको निरंकुश राणा शासनको एकतन्त्रिय जहानीया शासनलाई हटाइयो । देशमा प्रजातन्त्रको स्थापना भयो । यसरी हामीले पश्चिमी देशहरू र युरोपीयन देशहरू जस्तै वेलायत, फ्रान्स, अमेरिका लगायत अरु देशहरूको प्रजातन्त्रको आगमन अभ्याससंग तुलना गर्‍यो भने हाम्रो आगमन र अभ्यास दुई सय

वर्षभन्दा पछाडि देखिन्छ । हाम्रो जस्तो आजको अवस्था जस्तैः राजनीतिक द्वन्द, राजा र जनताको बिचको शक्तिको होड जस्ता क्रियाकलापहरू त्यहाँ २०० वर्ष भन्दा पहिला भएको थियो । तसर्थ पनि नेपालको प्रजातन्त्र आजको दिनसम्म पनि एकदम अपरिपक्व स्थितिमा छ । यसरी वल्ल तल्ल २००७ सालमा आएको प्रजातन्त्रलाई पुनः २०१७ सालमा राजा महेन्द्रबाट प्रजातन्त्रको कोपिला नै निमोठिने काम भयो । यो बिचको खुल्ला अवस्थामा केही प्रजातान्त्रिक अभ्यास नभएका पनि होइनन् । तर नेताहरूको आपसि खिचातानी पदिय लोभ र राजा महेन्द्रको प्रजातन्त्र विरुद्धको सोंचले गर्दा देशमा पुन राजनीति रूपले बन्द प्रणालीको शुरुवात भयो ।

यसरी मगर जातिहरूको राजनीतिमा त्यति सहभागीता हुन सकेन तसर्थ ३० वर्षीय पञ्चायती कालमा अर्थात राष्ट्रिय पञ्चायतको व्यवस्थापिका संसदमा जम्मा २.९% मात्र मगरहरूको प्रतिनिधित्व थियो जहाँ **मगरहरूको जनसङ्ख्या कुल देशभरिको जनसङ्ख्याको लगभग ८ % ओगटेर क्षेत्री र ब्राह्मण पछि तेश्रो स्थानमा पर्दछ ।** तर विडम्वना यो जातिको सहभागिता र प्रतिनिधित्व नगण्य मात्रामा पर्दछ । पञ्चायतकालिन अवस्था भन्दा पहिला सन् १९५९ मा भएको प्रजातन्त्रको पहिलो संसदीय चुनावमा जम्मा १०९ सिट मध्ये मगरहरूको प्रतिनिधित्व जम्मा १.८% थियो (बराल, २००९) ।

२०४६ सालको प्रजातन्त्रको समयमा जस्तैः १९९१, १९९४ र १९९९ को आमनिर्वाचनमा क्रमश १.५%, १.९% र २.४% को हिसाबले प्रतिनिधि थियो (गुरुङ्ग, २००१) । राष्ट्रिय सभामा २०४८ देखि २०६३ सम्मका १६१ सदस्यहरू मध्ये मगरको प्रतिनिधित्व १.२ प्रतिशत मात्र भएको थियो । त्यस्तै गरेर २०६२/०६३ को जनआन्दोलन पछि माओवादीसहित अरु सात दलहरूको बिचमा अन्तरिम सरकारको गठन भयो । जसमा जम्मा ३२९ जना सांसदहरू थिए । यसमा ११ जना मात्र मगर सभासदहरूको प्रतिनिधित्व थियो । त्यसमा मगरहरूको प्रतिनिधित्वमा पनि ८ जना माओवादी पार्टी मार्फत नेकपा एमालेबाट २ जना र नेपाली काँग्रेसबाट १ जना गरी ११ जना मगर विधायिकाहरूको प्रतिनिधित्व भएको थियो (बराल, २०६४) । यसरी जम्मा ३२९ जनामा ३ % मगरहरूको प्रतिनिधित्व भएको थियो । **त्यस्तै गरेर संविधानसभामा जम्मा ६०१ जना सदस्यहरू मध्ये मगरहरू जम्मा २९ जना (४.८२%) थिए । यसमा पनि २० जना सांसदहरू माओवादी पार्टीबाट प्रतिनिधित्व गरेका थिए भने ३ जना एमाले, ३ जना ने.का. बाट, १ जना** People liberation **बाट, एक एक जना** United Peoples front र CPNML **बाट प्रतिनिधित्व गरेको थियो** (बराल, २००९) ।

उपरोक्त तथ्याङ्कहरूले के देखाउँछ भने मगरहरूको राज्यको स्रोत र पँहुचमा सहभागिता न्यून छ । मगर लगायत अरु पिछडिएका जनजाति महिला दलित वर्गहरूलाई राज्यको पहुँचमा सहभागिता गराउनु आजको अवश्यकता हो । जसरी राज्यले सामाजिक आर्थिक र

राजनीतिक रूपान्तरण एवं राज्यको संयन्त्रको पुनःसंयन्त्रको पुनःसंरचना गर्न खोजेको छ । त्यसका लागि शासनमा सबै खाले जनताको समानुपातिक प्रतिनिधित्वको आवश्यकता छ । तबमात्र समावेशी लोकतन्त्रले सार्थकता र यथार्तता प्राप्त गर्न सक्छन् ।

मगर जातिहरू एक त आफै पनि राजनीतिमा कम चासो देखाउँदछन् भने अर्को तर्फ राज्यले पनि समानुपातिक ढंगले व्यवहार गरेको पाइँदैन । देशका नेताहरू विकासमा भन्दा आफ्नै स्वार्थमा लिप्त भएको पाइन्छ । जसरी २०४६ साल पछि पिछडिएका वर्ग जाति, जनजाति, महिलाहरूलाई विभिन्न अवसरहरू दिएर अगाडि बढाउनु पर्ने थियो त्यो देखिएन । प्रजातन्त्र भनौं अथवा लोकतन्त्र, नेताहरूमा र उनकै नातागोता अथवा उनकै वर परका मानिसहरूमा मात्रनै सिमित देखियो ।

चेतनशिल र शिक्षित जुनसुकै व्यक्तिले पनि प्रजातन्त्र भन्नाले विभिन्न अवसरमा पूर्ण समानता र अधिकार हो भन्ने कुरा अस्वीकार गर्दैनन् । तर नेपालमा हालको स्थितिलाई हेर्ने हो भने यहाँको शिक्षित हिन्दू माथिल्लो जातिले धेरै अवसरहरू पाईरहेका छन् र यही प्रविृति प्रति जानी नजानी प्राकृतिक झुकाव रहेको छ र यसैलाई जोगाई राखेका पनि छन् । सर्वसाधारण लगायत राजनीतिक कार्यकर्ता पनि प्रजातन्त्रको सहि परिभाषा बुझ्न सकिरहेको अवस्था छैन साथै अधिकांश बुझेका राजनीतिक ठालुहरू पनि यसलाई सहि ढंगले वुझाउन चाँहदैनन् तसर्थ नेपालमा प्रजातन्त्रको विकास सहिरूपले हुन सकिरहेको छैन (विष्ट , १९९१) । यसरी सर्वसाधारण जनताहरूलाई देशको निति निर्माण तहमा पुग्न र राष्ट्रिय अवसरहरू उपयोग गर्नबाट वञ्चित गरिएको देखिन्छ ।

जनजातिहरूको राजनीतिक इतिहास हेर्ने हो भने २००७ साल पछिको प्रजातन्त्रको समयमा केही अभ्यास भएता पनि २०१७ साल पछिको ३० वर्षीय एकतन्त्रिय पञ्चायत कालमा खासै अभ्यास हुन सकेन । **२०४६ सालपछि जव देशमा पुनः प्रजातन्त्रको स्थापना भयो त्यसपछिका दिनहरूमा मात्र नेपालको राजनीतिमा Ethnic Politics को केही अभ्यास र विकास हुन थालेको पाइन्छ ।** विभिन्न जनजातिका सङ्गठनहरू र राजनीतिक दल र तिनका सङ्गठनहरूको विस्तारै स्थापना र विकास हुँदै गएर जनजातिहरूले पनि राजनीतिक क्षेत्रमा सहभागिता वढाउँदै लगेको पाइन्छ । खुल्ला राजनीतिक वातावरणले मानवधिकारका कुराहरू आए जसले गर्दा राजनीतिक, आर्थिक सामाजिक रूपले पिछडिएका जातिहरू, जनजातिहरू र विभिन्न वर्गहरूका आवाजहरू उठ्दै जान थाल्यो । राज्यबाट पाउने अवसरहरू खोज्न थाले ।

यस सन्धर्वमा हाछेथु भन्दछन् "The restoration of Democracy with the principles of popular sovereignty, equality freedom and cultural rights has provided a platform for ethnic activism" (Hachhethu, 2003).

तसर्थ नेपालमा जनजातिहरूको राजनीतिमा वढी सहभागिता र चासो २०४६ साल पछिको पहिलो जनआन्दोलनबाट प्राप्त प्रजातन्त्र पछि मात्र शुरुवात हुँदै गएको पाइन्छ । किनभने त्यसपछिका दिनहरूमा मात्र जातीय पहिचानका कुराहरू, मानवधिकार सम्बन्धी कुराहरू उठ्दै आए र सुनिश्चित हुँदै गयो । नीति निर्माण तहमा पनि हाम्रो सहभागिता हुनु पर्दछ भन्ने भावनाको विकास हुँदै गयो ।

कास्की, म्याग्दी र पाल्पाका मगरहरूको राजनीतिक सहभागीतालाई हेर्ने हो भने माओवादी पार्टीमा जति मगर जातिहरूको सहभागिता देखिन्छ त्यसको अनुपातमा अरु राजनीतिक दलहरूमा भएको मगरहरूको सहभागिता कम देखिन्छ । जुन जिल्लामा मगरहरूको जनसङ्ख्या हेर्ने हो भने निकै अगाडि देखिन्छ । मगर जातिहरू राजनीतिक क्षेत्रमा मुख्यरूपले सहभागिता कम देखिनुमा देशको वहिर्गमन नीति (Excluded Policy ), राजनीतिक सामाजिकिरणको अभाव, लगायत अरु जस्तैः अशिक्षा, विदेशी नोकरी, लाहुरे हुने संस्कार आदि प्रवृतिहरू देखिन्छन् (बराल , २०६३) ।

२०४६ साल पछि जव माओवादी पार्टिको फेव्रुअरि १९९६ पछि शसस्त्र आन्दोलनको शुरुवात भयो तव नयाँ खालको प्रजातन्त्रको खोजीमा, स्वायत्तशासन, सहभागितामुलक राजनीति जस्ता धेरै कुराहरू लिएर शसक्त रूपले अगाडि वढेको पाइन्छ । “The ethnic issue has gained a new weight and strength because of the impact of the Maoist armed insurgency”. (Hachhethu, 2003: 233). यसरी माओवादी पार्टीले जनजातिको मागहरूलाई शसक्तरूपले अगाडी बढायो । पछि जब संविधानसभाको चुनाव सम्पन्न भयो र ६०१ जना सदस्यहरूको संविधानसभा वन्यो । जसको गठनमा प्रत्यक्ष रूपमा निर्वाचित २४०, समानुपातिकबाट २३५ जना र २६ जना राष्ट्रिय ख्यातिप्राप्त व्यक्तित्वहरू बाट सरकारले मनोनित गरेको थियो । यसरी संविधानसभाको गठन हुँदा ३३ प्रतिशत महिला, जनजाति, मधेशी र पिछडिएको वर्ग विभिन्न जाति, भाषा संस्कृतिको संविधानसभामा सहभागिता गराइएको छ । संविधानसभाको गठन भैसकेपछि लोकतान्त्रिक गणतन्त्रका उपलब्धिहरूलाई संस्थागत गर्न र सबै जनताको हितको निम्ति समावेशीकरण र लोकतान्त्रिक प्रक्रिया अवलम्बन गरेर छिटै जनताको संविधान बनाउनु पर्दछ । किनभने संविधानसभा जनताकै हक अधिकार सुनिश्चित गर्ने संविधान बनाउनको लागि बनेको सभा हो ।

## २.३ नेपालमा लोकतन्त्र प्राप्तिको इतिहास

वि.सं. २०४६ सालको पहिलो जनआन्दोलनले ३० वर्षीय पञ्चायती व्यवस्था ढल्न पुग्यो र प्रजातान्त्रिक व्यवस्थाको पुनर्स्थापना भयो । २०४७ वैशाख ६ गते नेपाली काँग्रेसका कार्यवाहक अध्यक्ष कृष्णप्रसाद भट्टराईको अध्यक्षतामा मन्त्रीमण्डल गठन भयो । अन्तरिम सरकारका अगाडि अनेकौं चुनौतीहरू थिए तापनि अन्तरिम सरकारले पञ्चायतका विभिन्न निकायहरूको विघटन

गरी आफ्नो स्थितिलाई मजवुत पार्‍यो (गुरुङ्ग, सुवेदी, २०६४) । राजा विरेन्द्रले प्रधानमन्त्री कृष्णप्रसाद भट्टराईलाई नयाँ संविधान आयोग गठन गर्न निर्देशन दिए । जसअनुसार आयोगले संवैधानिक राजतन्त्रात्मक राष्ट्रहरूको संविधानको अध्ययन गर्नुको साथै विभिन्न उपसमितिहरू गठन गरी सर्वसाधारण जनताको सल्लाह सुझाव संकलन गरेर छोटो अवधिमा नै सम्पूर्ण कार्य सकी संविधानको मस्यौदा २०४७ भाद्र २५ मा श्री ५ मा चढायो । श्री ५ ले २३ कार्त्तिक २०४७ मा नेपाल अधिराज्यको संविधान २०४७ जारी गरिवक्स्यो (गुरुङ्ग, सुवेदी, २०६४) । यसरी नेपालको प्रजातान्त्रिक व्यवस्था अनुरूप संविधान बन्यो । जसलाई विश्वको उत्कृष्ट संविधानको रूपमा मानीन थालीयो (दाहाल, २०६४) । सरसर्ती हेर्दा यो संविधान प्रजातान्त्रिक देखिएतापनि केही धाराहरू दुई अर्थ लगाउने खालको थियो । जसले गर्दा निरंकुशतन्त्र लाद्न खोज्नेलाई आधार नवन्ला भन्न सकिँदैनथ्यो ।

२०४८ को आमनिर्वाचनमा बहुमत प्राप्त गरे अनुसार नेपाली काँग्रेस संसदीय दलका नेता गिरिजाप्रसाद कोइरालाको अध्यक्षतामा १४ सदस्यीय मन्त्रिमण्डल गठन भयो । यसरी नेपाली काँग्रेसलाई बहुमत दिएर शासन गर्ने अधिकार दिए भने एमाले लगायत अन्य वामपन्थी दलहरूलाई शसक्त विपक्षी दलको दायीत्व सुम्पे । यो संसदीय प्रजातन्त्रको शुभसंकेत थियो । तथापी नेपाली काँग्रेस भित्रकै गुटवन्दि र आरोप प्रत्यारोपले गर्दा साथै राजनीतिक दलहरूको खिचातानिले गर्दा जनआन्दोलनको भावना अनुरूप र जनताको इच्छा आकांक्षा अनुरूप चल्न सकेन । संविधानमा जनतालाई सार्वभौम वनताइएता पनि वास्तवमा राजनीतिक दलका नेताहरू दरवारलाई नै शक्तिको स्रोतको रूपमा हेर्न थाले त्यसपछि २०५१ सालको मध्यावधि निर्वाचनको परिणाम अनुसार संसदमा सबैभन्दा बढी सिट ल्याएको हुनाले एमालेले सरकार गठन गर्‍यो तर यो सरकार पनि नौ महिनाको छोटो अवधीमानै बिघटन भयो (गोरखापत्र २०५१) । यसरी २०५१ सालको मध्यावधि पछिको सरकार पनि स्थिर हुन सकेन । सरकार बन्ने र ढल्ने संस्कार वन्यो । नेताहरू आ-आफ्नो स्वार्थमानै रम्न थाले । आफु सरकारमा हुँदा सबै राम्रो हुने नहुँदा सबै नराम्रो मान्ने प्रवृत्तिको विकास हुन थाल्यो ।

२०५१ साल फागुन १ गते रोल्पा, रुकुम र सिन्धुली जिल्लाका एक एक वटा प्रहरी चौकीमा केही व्यक्तिले तोडफोड र लुटपाट गरी शुरु गरिएको माओवादी विद्रोह नेपाल अधिराज्य भरिनै फैलियो । तत्कालिन गृहमन्त्री खुमवहादुर खड्काले यो सामान्य समस्या भएको ४–५ दिन मै नियन्त्रण हुने भाषण छाँटे । सरकारले समस्याको शान्तिपूर्ण र सम्मानजनक समाधानको सट्टा दवाएर ठीक पार्ने रणनितिमा लाग्यो । तर माओवादी समस्या झनै चर्कदै जान थाल्यो ( गुरुङ्ग, सुवेदी, २०६४) ।

प्रतिनिधि सभाको कार्यकाल पूरा भएपछि राजाबाट प्रधानमन्त्रीको सिफारिसमा

प्रतिनिधि सभा विघटन गरी २०५६ वैशाख २० गते आम निर्वाचनको मिति घोषणा भयो । यसरी वैशाख २० गते र जेष्ठ ३ गते गरी पहिलो र दाश्रो चरणको आम निर्वाचन सम्पन्न भयो । तर पनि देशमा राजनीतिक स्थिरता कायम हुन सकेन । माओवादी गतिविधिहरू दिन प्रतिदिन बढ्न थाले । सरकारले माओवादी शसस्त्र संघर्षलाई सुरक्षाकर्मीको साहायताले दवाउन थाले । निर्दोष जनताहरूले माओवादीको आरोपको क्रममा यातना भोग्दै गए भने उता माओवादीको तर्फबाट पनि वैचारीक मतभेद राख्ने व्याक्तिहरूलाई यातना दिने, सेना प्रहरिका परिवारलाई अनावश्यक दु:ख दिने, धम्कि दिने चन्दा अशुल्ने जस्ता कार्यहरू गर्न थाले । यसरी सर्वसाधारण जनताहरू दोहोरो मारमा पर्न थाले । माओवादी जनयुद्ध तथा नेताहरूको जनताप्रतिको अनुत्तरदायी प्रवृत्तिले राजनीतिक अवस्था अस्त व्यस्त बन्न पुग्यो ।

देशको यस्तो राजनैतिक अस्तव्यस्त भैरहेको अवस्थामा वि.सं. २०५८ जेष्ठ १९ गते नारायणहीटी राजदरवारमा विभत्स हत्याकाण्ड भयो । जसमा राजा वीरेन्द्रको वंशनै विनाश भयो । जुन घट्ना विश्वकै इतिहासमा विरलै पाइने अति विभत्स हत्याकाण्ड हो (कान्तिपुर, २०५८) । दरवार हत्याकाण्ड पछि ज्ञानेन्द्र राजा भए । देशको शासन सत्ता आफ्नो हातमा लिएर राजा ज्ञानेन्द्रले निरंकुश शैलीमा शासन शुरु गर्न थाले । यसरी देशमा घट्दै आएका बिभिन्न घट्नाक्रमले २०६२/०६३ को आन्दोलनको लागि पृष्ठभूमि तयार हुँदै आयो ।

## २.४. २०६२/०६३ को आन्दोलन

२०६२ साल मंसीर ७ गते सात राजनैतिक दल र सशस्त्र विद्रोही नेकपा (माओवादी) बिच भएको बाह्रबुंदे समझदारी सार्वजनिक गरियो । जसले निरंकुश राजतन्त्रको अन्त्य गरी राजनैतिक, आर्थिक, सामाजिक, साँस्कृतिक सबै क्षेत्रका वर्गीय, जातीय, लैंगिक, क्षेत्रीय आदि समस्याहरूको समाधान गर्न र पूर्ण लोकतन्त्रको स्थापना गर्नको लागि यो समझदारि गरियो (अनुसुची १) । यो समझदारीले नयाँ राजनैतिक ध्रुवीकरणको संकेत गऱ्यो र यसले राजनीतिक परिवर्तन ल्याउन पनि सफल भयो । २०६२ साल चैत्र ६ गते सात दल र नेकपा माओवादी बिच दोस्रो समझदारी भएको थियो । समझदारीमा २०६२ मंसीर ७ गते गरिएको बाह्रबुंदे समझदारीलाई निरन्तरता दिइएको र आन्दोलनको शक्तिले संसदको पुनर्स्थापना गर्ने र त्यसको निर्णयले अधिकार सम्पन्न सर्वदलीय सरकार, माओवादीसँग वार्ता र सहमतिका आधारमा निर्वाचन गरी पूर्ण लोकतन्त्रको स्थापना गरेर नै देशमा विद्यमान द्वन्द्वको समाधान गर्न सकिने र सार्वभौमसत्ता र राजकीयसत्ता पूर्णरूपले जनतामा स्थापित गर्ने कुरा उल्लेख गरिएको थियो । नेपालमा निरंकुश राजतन्त्रको अन्त्य गरेर पूर्ण लोकतन्त्रको स्थापना गर्ने र विगत दश वर्षदेखि चल्दै आइरहेको सशस्त्र द्वन्द्वलाई अग्रगामी राजनीतिक निकासबाट हल गरेर देशमा शान्ति बहाली

गर्ने पहललाई सहयोग गर्न अन्तर्राष्ट्रिय समुदायलाई समेत बिशेष अपिल गरिएको थियो (गुरुङ्ग र सुबेदी, २०६४) ।

प्रमुख सात राजनैतिक दल र नेकपा (माओवादी) बिच भएको बाह्रबुंदे समझदारीको आधारमा रहेर सात राजनैतिक दलहरूले २०६२ चैत्र २४ गते देखि ४ दिन देशभर आमहडतालको घोषणा गरे । यो आमहडतालको उद्देश्य राजामा निहित सार्वभौमसत्तालाई जनताको हातमा सुम्पनु थियो । अथवा २०६२ माघ १९ को शाही घोषणालाई खारेज गरी देशमा पूर्ण लोकतन्त्रको स्थापना गर्नु थियो । तसर्थ विरोध कार्यक्रमहरूलाई झनै कडारूपले अगाडि बढाउँदै लगियो । २०६२ साल बैशाख ८ गते साँझ ६ बजे देशवासीको नाममा शाही घोषणा भयो तर त्यसबाट राजनैतिक दलहरूले आन्दोलन स्थगीत गरेनन्, आन्दोलन झनै चर्को रूपले अगाडि बढ्दै गयो (हिमाल खबर पत्रिका १६-३१ बैशाख २०६३) । पुनः २०६२ साल बैशाख ११ गते राती ११ बजे अर्को शाही घोषणा भयो । यसरी १९ दिन सम्मको आन्दोलनले अन्तमा राजसंस्थालाई घुँडा टेकाई छाड्यो र देशमा लोकतन्त्र स्थापना गर्न सफल भयो ।

लोकतन्त्रको अवधारणा र नेपालमा यसको विकासको सन्दर्भमा माथी उल्लेखित पुस्तक, जर्नल, पत्रपत्रिका, मगर संघको घोषणापत्र, मुखपत्र आदिको अध्ययन गरियो । अध्ययनमा नेपालमा भएका विभिन्न आन्दोलनहरूमध्ये २०६२/६३ को जनआन्दोलन देखि संविधानसभाको आमनिर्वाचन सम्म कास्की जिल्लाका मगरहरूको भूमिका सन्दर्भमा अध्ययन नभएकोले यो प्राज्ञिक कार्य आवश्यक देखि अध्ययन गरिएको छ ।

# परिच्छेद - तीन

# मगरजाति र उनीहरूको जातीय राजनीतिक आन्दोलन

## ३.१ मगर जातिको परिचय

नेपालको आदिवासी जनजातिहरू मध्ये मगर जाति एक प्रमुख जाति अन्तर्गत पर्दछन् । नेपालको ७५ वटै जिल्लामा मगर जाति बसोबास गर्दै आएको पाईन्छ । मगरहरूको वस्ती नेपालमा मात्र सिमित छैन । सिक्किम र भुटानमा पनि मगरहरू धेरै समय अगाडि वस्दै आएका छन् । मगर जातिको इतिहास केलाउँदा यो जातिको इतिहास निकै पुरानो छ । यो जातिको आफ्नै संस्कृति छ । आफ्नो छुट्टै पहिचान छ । मगर जातिलाई विभिन्न ठाउँमा विभिन्न नामले चिनिन्छ । सिक्किममा छ्याङ् (Chayang), पश्चिममा पारे (Pare) र कर्णाली क्षेत्रमा महर (Mahar) भनिएको छ (बराल मगर, २०५०) ।

बराल (२०५०) अनुसार प्राचीन समयमा मगरात क्षेत्रलाई महरलोक 'Maharlok' भनिएको छ । यो महरलोक क्षेत्रमा वस्ने मानिसहरूलाई महर भनियो । समयको परिवर्तन संगै यही शव्द अपभ्रंश भएर मगर भयो भन्ने भनाइ छ । त्यस्तै मालवरसिंह थापा (२०४९) का अनुसार प्राचीन समयमा मगरलाई "मगल" भनिन्थ्यो भन्ने उल्लेख गर्नु भएको छ । वाहाँको अनुसार चाँगुको जगज्जय मल्लको ताम्रपत्रमा मगरलाई "मगल" शब्द उल्लेख भएको छ । यो शब्द नै देशकाल, समय र परिस्थिति अनुसार हेरफेर भएर मगर भएको हो । यो "मगल" भन्ने शब्द मंगोल शब्दको अपभ्रंशबाट नै वनेको शब्द हो ।

मगरहरू जति जनसङ्ख्यामा अगाडि देखिन्छन् तर त्यसको अनुपातमा उनीहरूले आफ्नो मातृभाषा बोलेको पाइदैन । यसर्थ मगरहरूले आफ्नो भाषाको विकास गर्नु पर्ने स्थिति पनि देखिन्छ । मगर जातिको इतिहास धर्म संस्कृति, भाषा र भेषभूषा सम्पूर्ण मगराँत भूमिसँग गाँसिएको छ । मगरहरूले बसोबास गरेको भूमि (The land of Magars) नै मगराँत (Magaranta) हो । मगराँतको अस्तित्व इन्कार गर्न नसकेर नै पृथ्वीनारायण शाहले "मगराँतको राजा मै हुँ" भन्ने उद्‌गार व्यक्त गरेका थिए । यसले शाहवंशीय ठकुरी राजाहरूको निमित्त मगर जातिको ठूलो सहयोग र योगदान रहेको स्पष्ट देखिन्छ । मगँरात क्षेत्र भित्र हालको रोल्पा, रुकुम, सल्यान, दाङको पहाडी क्षेत्र प्युठान, म्याग्दी, वाग्लुङ्ग, गुल्मी, अर्घाखाँची, पाल्पा, नवलपरासीको पहाडी क्षेत्र, तनुहुँ, स्याङ्गजा लगायत काली वेल्टका घना मगर आवादी क्षेत्रहरू रहेका छन् । कूल मिलाएर करिब २०,००० वर्ग कि.मि. क्षेत्रफलमा मगराँत क्षेत्र फैलिएको छ (

मगराँत स्वायत्त गणतन्त्र, जनप्रतिनिधि सभाको दोस्रो अधिवेशनमा प्रस्तुत एवं पारित प्रतिवेदन, २०६२) ।

मगर जातिको मूख्य उद्गम स्थान र वाहुल्य भएको क्षेत्र गण्डकी र राप्ती क्षेत्रलाई मानिन्छ । जहाँ मगरहरूको आफ्नै साना साना राज्यहरू थिए । जसलाई वाइसे चौविसे राज्यहरू भएको वेलामा वाह्रथुम भनेर चिनिन्थ्यो (बराल, २००९) ।

यसरी मगराँत क्षेत्रभित्र लुम्वीनी, गण्डकी, धवलागिरी, राप्ती र भेरी अंञ्चलका क्षेत्रहरू पर्दछन् (वराल मगर, २०६०, आरमीट्मा) । प्राचीन वाह्र मगराँत र अठार मगराँत नामले चिनिने गण्डकी क्षेत्र र कर्णाली क्षेत्रमा शासक वर्गले मगरका रीतिरिवाजमा केही भिन्नता वनाइदिएका हुन् (बूढामगर, २०६०) ।

मगरहरू कहाँबाट र कहिले नेपाल प्रवेश गऱ्यो भन्ने कुराको वास्तविक इतिहास भेटिंदैन जसरी आर्यहरूको वारेमा पुरातत्ववेत्ताहरूले एवं इतिहासकारहरूले भनेका छन् । विभिन्न प्रमाणहरूको आधारमा प्राचीन समयमा अन्य जाति सरह भारतीय माहाद्धीपमा मगरहरू पनि चीनको पामिर पूर्व तर्फबाट वसाइ सरेकोमा निर्विवाद छ (थापा मगर, २०४९) । मगरहरू 3100 BD भन्दा पहिल्यै तिव्वत हुँदै मंगोलियाबाट वसाई सर्दै आएका हुन् भन्ने भनाइहरू पनि पाइन्छन् । उपरोक्त यी भनाइहरूबाट के स्पष्ट हुन्छ भने मगरहरू हालको मंगोलियाबाट तिव्वत हुँदै नेपाल प्रवेश गरेको पाइन्छ तर मगरहरू तिव्वतमा वुद्ध धर्म प्रचार नहुने बेलामानै तिब्वत हुँदै नेपाल प्रवेश गरेको हुनु पर्छ किनभने मगरहरूमा वुद्ध धर्मको कुनै प्रभाव परेको देखिदैन । मगर जातिमा आफ्नै किसिमको प्रकृति पुजक अथवा वोन धर्म अप्नाएको पाइन्छ । यसर्थ मगर जातिहरूको नेपाल प्रवेश वुद्धको जन्म हुनु भन्दा पहिला नै भएको हुनु पर्छ भन्ने भनाईहरू पाईन्छन् (उद्दृत, बराल, २०१०) ।

नेपालमा मगरहरू ७५ वटै जिल्लामा बसोबास गर्दै आएका छन् । नेपालमा मगरहरूको बसोबासको दृष्टिकोणले सबै भन्दा वढी मगर जनसङ्ख्या भएको क्षेत्र पश्चिमाञ्चल हो । यस क्षेत्रमा कुल जनसङ्ख्याको १६.४३% जति जनसङ्ख्या मगरहरूको छ । यस क्षेत्रमा नेपालमा बसोबास गरेका मगरहरू मध्ये करिव आधा आधि जति मगरहरूको बसोबास छ । यस क्षेत्रमा मगर भाषा बोल्नेको सङ्ख्याभने जम्मा ५३.६५% मात्र छ ।


तालिका नं. २

विकास क्षेत्र अनुसार मगर भाषीहरूको विवरण तालिकाः

| | विकास क्षेत्र | मगर जनसङ्ख्या | मगर भाषी जनसङ्ख्या | मगर भाषी प्रतिशत |
|---|---|---|---|---|
| १. | पूर्वाञ्चल | १८०३६३ | १३९९९६ | ७७.६१ |
| २. | मध्यमाञ्चल | २५६९५७ | १०६३६८ | ४१.३९ |
| ३. | पश्चिमाञ्चल | ७५०९६० | ४०२९४३ | ५३.६५ |
| ४. | मध्यपश्चिमाञ्चल | ३९१६५० | ९९३४९ | २५.३६ |
| ५. | सुदुरपश्चिमाञ्चल | ४२४९१ | २१४६० | ५०.५० |
| | कूल जनसङ्ख्या | १६२२४२१ | ७७०११६ | ४७.४६ |

स्रोतः जनगणना २०५८

चित्र नं. १




विशेष गरेर पाल्पा, नवलपरासी र रूपन्देही जिल्लामा मगरहरूको वस्ती वढी पाइन्छ । गण्डकी अञ्चलमा मगरहरूको जनसङ्ख्या २,११,३२४ छ । यो जनसङ्ख्या अञ्चलको कूल जनसङ्ख्याको १४.२२% हुन आउँछ । सबैभन्दा कम जनसङ्ख्या भएको क्षेत्रमा सुदुर पश्चिमाञ्चल क्षेत्र पर्दछ जहाँ जम्मा ४२,४९१ को सङ्ख्यामा मगरहरू वसोबास गर्दछन् । मगर भाषा बोल्नेको सङ्ख्या हेर्ने हो भने सबैभन्दा बढी पूर्वाञ्चल क्षेत्र देखिन्छ जहाँ ७७.६१% मगरहरू आफ्नो भाषा बोल्दछन् । कास्की जिल्लाको मगर जनसङ्ख्या २३,५१२ रहेको छ । जसमध्ये

मगरभाषा बोल्नेको सङ्ख्या ५,९२० मात्र छ (जनगणना, २०५८) । गण्डकी अञ्चलका ६ जिल्लाहरू तनहुँ, गोरखा, लम्जुङ्ग, स्याङ्गजा, कास्की र मनाङ्ग मध्ये सबै भन्दा वढी मगर जनसङ्ख्या भएको जिल्ला तनहुँ हो । मगरहरूको जनसङ्ख्याको हिसाबले तनहुँ पछि स्याङ्गजा, गोरखा अनि कास्की, लम्जुङ्ग र मनाङ्ग आउँछ (वराल, २०६०) । कास्की जिल्लामा कूल जनसङ्ख्याको २५% मगरहरूले मात्र आफ्नो भाषा बोल्दछन् । २०५८ को जनगणना अनुसार कास्की जिल्लाको ४३ वटा गा.बि.स.हरू मध्ये ८ वटा गा.बि.स.मा मगर जातिको बसोबास छैन जसमध्ये भाचोक, भदौरे तामागी, देउराली, काहुँ, मौजा, नामर्जुङ्ग, थुमाको डाँडा र भलाम हो । सबैभन्दा बढी जनसङ्ख्या पोखरा उपमाहानगर पालिकामा रहेको छ जहाँ १२,८२९ को सङ्ख्यामा छ । त्यस्तै लेखनाथ नगरपालिकामा २,३४० को सङ्ख्यामा दोस्रो स्थानमा र भरतपोखरीमा १,१५९ को सङ्ख्यामा तेस्रो स्थानमा मगरहरूको वस्ती पाईन्छ ( अनुसूचीः १) ।

**मगर जातिको वर्तमान जनसङ्ख्याको अवस्था**

- २०५८ सालको जनगणना अनुसार १६,२२,४२१ मगर जनसङ्ख्या
- ७५ वटै जिल्लामा मगर जातिको उपस्थिति
- पाल्पा जिल्लामा ५०.९% मगरको जनसङ्ख्या
- वाग्लुङ्ग, रोल्पा, तनहूँ, प्युठान र म्याग्दीमा गरी ५ जिल्लामा प्रथम स्थान
- स्याङ्गजा, रुकुम, सुर्खेत र सल्यान गरी ४ जिल्लामा दोस्रो स्थान

उदयपुर, सिन्दुली, मुस्ताङ्ग, पर्वत, गुल्मी, अर्घाखाँची, डोल्पा र दाङ गरी ८ जिल्लामा तेश्रो स्थान त्यस्तै धनकुटा, ओखलढुङ्गा, रामेछाप, गोर्खा, रूपन्देही र जाजरकोट गरी ६ जिल्लामा चौथो स्थानमा मगरहरू रहेको पाइन्छ ।

## भाषा र संस्कृति

मगर जातिको आफ्नै गौरवमय संस्कृति, परम्परा, भाषा, भेष भुषा र ईतिहास छ । मगर जाति मातृभाषा र लोक संस्कृतिको हिसाबले धनी छ । मगरहरूको कैयौँ संस्कार हिन्दूकरण भैसकेको छ भने मगरहरूको वाहुल्य भएको कैयौँ स्थानमा हिन्दूकरण भैसकेको छैन । विशेष गरेर ब्राह्मण र क्षेत्री समाजको वाहुल्य भएको स्थानमा बसोबास गरेका मगरहरूको संस्कारमा हिन्दूकरण भैसकेको छ । मगर जातिको आफ्नै गौरवमय संस्कृति, परम्परा, भाषा, भेष भुषा र इतिहास छ । मगर जाति लोक संस्कृतिको हिसाबले धनि छ । मगर जातिको आफ्नै मौलिक रहन सहन, भाषा र संस्कारहरू केही पृथक पाईन्छ । जस्तै बिवाहमा मामा चेलीलाई ग्राह्यता दिनु, चोखो माया र फुको ठट्टा गर्ने, महिनावारि महिलाले नवार्ने, गन्धर्व बिवाह गर्ने, बिवाह गरे

पछि मात्र पछि टिका टालो र ढोग भेट गर्ने, जन्म मृत्यु, न्वारन, पास्नी आदिका संस्कार कार्यहरूमा ज्वाँई चेला र कन्या चेलीहरू बाट गराउने, पूजामा सुँगुर बली दिने, बुद्ध चण्डी पुर्णीमा मनाउने आदि चलन छ । चाडपर्वहरूमा मगर जातिले  साउने सक्रान्ति, माघे सक्रान्ति, चण्डी पूर्णीमा, दशैँ, तिहार, शिवरात्री, चैतेदशैँ, तीज, फागुपूर्णीमा आदि मनाउँदछन् (थापा मगर, २०६०: १०) । त्यस्तै मगरहरूको मौलिक संस्कारमा विवाह गर्दा वास्तवमा सिंदुर हाल्ने चलन हुँदैन । सिंदुरको साटोमा दाजुभाइहरू र गाउँका भलाद्मीहरू जम्माभै बुहारीको रूपमा स्वीकारी केटाको घरको दैलोमा भाले काटेपछि सिंदुर हाले सरहनै मानिन्छ (बराल, २०६२) ।

नेपालको राष्ट्रिय संस्कृतिमा मगर संस्कृतिको ठूलो योगदान छ । लोकसंस्कृतिमा मगर जाति अति धनी छ । गण्डकी, धौलागिरी, लुम्बिनी अन्चलमा अति लोक प्रियगीतहरू जस्तै :- यानीमाया, सालैज्वका बिभिन्न भाकाका गीतहरू, त्यस्तै रिसिङ्गमानै उद्गम् स्थल मानिएको अति लोकप्रिय बनेको कौह्रा गीत र नृत्य त्यस्तै सामयिक लोकसाँस्कृतिहरू घाँटु, नचरी, जिवैमामा, आदि मगर जातिको मात्र नभै सिङ्गो मुलुककोनै सम्पति हो (बराल मगर, २०६६:५) । सबै खालका जात जातिहरूलाई विभिन्न परिवेश, भौगोलिक अवस्था र समाजले चालचलन र संस्कारमा प्रभाव पारेको हुन्छ । त्यसैले मगरहरूमा पनि उत्तरी भेग र दक्षिणी भेगबाट आएका मगरहरूमा केही मिल्दा र केही भिन्न किसिमका रीतिरिवाज र संस्कारहरू पाइन्छन् । पुन मगरहरू जसको मुख्य थलो म्याग्दी, पर्वत र वाग्लुङ्ग हो उनीहरूले करपाकेली-फेमलाको पूजा गर्दछन् । यिनीहरूले कूल पूजामा गाइगोरुको पुच्छरको रौँ चढाउने गर्दछन् र भेडाको साँडे वली पनि दिने गर्दछन् । त्यस्तै थापा, राना, आलेहरू बराज्यू र मण्डलीको पूजा गर्दछन् र पूजामा सुँगुरको वलि दिन्छन् । उत्तरी क्षेत्रबाट आएका पुन मगरहरूले राँगा र भैँसी खाने गर्दछन् भने दक्षिण भेगबाट आएका मगरहरूले सुँगुर खाने चलन छ । यसरी यिनीहरूको बिचमा खानपानमा केही विविधता पाइन्छ । तर सबै खालका मगरहरूमा मामाको छोरी विवाह गर्ने परम्परागत चलन छ ।

मगर भाषाको स्थितिलाई हेर्दा २ प्रकारको देखिन्छ । पाल्पा, स्याङ्गजा लगायत पश्चिमाञ्चलका मगरहरू वोल्ने मगर भाषा र रोल्पा, रुकुम, वाग्लुङ्गको निसी र भुजी, डोल्पाको सहताराकोटका मगरहरू वोल्ने मगर भाषा । पहिलो खाले मगर भाषा भोट वर्मेली भाषा परिवार भित्र पर्दछ  भने दोश्रो खाले भाषा तिव्वती भाषा परिवारमा पर्दछ । पहिलो खाले भाषालाई वाह्र मगँराती भाषा र दोश्रो खालेलाई अठार मगँराती भाषा भनिन्छ । अठार मगँराती भाषा पनि खाम र काइके गरी दुई प्रकारका छन् (वराल मगर, २०६०) । थापा, राना र आले मगरहरूले बाह्र मगराँत भाषा वोल्दछन् भने पुन मगरहरूले आफूलाई अठार मगराँत अथवा खाम मगर ठान्दछन् । खाम कुरा वोल्दै आएकोमा पर्वत मल्लाजका राजाले प्रतिवन्ध लगाएकाले यो भाषा नजानेको भनाई पुन मगरहरूको छ (वराल, २०६२) । पश्चिम क्षेत्रका मगरहरू मगर

ढुट (कुरा) बोल्दछन् जसलाई बाह्र मगराँत क्षेत्र भनिन्छ भने मध्य पश्चिम क्षेत्रमा मगरहरू खाम भाषा वोल्दछन् । जसलाई खाम मगर वा अठार मगराँत क्षेत्र पनि भनिन्छ । डोल्पाको तारक खोलामा वस्ने मगरहरूले काइके भाषा वोल्दछन् ।

## ३.२ आदिवासी जनजाति आन्दोलनमा मगर

नेपाल जनजाति महासंघ मुलुक भरिका समस्त आदिवासी एवं जनजातिहरूको आस्था, विश्वास र एकताको गरिमामय प्रतीक संस्था हो । यसको जन्म नेपालको प्रजातान्त्रिक आन्दोलनका अङ्गका रूपमा जनजातिका मानवअधिकार, राजनैतिक तथा नागरिक अधिकार, आर्थिक सामाजिक तथा साँस्कृतिक अधिकार र समानताका आधारमा राज्य व्यवस्थामा सम्मिलित हुने र विकासको फलमा जनजातिको न्यायोचित हक स्थापना गर्ने आन्दोलनको रूपमा वि.स. २०४७ सालमा भएको हो (भट्टचन, २०६०) । नेपालमा स्पष्टतया दुई सम्प्रदाय छन्: एक आर्य सम्प्रदाय र अर्को मंगोल सम्प्रदाय । आर्य सम्प्रदाय भन्नाले भारतबाट नेपाल प्रवेष गरेका हिन्दू धर्मावलम्बीहरू हुन् । यीनीहरू वर्णाश्रम धर्मका कारण चार उच्च र निच जातमा विभक्त छन्, जस्तै ब्राह्मण, क्षेत्री, वैश्य र शुद्र । अर्को हो मंगोल सम्प्रदाय जसलाई नेपालका आदिवासी भनिन्छ जसको एउटै धार्मिक परिपाटि छैन । कतिपयले बौद्ध धर्म ग्रहण गरेका छन्, कतिले प्राकृतिक धर्मको अनुशरण गरेका छन् भने कतिपयले हिन्दू धर्म ग्रहण गरेका छन् । मंगोल सम्प्रदायभित्र विविध जनजातिहरू छन्, जस्तै तामाङ, गुरुङ्ग, मगर, राई, लिम्बु, थारु, नेवार आदि । त्यस्तै अल्पसङ्ख्यामा रहेका जनजातिहरूमा शेर्पा, थामी, जिरेल, सुरेल, हाँयु, मनङवा, धिमाल, लाप्चे, मेचे, राउटे आदि हुन् (तामाङ, २०६०) ।

२०४६ सालको आन्दोलन पछि जनजातिहरूमा केही बढी जागरण आउन थालेको पाईन्छ । तत्पश्चात् आदिवासी जनजातिहरूले आफ्नो पिरमर्कालाई संगठितरूपले व्यक्त गर्नको लागि २०४७ सालमा जनजाति महासंघको स्थापना गऱ्यो । शुरुमा यस महासंघमा १८ वटा जनजाति समुदायहरू आवद्ध भए र अन्य जनजाति समुदायहरू पनि आवद्ध हुने क्रम जारी रह्यो ।

आदिवासी जनजातिले देशको विभिन्न आन्दोलनहरूमा अग्रणी भूमिका निभाइ आएको कुरा सर्वविदितै छ । जसले देशको आधा आधि जनसङ्ख्या पनि ओगटेको छ । यसमा पनि मगर जातिको जनसङ्ख्या सबै भन्दा अग्रस्थानमा रहेको हुनाले मगरजातिले जनजाति महासंघबाट आयोजित कार्यक्रमहरूमा आवद्ध भै विभिन्न आन्दोलनहरूमा महत्वपूर्ण भूमिका खेल्दै आइरहेको छ । तसर्थ मगर जातिले आफ्नो जातीय सङ्गठनबाट मात्र आन्दोलनमा सहभागिता जनाएको छैन । यस जातिले देशमा प्रमुख राजनीतिक दलहरू साथै जातीय सङ्गठन र अन्य संघ संस्थाहरूमा पनि आवद्ध भएर देश र जनताको हितको खातिर आन्दोलनहरूमा सरिक

भै आइरहेको छ । तसर्थ यहाँ आदिवासी जनजातिको विषयमा पनि केही परिचय दिनु आवश्यक छ ।

नेपालमा आदिवासी जनजाति आन्दोलनमा मगरहरूको भूमिका कम महत्वपूर्ण देखिदैंन । जनसङ्ख्याको हिसाबले मगरजातिले आदिवासी जनजातिमा प्रथम स्थान ओगटेको छ । त्यस्तै अरु जातिहरू भन्दा मगरजातिले आफूलाई संगठित गर्दै विभिन्न आन्दोलनहरूमा अगाडि सारेको इतिहास पाइन्छ । निरंकुश पञ्चायती व्यवस्थामा पनि मगरहरूले आफ्नो सङ्गठन (नेपाल लाङघाली परिवार संघ) सुचारुरूपले सञ्चालन गरेका थिए जबकि कैयन आदिवासी जनजातिको सङ्गठन नै वनेको थिएन र वनेका सङ्गठनहरू पनि निष्कृय र शुसुप्त अवस्थामा थिए । २०४७ साल वैशाख २२ गते नेपाल जनजाति महासंघको स्थापना गर्न पनि मगरहरूको अग्रणी भूमिका रहेको थियो । त्यस्तै विभिन्न जातीय सङ्गठनहरूलाई संयोजन र समन्वय गर्ने जिम्मेवारी त्यतिवेला मगर सङ्गठनले निर्वाह गरेको थियो । महासंघको स्थापना पश्चात सचिवीय संरचनामा माहासंघको संस्थापक महासचिवको जिम्मेवारि पनि मगर समुदायका सुरेश आलेले गरेको थियो । त्यसै गरी आदिवासी जनजाति विद्यार्थीको माहासंघ गठन भए पछि प्रथम अध्यक्ष पनि मगर समुदायकै व्यक्ति थियो (आले, २०६६:१६) ।

त्यसैले नेपालको मगर जातिले आदिवासी जनजाति आन्दोलनमा कुनै न कुनै रूपमा महत्वपूर्ण भूमिका निभाउँदै आएको देखिन्छ । नेपालमा रहेको सबै जातिहरूमा तेश्रो ठूलो र आदिवासी जनजातिहरू मध्ये सबै भन्दा धेरै जनसङ्ख्या भएको समुदाय र देशभरी ७५ वटै जिल्लामा छरिएर रहेको जाति मगर जाति हो । नेपालमा आदिवासी जनजातिहरूले आफ्नो छुट्टै पहिचान र जातीय हकअधिकारका मुद्धाहरू उठाइरहेका छन् । तसर्थ पूर्व राजा ज्ञानेन्द्र शाहको प्रतिगामि कदम र प्रत्यक्ष शासनले नेपाली जनता र आफ्नो जातीय पहिचान र हक अधिकारका लागि आन्दोलन गरिरहेका नेपालका आदिवासी जनजातिहरूको सामाजिक साँस्कृतिक भाषिक तथा धार्मीक अधिकार समेत खोसिए पछि माहासंघको नेतृत्वमा राजनीतिक दलहरूद्धारा सञ्चालन गरिएको जन-आन्दोलन २ मा सक्रिय सहभागि भए । आन्दोलनको वेलामा पनि नेपालका आदिवासी जनजातिहरूले राज्यको पुनःसंरचना र समावेशी लोकतन्त्रको स्थापना लगायत अन्तराष्ट्रिय श्रम सङ्गठन माहासन्धि १६९ अनुमोदन गर्नु पर्ने जस्ता मुद्धाहरू सशक्त र व्यापक रूपमा उठाए (गुरुङ्ग, २०६६:२१) । यसरी मगर जाति जनसङ्ख्याको हिसाबले जनजाति आदिवासीहरू मध्ये पहिलो स्थानमा रहेको र जनजातिका विभिन्न आन्दोलनहरूमा महत्वपूर्ण भूमिका निभाउँदै आएको कारणले २०६२/०६३ को जन आन्दोलनमा पनि अदिवासी जनजाति माहासंघको तर्फबाटै महत्वपूर्ण भूमिका खेलेको पाइन्छ ।

आदिवासी जनजातिहरूले नेपालको कुल जनसङ्ख्याको झण्डै आधा भाग ओगटेको हुनाले राज्यको अभिन्न अंगको रूपमा रहँदा रहँदै पनि राज्यको विभेदकारी नीतिको कारण राज्य संयन्त्रको कुनै पनि निकाय र तहहरूमा समाहित हुन सकेको छैन । शिक्षा, स्वास्थ, रोजगार तथा अन्य सामाजिक सुविधाहरूमा उनीहरूको पहुँच औषत राष्ट्रिय पहुँचको तुलनामा अति न्युन छ । परिणाम स्वरूप नेपालका आदिवासी जनजातिहरू आफूहरूलाई राज्यको वर्गिकरणमा परेको महशुस गरीराखेका छन् । यस अर्थमा सामाजिक वर्गिकरणनै नेपालको दशवर्ष लामो हिंसात्मक द्वन्द्वको एउटा मूल कारण हो भन्ने कुरा सर्वस्वीकार्य तथ्य भएको छ (गुरुङ्ग, २०६६:३९) । तसर्थ मगर जातिहरू पनि २०६२/०६३ को जनआन्दोलनलाई सफल गराउनको निम्ति देश भरिनै विभिन्न राजनीतिक दलहरू र संघ सङ्गठनहरूमा आवद्ध भै मगर जातिकोतर्फबाट महत्वपूर्ण भूमिका निभाएको पाइन्छ । नेपालको बहुलवादी साँस्कृतिक समाजमा यहाँका आदिवासी जनजातिहरूलाई राष्ट्रिय राजनीतिक जीवनको मूलधार र विकास प्रक्रियामा समाहित गर्दै लानुपर्छ ।

## ३.३ मगर सङ्गठनको विकास र आन्दोलन

नेपालमा मगर आन्दोलनको इतिहास हेर्ने हो भने धेरै पुरानो छ । किनभने वि.सं. १९३३ मा जङ्गवहादुर राणाको निरङ्कुशताको विरुद्ध गोर्खा बुङ्गकोट बाट विद्रोह गरेर शहादत् प्राप्त गरेको लखन थापालाई नेपाली इतिहासमा पहिलो शहिदको रूपमा लिइन्छ । तर मगर जातिको जातिगत उत्थानको लागि संस्थागत प्रयास भने २००७ साल पछि मात्र शुरु भएको पाइन्छ । मगर जातिको एकताको लागि आधार र संगठित गर्ने विचारको अगुवाई शिक्षित मगरहरू बाट भएको तथ्य अस्वीकार गर्न सकिदैंन । त्यस्तै रोजीरोटीका लागि स्वदेश र विदेशमा बसी विभिन्न पदमा रही काम गरेका मगरहरूमा चेतनाको स्तर केही उच्च देखिन्छ । तसर्थ यस्ता शिक्षित र अग्रज मगरहरूको पहलमा समाजमा व्यापक अन्धबिश्वास, रुढीवादी, फजुल खर्चहरू हटाउन र मगर जातिहरूलाई संगठित गर्न पहल कदमी गर्दै आएको पाइन्छ । ती मगरहरूमा स्व. गिरीप्रसाद बूढाथोकी मगर, स्व. एकदेव आलेमगर र आदिकवि श्री जीतबहादुर सिंजाली मगरहरूको नाउँ जोडिन्छ । मगराँती साहित्यका आदिकवि श्री जितबहादुर सिंजाली मगर मगर समाज सुधार समितिको कार्यलय सचिव भएर काठमाण्डौमा बसी भाषिक जागरणमा पनि लागेका थिए । मगरहरूलाई संगठित गर्ने क्रममा पहिलो प्रयास तनहुँमा २०११ सालमा र २०१२ सालमा गुल्मी भार्सेमा मगर सुधार सङ्गठनको गठन भयो । त्यसपछि २०१४ सालमा महोत्तरी र तनहुँमा मगर समाज सुधारक सङ्गठन गठन भयो । वि.सं. २०२३/०२४ तिर काठमाण्डौंमा अध्ययनरत मगर विद्यार्थीहरूद्वारा मगरहरूको सङ्गठन खोल्ने प्रयास गरेको पाइन्छ (थापा, २०६६) ।

तालिका नं. ३

नेपाल मगर संघ विगत देखि वर्तमान सम्म महाधिवेशन

| | | | | |
|---|---|---|---|---|
| नेपाल लाङघाली परिवार संघ | प्रथम | दमौली | अध्यक्ष हेम ब.पुन | २०३९ |
| नेपाल लाङघाली परिवार संघ | दोस्रो | हेटौडा | अध्यक्ष कविराज पुन | २०४२ |
| नेपाल लाङघाली परिवार संघ | तेस्रो | नेपालगञ्ज | अध्यक्ष मानध्वज राना | २०४५ |
| नेपाल लाङघाली परिवार संघ | चौथो | काठमाण्डौ | अध्यक्ष गोरेब.खपाङ्गी | २०४८ |
| नेपाल मगर संघ | पाँचौ | दाङ | अध्यक्ष गोरेब.खपाङ्गी | २०५१ |
| नेपाल मगर संघ | छैटौं | नवलपरासी | अध्यक्ष गोरेब.खपाङ्गी | २०५४ |
| नेपाल मगर संघ | सातौँ | धरान | अध्यक्ष गोरेब.खपाङ्गी | २०५७ |
| नेपाल मगर संघ | आठौँ | कैलाली | अध्यक्ष यामब.बुढाथोकी | २०६० |
| नेपाल मगर संघ | नवौँ | काठमाण्डौ | अध्यक्ष झकब.थापा | २०६३ |

स्रोतः मगर सङ्गठन, कास्कीः २०६८

वि.सं. २०३८मा रूपन्देहीको आयोजनामा बुटवलमा विभिन्न संघ संस्थाहरूलाई समन्वय गरी एकीकृत रूपमा पोखरा कास्कीका श्री हेमवहादुर पुनको अध्यक्षतामा राष्ट्रिय स्तरको नेपाल लाङघाली परिवार तदर्थ समिति गठन भयो । यसले वि.सं. २०३९ फाल्गुन १५ र १६ गते दमौलीमा नेपाल लाङ्घाली परिवार संघको औपचारिक रूपमा स्थापना गऱ्यो । यसको सभापति हेमबहादुर पुन हुनुभयो । त्यसपछि क्रमशः २०४२ मा दोश्रो, २०४५ मा तेश्रो महाधिवेशन सम्पन्न भयो । २०४८ मा चौथो, २०५१ मा पाँचौ, २०५४ मा छैटौं, २०५७ मा सातौं महाधिवेशनहरू सम्पन्न भयो र यी चारवटै महाधिवेशनमा गोरेबहादुर खपाङ्गीनै अध्यक्ष पदमा चुनिनुभयो । २०६० मा आठौं सम्मेलन सम्पन्न भयो । यस लाङ्गघाली परिवार संघलाई २०४८ सालको चौथो राष्ट्रिय सम्मेलनमा यसको नाम रूपान्तरणगरी नेपाल मगर संघ भन्ने नामाकरण गरियो (बराल, २०६२) । नेपाल मगर संघको केन्द्रिय समितिको इतिहासमा सबैभन्दा बढी बर्ष अध्यक्ष पदमा रही काम गरेकोमा गोरेबहादुर खपाङ्गी मगरको नाम जोडिन्छ । यसरीनै गोर्खाका स्व. रणबहादुर आलेमगरको पनि उपाध्यक्ष पदमा रही लामो समयको संलग्नता देखिन्छ । कोषाध्यक्ष पदमा जिम्मेवारी पाएका मनबीर गर्बुजा मगरको पनि लामो समय संलग्नता रहेको पाइन्छ (थापा, २०६६) ।

मगर सङ्गठनहरूले २०४६ साल भन्दा पहिलाको अवस्थामा आफ्नो जातीय उत्थानको लागि आफ्नो संस्कृति, सभ्यताको संरक्षण र एकतामा वढी जोड दिंदै आएको पाइन्छ भने तत्पश्चातको दिनहरूमा प्रजातन्त्रको पुनः आगमन भएपछि समयनुकुल आफ्नो आन्दोलनमा

परिवर्तन ल्याउँदै जान थाले । २०४६ साल पछि जव बहुदलीय प्रजातान्त्रिक व्यवस्था आयो तव मानवअधिकारका कुराहरू आउन थाले । विभिन्न जात जातिहरूको सङ्गठन राजनीतिक दलहरू आदिवासी सङ्गठनहरू खोलीन थाले । त्यस्तै आफ्नो हक अधिकारका कुराहरू आ-आफ्नो ठाउँमा उठ्न थाल्यो । मगर जातिहरूमा पनि शिक्षाको विकास हुनुको साथै राजनीतिक चेतनामा वृद्धि हुन थाल्यो । यिनीहरू पनि विभिन्न राजनीति दलहरूमा आवद्ध हुँदै जान थाले । जसले गर्दा विभिन्न राजनीतिक दलहरू जस्तै एमाले, काँग्रेस, माओवादी भित्र पनि मगरहरूको भातृसङ्गठनहरू खोलिन थाल्यो । देशको शासन सत्तामा हामी पनि पुग्नु पर्छ भन्ने भावना जाग्न थाल्यो । जसको कारणले २०४६ साल भन्दा पहिलाको अवस्था भन्दा अवस्थामा नेपाल मगर सङ्गठन भित्र पनि धेरै परिवर्तन आउन थाल्यो । आफ्नो जातिबाट पनि समानुपातिक प्रतिनिधित्व, सहभागिता, राज्य सत्तामा पहुंचताका कुराहरू आउन थाल्यो । त्यस्तै जातीय स्वायत्तका कुराहरू पनि मगर सङ्गठनले उठाउँदै आएको पाइन्छ ।

जनजातिका गतिविधि र कार्यक्रमहरू प्रजातन्त्रको पुनर्स्थापना पछि मात्र वढी प्रभावकारी रूपले अगाडी बढ्न थाल्यो । यस पछि जव माओवादीका शसस्त्र आन्दोलनको शुरुवात भयो तव प्रजातन्त्र भित्र नयाँ कुराहरू आउन थाले । जातीय स्वायत्त शासनका कुराहरू समावेशी प्रजातन्त्र, राजनीतिमा सबै जाति, जनजाति वर्गको सहभागिता, समानता आदि कुराहरू राजनीतिको मूल विषय वस्तुको मुख्य मागको रूपमा अगाडी आउन थाले । तसर्थ २०४६ सालको आन्दोलनको मुख्य मागको रूपमा राजनीतिक स्वतन्त्रता अर्थात खुला राजनीतिक प्रणालीमा मात्र वढी केन्द्रित थियो भने त्यसपछि जव २०४६ सालपछि प्रजातन्त्रको पुनर्वहाली भयो तव प्रजातन्त्र भित्र धैरै कुराहरू समाहित हुँदै गयो । विभिन्न राजनीतिक दलहरूद्वारा, विभिन्न संघ सङ्गठनहरूद्वारा र बुद्धीजीवी वर्गहरूद्वारा जनताहरूमा राजनीतिक चेतनाको विकास हुँदै गयो । २०४६ सालमा पुनर्स्थापना भएको संसदीय प्रजातन्त्रले राज्यमा तमाम उपेक्षित, उत्पिडित, शोषित वर्ग र समुदायलाई राज्यको मुलधारमा समाहित गर्न सकेन । राजनीतिक दलका नेताहरू आफ्नो आफनो स्वार्थमा तल्लीन भए । प्रजातन्त्र मात्र दलीय नेताहरू र उनकै वरपरका मानिसहरूको लागि फलिफाप भयो । जनताहरूमा कुनै सुधार आउन सकेन । सरकारमा जाने गिराउने खेलमा नै नेताहरू व्यस्त हुन पुगे ।

आज नेपालको सन्दर्भमा प्रजातन्त्र भन्दा खाली राजनीति र प्रजातन्त्र मात्र वुझ्नु हुँदैन । आर्थिक क्षेत्रमा प्रजातन्त्र, सामाजिक क्षेत्रमा प्रजातन्त्र, साँस्कृतिक क्षेत्रमा प्रजातन्त्र साथै अन्य क्षेत्रमा प्रजातन्त्रको परिकल्पना नै वास्तवमा “जनताका निम्ति, जनताद्धारा र जनताबाट” वनेको व्यवस्था भन्न सकिन्छ ( खनाल, २०५८) । समावेशी लोकतन्त्र भनेको वास्तविक अर्थमा नेपालमा बसोबास गर्ने सबै वर्ग जात जाति, भाषा, धर्म, संस्कृति र सबै क्षेत्रको सही प्रतिनिधित्व

र सहभागिता सहितको व्यवस्था भन्ने बुझिन्छ । जवसम्म आम नेपाली नागरिकलाई यो व्यवस्था मेरो हो, यो सरकार मेरो हो र यो राज्य मेरो हो भन्ने महशुस गराउन सकिदैन तवसम्म जुनसुकै स्वरूप र नाम भएपनि त्यसलाई जनताको प्रजातन्त्र भन्न सकिदैन (कुँवर, २००५:१०३) ।

नेपालको हरेक आन्दोलन र युद्धमा मगर जातिको बलिदान रहेको छ तर जुन जाति र वर्गले देश र जनताको स्वतन्त्रताको लागि योगदान दिएको हुन्छ, त्यो जाति र वर्गनै राज्यद्वारा अपमानित र अधिकारविहिन हुनु दुखदायी पक्ष हो । प्रथम शहिद लखन थापाको निरंकुशता विरुद्धको विद्रोहदेखि दशवर्षे जनयुद्ध र ऐतिहासिक लोकतान्त्रीक जनआन्दोलन २०६२/०६३ मा मगर जातिको व्यापक सहभागिता र बलिदानी कीर्तिमानले पुष्टी गर्दछ । मगर जातिले आफ्नोलागि मात्र नभएर देश र जनताको लागि रगत बगाएको छ । आफू मरेर पनि इतिहास कोर्ने काम गरेको छ । तर शासकहरूले यसको सही मूल्याङ्कन गर्न सकेका छैनन् । पुरानो निरंकुश राज्य सत्तालाई ढालेर लोकतान्त्रिक गणतन्त्र स्थापना गर्न मगर जातिले निर्णायक भूमिका खेलेको छ (रोका मगर, २०६०:३४) ।

मगर जातिको आन्दोलन कुनै जातिको विरुद्धमा लक्षित छैन । यसले सामन्तवादी, अतिजातिवादी चिन्तनले ग्रसित ब्राह्मणवादी प्रविृतिको खिलाफमा आवाज उठाउँदै आएको छ तसर्थ मगर जातिको लडाँई कुनै जाति विशेषसंग नभएर राज्यले अवलम्वन गर्ने दमनकारी र विभेदकारी नीति विरुद्धमा छ । नेपाल मगर संघ विगतमा भाषिक, सांस्कृतिक र सामाजिक सवालमा वढी मात्रामा केन्द्रित थियो भने अहिले नेपालको वदलिँदो परिस्थितिलाई अध्ययन गर्दै राज्यधिकारको सवाललाई समेत मुख्य मुद्धाको रूपमा उठाउँदै आएको छ  (थापा मगर, २०६६:२६) ।

नेपाल मगर संघमा पनि वैचारिक संघर्ष नभएका होइनन् । मगर संघको छैटौं राष्ट्रिय माहाधिवेशनमा आएर वैचारिक भिन्नता खुलस्त रूपले देखियो । यसको मतलव मगर आन्दोलनले के, कस्ता उद्देश्य र मागहरू राखेर आन्दोलनलाई अगाडि वढाउने भन्ने हो । तसर्थ यसमा आदिवासी जनजाति मगरको साझा एकल अधिकार, आत्म निर्णयको अधिकार र स्वायत्तता थियो । यो विषयमा छैठौं माहाधिवेशनमा छलफल गर्न स्वीकृति दिइएन र अरु थप कार्यक्रमहरू मगराँत स्वायत्तता वारे सहमतिको स्थिति, जातीय, क्षेत्रीय र वर्गीय उत्पिडनको विरुद्ध उठेको दशवर्षे जनयुद्ध र जनआन्दोलन २०६२/०६३ ले सामन्ती शासन व्यवस्था ढालेपछि नेपालमा संघीय लोकतन्त्र स्थापना भयो । त्यसपछिको परिप्रेक्षमा आइपुग्दा मगर एकताको आधार मगर स्वायत्त शासन हुनु पर्ने विचारलाई नेपाल मगर संघले आफ्नो मूल मुद्धा वनाइसकेको छ । नेपाल मगर संघको हकमा यस्तो नीति आउनु एनेकपा (माओवादी) को जातीय, वर्गिय, क्षेत्रीय र भाषिक उत्पीडन बाट नेपाली जनतालाई मुक्त गराउने सही र वैज्ञानिक नीति हुनु नै मूल कारक

पक्ष मान्नु पर्दछ । यस वाहेक नेपालका अन्य आदिवासी जनजातिहरूको आत्मनिर्णयको अधिकार र स्वायत्तताको चाहनाले पनि मगर संघलाई त्यस दिनमा अघि बढ्न प्रेरित गरेको हो (थापा मगर, २०६६:१०) ।

मगर जातिहरूलाई आवद्ध र चेतना फैलाउने क्रममा विभिन्न संघ सङ्गठनहरू विभिन्न मितिमा यसरी स्थापना भएको पाइन्छ ।

- २०३६ सालमा काठमाण्डौमा नेपाल लाङघाली परिवार तदर्थ समिति,
- २०३८ सालमा नेपाल लाङघाली परिवार संघ,
- २०४८ सालमा लाङघाली परिवारसंघलाई नेपाल मगर संघमा नामाकरण,
- २०५१ सालमा नेपाल मगर विद्यार्थी संघ,
- २०५५ सालमा नेपाल मगर महिला संघ,
- २०५४ सालमा मगर राष्ट्रिय मुक्ति मोर्चा (एनेकपा माओवादी संबद्ध),
- २०६३ सालमा नेपाल लोकतान्त्रिक मगर संघ (नेकपा एमाले संबद्ध),
- २०६४ सालमा नेपाल आदिवासी जनजाति मगर समन्वय समिति,
- २०६५ मा नेपाल राष्ट्रिय मगर संघ (नेपाली काँग्रेस संबद्ध),
- २०६४ मा नेपाल मगर स्वशासित संघ (नेकपा एकिकृत संबद्ध) ।

यसरी विभिन्न समयमा विभिन्न संघ सङ्गठनहरू गठन गरिएता पनि सबै सङ्गठनहरूले मगर जातिको हक अधिकारको लागि आ-आफ्नो क्षेत्रबाट संघर्ष र विविध गतिविधिहरू गर्दै आइरहेका छन् । तर पनि सबै संघ सङ्गठनहरूलाई एकिकृत गर्दै साझा मुद्धालाई केन्द्रित गरी सबै एकै स्थानमा रहेर आन्दोलनको कार्यक्रमलाई उठाउँदा प्रभावकारी रूपमा निर्धारण गर्न सक्ने भएकोले संयुक्त मगरमञ्च नेपाल गठन भएको हो । यसरी २०६५ साल माघ १ गतेका दिन काठमाण्डौको खुला मञ्चमा संयुक्त मगर मञ्च नेपालको साझा अवधारणामा घोषणापत्रको सार्वजनिक भयो । संयुक्त मगर मञ्च नेपालले मगर एकताको लागि महत्वपूर्ण सन्देश दिएको छ ।

मगर जातिको हकहित र अधिकार स्थापित गर्न, जातीय विभेदको अन्त्य गर्न, आत्म निर्णयको अधिकार र जातीय क्षेत्रीय स्वशासनको आधारमा मगराँत स्वायत्त प्रदेशको स्थापना गर्न, समावेशी, सहभागिता र समानुपातिक प्रतिनिधित्व सुनिश्चित गर्न सम्पूर्ण मगरहरूमा राजनीतिक एकता र पारस्परिक सहयोग आदान प्रदान गर्न, समतामूलक समाज निर्माण गर्न र वृहद एकताको आधार तयार पार्ने यस मञ्चको मूल उद्देश्य रहेको छ (Baral, 2010) ।

मगरहरू विभिन्न राजनीतिक, सामाजिक संघ संस्थामा आवद्ध भएता पनि मगर जातिका समस्याहरू साझा भएको हुनाले साझा मुद्धामा केन्द्रित भएर मगर जातिको अधिकार

नयाँ संविधानमा सुनिश्चित गर्न र मगर स्वायत्त प्रदेश स्थापना गर्नको लागि नेपाल मगर संघको विशेष संयोजनमा स्थापना भएको मगर जातिको ऐतिहासिक संयुक्त मञ्च हो । यो एउटा मगर जातिको हक अधिकार सुनिश्चित गर्ने सकारात्मक पक्ष हो (थापा मगर, २०६६:२७) ।

यसरी संयुक्त मगर मञ्चको स्थापना हुनु भन्दा पहिला विभिन्न संघ सङ्गठनहरू स्थापना भैसकेका थिए र उनीहरूका आ-आफ्ना उद्देश्यहरू थिए र छन् र जसको कारणले २०६२/०६३ को आन्दोलनमा विभिन्न संघ सङ्गठनहरू मार्फत मगर जातिहरूले आ-आफ्ना मागहरू राख्दै आन्दोलनमा सहभागि भएका थिए । तसर्थ त्यस समयमा कुनै कुनै मागहरू साझा थिए भने कुनै कुनै मागहरू आ-आफ्नै किसिमका थिए । तर यस मञ्चको स्थापना भएपछि मगर जातिका मुद्दाहरू धेरै हदसम्म साझारूपले अगाडि बढेको पाइन्छ ।

## ३.४ कास्की जिल्लामा मगर सङ्गठन र मगर आन्दोलन

कास्की जिल्लामा रहेका मगरहरूमध्ये अधिकांस कालीनदी र यस वरपरका क्षेत्रहरूबाट वसाँई सरी आएको पाइन्छ । दक्षिण तिरबाट थापा, राना, आले मगरहरू र उत्तर तिरबाट पुन मगरहरू कास्कीमा आई बसोबास गरेको पाइन्छ । वाइसे चौविसे राज्यहरूको अस्तित्व भएको वेलामा जहाँ जहाँ पछि सम्म आफ्नै राज्य व्यवस्था कायम थियो । ती ठाउँका मगरहरूको भाषा र संस्कृतिमा मौलिकपना देखिन्छ । यी क्षेत्रहरू बाट कास्की जिल्लामा आइ बसोबास गर्दै आएका मगरहरूमा मगर भाषाको प्रयोग भएको देखिन्छ र यिनीहरूमा प्रकृति पुजकको विशेषता रहेको पाइन्छ । उत्तरी भागमा रहेका पुन मगरहरूमा क्षेत्री र ठकुरी राज्यहरूको अतिक्रमणले गर्दा त्यहाँ संस्कृतिकरण र हिन्दूकरण भयो जसले गर्दा त्यस क्षेत्रका मगरहरूले आफ्नो मौलिक भाषा र संस्कृति गुमाउन पुगे । तर वाग्लुङ्ग र म्याग्दीका माथिल्ला मगर गाँउहरूमा अझै पनि आफ्नै प्रकारको मौलिक संस्कृति रहेको कुरा पुन मगरहरू वताउँछन । शुरुमा मगरहरू प्रकृति पुजक थिए । पछि पछि बौद्ध र हिन्दुमार्गी हुन पुगे भन्ने भनाइ सान्दर्भीक नै देखिन्छ (वूढा मगर, २०६०) । जे होस कास्कीमा बसोबास गर्दै आइरहेका मगरहरूले सबै खाले संस्कृतिको प्रतिनिधित्व गर्दछन् । हामी मगर हौं भन्ने भावनाका साथ मगर जातिको हित, उत्थान र विकासका लागि थापा राना आले र पुन सबै मगरहरूले एकिकृत रूपमा कास्की पोखरामा मगर आन्दोलनको जग वसालेको छ ।

पश्चिमाञ्चल क्षेत्रको सदरमुकाम विश्वको सुन्दर पर्यटकीय नगर पोखरा र लेखनाथ नगरपालिका रहेको कास्की जिल्ला गण्डकी अंञ्चल भित्र पर्दछ । यहाँ पोखरा उपमहानगरपालिका र लेखनाथ नगरपालिका सहित ४३ वटा गा.वि.स.हरू छन् । यो जिल्ला २२ से २४ से राज्यहरूको समयको एउटा सानो राज्यको रूपमा थियो र यसको राजधानी कास्कीकोटमा रहेको

थियो । शुरुमा मानिसहरू पोखरा उपत्यका भन्दा वरिपरिका डाँडाकाँडाहरूमा बसोबास गर्दथे । विस्तारै उपत्यकाको विकास हुँदै आए पछि मानिसहरू उपत्यका भित्र सर्ने र बसोबास गर्ने क्रम वढ्दै जान थाल्यो । जव बि.स. २०१६ सालमा पोखरा नगरपालिका घोषणा हुँदा यहाँको जनसङ्ख्या जम्मा ४००० थियो । पछिल्लो २०५८ सालको जनगणना अनुसार पोखराको जनसङ्ख्या १,५६,३१२ पुगेको छ (अनुसुची १) ।

पोखरामा मूलत स्याङ्गजा, तनहुँ, पर्वत र म्याग्दीका मगरहरू बसोबास गर्न थालेको पाइन्छ । हाल पोखराको अठारवटै वडाहरू र लेखनाथ नगरपालिका भित्र गुरुङ्ग र मगर जातिका मानिसहरू बसोबास गर्दछन् । पोखराका नयाँवजार, दरवारथोक, नुवाथोक लगायतका क्षेत्रहरूमा मगरहरू पहिल्यै देखिनै रैथानेको रूपमा रहेको पाईन्छ । पोखरा, दरवारथोक, मूलथोक, मगरथोक, नुवारथोक, बुलौंदी, फिवा र छाब्दी आदि मगर भाषाका शब्दहरू भएका कारणले कास्की पोखरामा मगरहरू धेरै अघिदेखिनै थिए भन्ने कुराको पुष्टि हुन्छ (वराल, २०६२) । त्यस्तै निर्मल पोखरी, भरत पोखरी, लुम्ले, मोहरिया, कास्कीकोट, सराङ्गकोट आदि ठाउँमा मगर जातिका परम्परागत वस्तीहरू रहेका छन् । स्याङ्गजाको आलमदेवी, गोरखाको काली, मनकामना मन्दिर आदिमा जसरी प्राचीन समय देखि नै मगर पूजारीहरू छन् । त्यसरी नै कास्कीकोटको मन्दिरमा पनि मगर पूजारी नै रहेको पाइन्छ । यहाँका रानामगरहरूले वर्तमान समयमा पनि कोटको पूजा आजा चलाउँदै आएका छन् (बराल, २०६२) ।

नेपालमा रहेका १०१ जाति तथा जनजाति मध्ये कास्की जिल्लामा मात्रै ८२ जाति जनजातिहरू रहेका छन् । यहाँको पछिल्लो जनसङ्ख्या विवरण अनुसार पहिलो स्थानमा ब्राह्मण, त्यसपछि गुरुङ्ग, क्षेत्री, दलित, मगर नेवार र अन्य जात जातिहरू रहेका छन् । सम्पूर्ण जनसङ्ख्याको आधारमा मगरहरू पाँचौ स्थानमा रहेको छ र जनजातिको दृष्टिकोणमा दोस्रो स्थानमा रहेको छ (वराल, २०६२)

कास्की जिल्लामा हालकायम रहेका मगर सम्बन्धी संघ संस्थाहरूमा नेपाल मगर संघ कास्की, नेपाल मगर बुद्धिजीवि परिषद कास्की, नेपाल मगर विद्यार्थी संघ कास्की, नेपाल मगर महिला संघ कास्की, नेपाल मगर संघका प्रारम्भिक समितिहरू, मगर गुमष्ठा इम, पुन समाज कास्की, पुन युवा समाज पोखरा, पुन समाज नेपाल तदर्थ समिति र पुन आमा समूहहरू पर्दछन् । कास्की मगर संघमा ११ सदस्यीय संङ्गठनबाट शुरुभएकोमा हाल १९ सदस्य भएको छ (बराल, २०६२) । कास्की जिल्लामा अहिले सम्म विभिन्न ३० वटा प्रारम्भिक इकाई समितिहरू छन् । भरतपोखरीमा ३ वटा प्रारम्भीक इकाई समितिहरू छन् जसमध्ये उपल्लो पुँडि, तल्लो पुँडि र वागमारामा छ त्यस्तै थुम्की गा.बि.स. मध्ये रैकर र गैरी गाउँमा गरी दुईवटा प्रारम्भिक इकाई समितिहरू गठन गरिएको छ । मगरहरूले प्रायः सबै गाउँहरूमा इकाई समितिहरूको भवन

निर्माण गरेको पाईन्छ । कुनै कुनै गा.बि.स.मा इकाई समितिहरू गठन हुन सकेको छैन भने कुनै गा.बि.स.मा तीनवटा सम्म प्रारम्भिक इकाई समितिहरू पनि बनेका छन् ।

**पोखरा उपमाहानगर पालिकामा गठन गरिएका इकाई समितिहरूः**

१. दीप इकाई समिति २. छोरेपाटन इकाई समिति ३. बैदाम इकाई समिति ४. अर्चलबोट इकाई समिति ५. घारीपाटन इकाई समिति ६. माटेपानी इकाई समिति ७. रामबजार इकाई समिति ८. नयाँ बजार इकाई समिति ९. ढुंगेसाँघु इकाई समिति ।

**त्यस्तै लेखनाथ नगरपालिकामा गठन गरिएका इकाई समितिहरूः**

१. बूढीबजार इकाई समिति २. अर्घौं इकाई समिति ३. तालचोक इकाई समिति ४. ढुँगेपाटन इकाई समिति १४. तल्लो गगनगौंडा इकाई समिति १५. कालिका नगर इकाई समिति (माथिल्लो गगनगौँडा) । जम्मा ३० वटा इकाई समितिहरू मध्ये अरु बाँकि इकाई समितिहरू गा. बि. स. हरूमा गठन गरिएका छन् (स्रोतः मगर सङ्गठन कास्की) । यिनै प्रत्येक प्रारम्भिक इकाई समितिबाट आएका ५/५ जना प्रतिनिधिहरूद्वारा जिल्ला अधिवेशन हुन्छ । यसले आफूहरू मध्येबाट जिल्लाको नेतृत्व चयन गर्दछ ।

कास्कीको मगर संघ र मगर आन्दोलनमा लागेका नेतृत्व पङ्तिमा रहेका कतिपय व्यक्तिहरूले आफ्नो जिल्लामा मात्र सिमित नभएर केन्द्रिय नेतृत्व समेत सम्हाल्दै आएका छन् । जस्तै हेमबहादुर पुन, लोकबहादुर थापा मगर, एम.एस. थापा मगर, सुरेन्द्र थापा मगर, झकबहादुर थापा मगरले कास्कीको मगर आन्दोलनमा मात्र नभै केन्द्रीय मगर आन्दोलनमा समेत महत्वपूर्ण भूमिका निभाएका छन् । यसबाहेक प्रत्यक्ष नेतृत्वमा नरहेपनि नीति निर्माण र मगर आन्दोलनको दिशा तय गर्न प्रत्यक्ष अप्रत्यक्ष रूपले केन्द्रदेखि जिल्ला तहसम्म सल्लाहकारको भूमिका निभाउँदै आउनुभएका डा.केशरजङ्ग बरालको देन पनि महत्वपूर्ण देखिन्छ । त्यस्तै मगर संघको स्थापनाकालदेखिनै विभिन्न क्षेत्रमा सरसल्लाह र सहयोग पुऱ्याउँदै आउनुभएका सहप्राध्यापक मोतिश्वर थापाको पनि ठूलो देन छ । कास्कीको नेतृत्व पंक्तिमा रहँदै आउनुभएका खाका पुन शुरुका स्थापना कालमा सक्रिय रूपले लाग्नुभएता पनि पछिल्ला दिनहरूमा वाहाँ पुन समाजमा मात्र सिमित भएको देखिन्छ । बि. स. २०४९ मंसिर ६ गते नेपाल मगर संघ तदर्थ जिल्ला समितिको गठन गरी वि.सं. २०५० साल चैत्र २९ गते प्रथम जिल्ला अधिवेशन सम्पन्न गरी उक्त संघको नेतृत्व क्या.कृष्णबहादुर थापा मगरज्यूले २०६७ साल सम्म गर्दै आउनुभएको छ ।

सङ्गठनको अधिकांस पदहरूमा बेलायती र भारतीय भू.पू. सेनाका व्यक्तिहरूको वर्चश्व देखिन्छ । कास्कीका मगर आन्दोलनका अग्रजहरू बीचको आपसी द्वन्द्व र विवादका कारणले बि.स. २०५३ सालमा पुन समाज गठन हुन पुगी मगर समाजमा दुई सङ्गठन देखा परेको छ । यस

विषयमा पुन समाज नेपालका केन्द्रिय महासचिव खिमान पुन भन्नुहुन्छः नेपाल मगर संघ अथवा तत्कालिन लाङ्घाली परिवारको संस्थापक अध्यक्ष हेमबहादुर पुन, अध्यक्ष कविराज पुनहरू पुन समाजकै हुनुहुन्थ्यो तापनि कालान्तरमा आएर नेपाल मगर संघले मात्र पुन जातिहरूको छुट्टै भाषा संस्कृति अथवा भिन्दै पहिचानलाई संरक्षण गर्न सक्ने स्थितिहरू देखिएन तसर्थ पुनजातिको भाषा संस्कृतिको संरक्षण गर्नु पर्छ भन्ने उद्देश्यले २०६३ सालमा केन्द्रिय स्तरमानै पुन जातिको सङ्गठन "पुन समाज नेपाल" को स्थापना भयो । यदि कुनै समुदायले छुट्टै पहिचान बोकेको छ भने त्यो स्वतन्त्र हुनुपर्छ र राज्यको मूलधारमा ल्याउनु पर्दछ । आदिवासी जनजाति महासंघमा पुनसमाजको पहिचानको पहुँच जरुरी छ र एक जात बहुसुचीकृत हुनु पर्दछ भन्ने पुन समाजको अहिलेको माग छ ।

उपरोक्त कारणहरूले केही हदसम्म मगरहरूको बिचमा फुट आएको देखिन्छ तर दुबै थरीको नेतृत्वमा भने हामी मगर हौं भन्ने भावना रहेको हुनाले भविष्यमा एक जुट हुने सम्भावना भने त्यत्तिकै देखिन्छ । यस्तो फुट देखिँदा देखिँदै पनि सबै पूनहरूमा भने यस्तो भावना छैन किनभने मगर सङ्गठन नेपालमा पनि धेरै पुन जातिहरू आबद्धभै सक्रिय रूपले काम गर्दै आईरहेको देखिन्छ ।

**कास्की जिल्लामा मगर आन्दोलन :** कास्की जिल्लामा रहेका मगरहरूबिच आपसी सहयोग र सद्भाव अभिबृद्धि गर्दै मगर सभ्यता र संस्कृतिको संरक्षण र प्रबर्दनका लागि कास्कीका मगर आन्दोलनको मूल प्रवाह कास्की मगर संघनै हो । शुरुको अवस्थादेखिनै कास्की जिल्ला मगर संघले पनि मगर जातिहरूलाई एकताबद्ध गर्दै आफ्नो भाषा संस्कृतिमा जोड दिँदै आएको छ मगर संस्कार र संस्कृतिको संरक्षण गर्न बिभिन्न प्रतियोगात्मक कार्यक्रमहरू राख्दै आएको छ । मगर भाषा संस्कृतिको विकास र संरक्षणको लागि मगर संघ कास्कीले मगर विद्यार्थीसंघको सहयोगमा बेलाबेलामा भाषा कक्षाहरू सञ्चालन गर्दै आएको छ । तर गुरुङ्ग आन्दोलनले जसरी आफ्नो भाषामा जोड दिएको छ त्यस्तो मगर आन्दोलनमा देखिदैंन । मगरका नेतृत्वदायी भूमिका निर्वाह गर्दै आएका व्यक्तिहरूमा पनि भाषाप्रति धेरै रुचि र चाख पाइँदैन । जनगणना हुँदा पनि कुनै कुनै ठाउँमा सही तथ्याङ्क भेटिएको छैन, जस्तैः कास्कीकोटमै उल्लेख गरिएको जनगणना भन्दा वास्तविक जनसङ्ख्या बढी छ । मगर जातिको हितको निम्ति मगर महिला संघ र विद्यार्थी संघ मार्फत पनि बिभिन्न कार्यक्रमहरू सञ्चालन गर्दै आईरहेको छ । कास्की जिल्ला आन्दोलनलाई व्यवस्थित र संगठित बनाउने क्रममा कास्की जिल्ला भित्र आफ्नो प्रारम्भिक इकाई समितिहरू विस्तार गर्दै लगेको छ । मगर आन्दोलनको अर्को पक्ष धर्म हो । मगरहरू कुन धर्म मान्दथे र कुन धर्म मान्दछन् भन्ने विषयमा बिस्तृत अध्ययनको अभाव छ । मगर केन्द्रीय संघले निकालेको निष्कर्षको आधारमा मगरको धर्म बौद्ध लेखाउन भनी परिपत्र जारी

गरेको पाईन्छ  तर यो पूर्ण रूपले पालना भएको पाईदैन (बराल, २०६२) । मगरहरू आफूलाई बोन धर्म (प्राकृतिक पुजक) अथवा वौद्ध धर्मावलम्बी मान्दा मान्दै पनि हिन्दू धर्मको प्रभाव पनि त्यत्तिकै छ ।

२०३८ सालमा समाजसेवीको रूपमा परिचित खाका पुनको अध्यक्षतामा कास्की जिल्लामा लाङ्घाली परिवारको गठन भयो । शिक्षाको विकास विना मगरहरूको चेतनामा अभिवृद्धि नहुने निष्कर्षका साथ अग्रज मगर कार्यकर्ताहरूले विद्यालय सञ्चालन गर्ने लक्ष्य राखी तत्कालीन कार्यकर्ताहरू हेमबहादुर पुन, केशरजङ्ग बराल, जगतमोहन पुन, भगवान सिंह आले, क्या. कृष्ण बहादुर थापा, क्या. छविलाल राना, बलबहादुर आले, आर.वी थापा र तत्कालिन लाङ्घाली परिवारको सक्रियतामा मनकामना वोर्डिङ स्कूल खोलियो । त्यस्तै मगरदाताबाट प्राप्त जमिनमा शिव मन्दिर बनाई मगरहरू भेला हुने र कार्यक्रम गर्ने परम्पराको विकास थालियो । यसक्रममा स्कूलको सम्पति सम्बन्धी विवाद उत्पन्न शुरु हुन थाल्यो । जुन बिवादका कारणले पुन र थापा, आले, राना मगर बीचमा फाटो सिर्जना हुन थाल्यो र त्यही कारणले अहिले सम्म पनि मगरहरू बिभाजनमा फसेको छ (बराल, २०६२) ।

विभिन्न बिवादहरू हुँदाहुँदै पनि कास्कीका मगर जातिले आफ्नो जातिको उत्थान र एकताको विकास गर्न विभिन्न क्रियाकलापहरू गर्दै आएको पाइन्छ । कास्की जिल्लामा रहेका मगरहरू बिच आपसी सहयोग र सद्भाव अभिवृद्धि गर्दै मगर सम्यता र संस्कृतिको संरक्षण र प्रवर्दनको लागि कास्कीको मगर आन्दोलन अगाडि वढेको छ । शुरुमा जातीय एकता, भाषा संस्कृतिमा जोड दिँदै आएको आन्दोलनले समय र बदलिँदो राजनीतिक स्थिति अनुसार आन्दोलनको स्वरूपलाई पनि फराकिलो गर्दै आएको छ ।

## ३.५ सारांश

सारांशमा कास्की जिल्लाका मगरहरूले शुरुवातको अवस्थामा आफ्नो सभ्यता र संस्कृतिको संरक्षण र प्रवर्द्धनका लागि आन्दोलन अगाडी बढाउँदै यस जिल्लाको मगर संस्कार र संस्कृतिको जगेर्ना गर्न विविध कार्यक्रमहरू सञ्चालन गर्दै आएको पाइन्छ । घाँटु, सोरठी र कौह्रा नाचको आयोजना गर्दै भेषभुषा, भाषा र कर्मकाण्डको सुधारद्वारा मगरहरूको पहिचान बचाउने कामहरू गर्दै आइरहेको छ । कास्कीको मगर आन्दोलनमा मुख्यतः भू.पू. वेलायती सेनाको वर्चश्व रहेको देखिन्छ तथापी मगर बुद्धिजीवीहरूको देनलाई पनि कम भन्न मिल्दैन । २०३८ साल तिर लाङघाली संघको जन्म भई कास्कीमा मगर आन्दोलन र मगर क्रियाकलापलाई व्यवस्थित रूप दिने प्रयास गरिएको पाइन्छ । २०४८ भन्दा अगाडि मनकामना स्कूल, शिव मन्दिर र मसानघाटको निर्माण वाहेक अन्य मगर गतिविधिहरू ठोस रूपले

अगाडि बढ्न सकेको देखिदैंन । २०४९ सालमा नेपाल मगर संघ कास्की गठन भए पछि मात्र व्यवस्थित र नियमित रूपमा मगर गतिविधि र कार्यक्रमहरू सञ्चालन हुँदै गरेको पाइन्छ । यसरी २०४६ सालको प्रजातन्त्र प्राप्ती पछि मगर जातिमा पनि विस्तारै राजनैतिक चेतनाको विकास हुँदै आयो । मगर जातिहरू पनि विभिन्न राजनैतिक दलहरू साथै विभिन्न संघ संघठनहरूमा आवद्धभै आफ्नो परिवार र समाजका सदस्यहरूलाई राजनीतिक चेतनाको विकास गर्दै जान थाले । मगर जातिले राजनीतिमा सहभागिता जनाउनु पर्छ र हाम्रो जाति पनि नीति निर्माण तहमा पुग्नु पर्छ भन्ने भावना जाग्न थाल्यो । जसको फलस्वरूप आन्दोलनको शुरुवातको अवस्थामा जसरी आफ्नो सभ्यता, संस्कृति, भाषा र भेषभुषामा मात्र सिमित मगर जातिको आन्दोलन अलि फराकिलो रूपले देशको राजनीति तिर चासो देखाउँदै अग्रसर हुन थाल्यो ।

२०६२/०६३ को जनआन्दोलनमा आफ्नो छाता सङ्गठन मगर संघ कास्कीको तर्फबाट साथै विभिन्न राजनीतिक दलहरूमा आवद्ध भएर मगरहरूले महत्वपूर्ण भूमिका निभाउँदै आएको देखिन्छ । त्यस्तै नेपालको मगर जातिले आदिवासी जनजाति आन्दोलनमा पनि अग्रणी भूमिका निभाउँदै आएको छ । नेपालका सम्पूर्ण मगर सङ्गठनहरूको साथमा यसरी कास्की जिल्लाका मगरहरूले २०६२/०६३ को जनआन्दोलन पछिका दिनहरूमा पनि आफ्नो जातिको हक अधिकार सुनीश्चित गर्न र सम्पूर्ण नेपाली जनता र सिंगो देशकै विकासको निम्ति वेला वेलामा आवाजहरू उठाउँदै आएको पाइन्छ ।

# परिच्छेद - चार

## जनआन्दोलन २०६२/०६३ मा कास्की जिल्लाका मगरहरूको भूमिका

२०४६ सालको पहिलो जनआन्दोलन पछि जब देशमा प्रजातन्त्रको आगमन हुनुको साथै खुल्ला राजनैतिक प्रणालीको शुरुवात भयो, मनावअधिकार र प्रेस स्वतन्त्रताको कारणले जनताहरूले आफ्नो स्थितिको ज्ञात हुन थाल्यो । सबै जनजातिहरूको साझा सङ्गठन जनजाति महासंघको पनि स्थापना भयो जसको फलस्वरूप जनजातिहरू माथि भैरहेको शोषण, उत्पिडन, भेदभाव, असमानता र अपमानताको विरुद्ध संयुक्त आन्दोलनको आवश्यकता महशुस गरी आन्दोलन अगाडि बढाउन थाले । २०४६ साल पछि प्राप्त प्रजातन्त्रले जनताहरूलाई सचेत बनाउनु शिवाय देश र जनताको लागि खासै विकास गर्न सकेन उल्टै नेताहरू आफ्नै स्वार्थमा व्यस्त भए । यही परिवेशमा देशमा माओवादी गतिविधिहरू बढ्दै जान थाल्यो, दरवार हत्याकाण्ड पछि राजा ज्ञानेन्द्रको पुनः पञ्चायती शैलीको शासनको शुरुवात भयो ।

यी विभिन्न घट्नाक्रमहरूले २०६२/०६३ को जनआन्दोलन हुन गयो । जसमा मगर जाति पनि आन्दोलनबाट अछुत भएर बस्ने कुरा भएन तसर्थ विभिन्न राजनैतिक दलहरू र आफ्नो मगर सङ्गठनहरूमा आवद्धभै देश र जनताको लागि सक्रिय भूमिका निभाए । विगतका आन्दोलनहरूभन्दा यस आन्दोलनमा मगरजातिहरूको अझ उल्लेखनीय सहभागिता देखिन्छ । कास्की जिल्लामा विभिन्न मगर संघ संस्थाहरू मध्ये प्रमुख छाता सङ्गठन नेपाल मगर संघ कास्की, नेपाल मगर महिला संघ कास्की, नेपाल मगर विद्यार्थी संघ कास्की, नेपाल मगर संघ कास्कीका ईकाइ समितिहरू, मगर गुमष्ठा इम, पुन समाज कास्की, पुन युवा समाज पोखरा, पुन समाज र पुन आमा समूहहरू पर्दछन् । यहाँ रहेका मगर संघ संस्थाहरूको नेतृत्वमा रहेर यहाँका मगर जातिहरूले बिभिन्न आन्दोलनहरू गर्दै आइरहेका छन् । मगरहरू आफ्ना जातीय सङ्गठनहरू बाहेक  राजैतिक दलहरू संग सम्वद्ध विभिन्न मगर सङ्गठनहरू पनि छन् जस्तैः मगर राष्ट्रिय मुक्ति मोर्चा, नेपाल लोकतान्त्रिक मगर संघ, नेपाल राष्ट्रिय मगर संघ र नेपाल मगर स्वशासित संघ । जसको नेतृत्वमा मगर जातिहरूले सक्रियरूपले आन्दोलन गर्दै आएका छन् । कतिपय यी राजनैतिक संघ संस्थाहरू पछि मात्र स्थापना भएतापनि यी राजनैतिक दलहरूमा मगरहरू आवद्ध भएर आन्दोलनमा सहभागि भएका थिए । माओवादीको जनयुद्दकाल देखि २०६२/०६३ को ऐतिहासिक जनआन्दोलन सम्म मगर जातिहरूले उल्लेखनीय सहभागीताको साथै महत्वपूर्ण भूमिका निभाएका छन् ।

## मगर अभियान्ताहरूको अभिमत

यस परिच्छेदमा २०६२/०६३ को लोकतान्त्रिक जनआन्दोलनमा कास्की जिल्लाका मगरहरूले आफ्नो देश, जनता र आफ्नो जातिको हक हितको लागि के कस्ता भूमिकाहरू निभाएका थिए भन्ने विषयमा मगर अभियान्ताहरूको के कस्तो धारणा, विचार र दृष्टीकोण छ सो कुरालाई यहाँ प्रस्तुत गरिएको छ । प्रयोजनमुलक विधिका आधारमा मगर सम्बन्धी र उनीहरूको आन्दोलन सम्बन्धी विशेष सूचना दिने विशेष अभियान्ताहरूलाई संलग्न गरिएको छ ।

## ४.१ प्रजातन्त्र (लोकतन्त्र)

प्रजातन्त्र अंग्रेजी भाषाको Democracy को नेपाली रूपान्तर हो । Democracy ग्रीक भाषाको Demos र Kratia मिलेर बनेको हो । Demos को अर्थ जनता र Kratia को अर्थ शासन हुन्छ । प्रजातन्त्रमा कुनै वर्ग विशेषको नभै जनताको शासन हुन्छ र यसका अनेकौं स्वरूपहरू हुन्छन् ।

प्रजा भन्नाले subject लाई बुझिन्छ । नेपालमा निरंकुश व्यवस्था वा राजतन्त्रमा यो हुँदै आएको थियो तर लोकतान्त्रिक गणतन्त्र आईसकेपछि नेपालीहरू Subject बाट participant political culture मा आएका छन् । त्यसैले यहाँ प्रजातन्त्र भन्दा पनि लोकतन्त्र भन्ने शब्दको प्रयोग २०६२/०६३ को आन्दोलन पछि प्रयोग हुँदैआएको छ ।

प्रजातन्त्रको परिभाषा कसरी दिनुहुन्छ ? भन्ने सन्दर्भमा निम्न विचार प्रस्तुत गर्नुभएको छ ।

प्रजातन्त्र मानव जातिको आवश्यकता हो । मौलिक हक हितको लागि प्रजातन्त्र चाहिन्छ । प्रजातन्त्रमा सबै क्षेत्र वर्गको सहभागिता हुनुपर्छ । प्रजातन्त्रमा हैकमवाद हुनु हुँदैन । सबैले यो प्रणालीमा आफ्नो मागहरू राख्न सक्छन् (राना, २०६८/१/१५) ।

लोकतन्त्रको परिभाषामा जनताको नैसर्गिक अधिकार स्वयं जनतामा हुनुपर्छ । जनताले व्यक्तिगत विचार पोख्न स्वतन्त्र हुनु पर्छ । सामुहिक रूपमा कुनै जातजाति समूदायले संगठित भएर उसको समुदायको हक अधिकार प्राप्तिको निम्ति सङ्गठन खोल्न पाउनु पर्छ । प्रजातन्त्रमा आफ्नो अधिकार सुनिश्चित गर्न आवाज उठाउन सक्छन् । व्यक्तिगत स्वतन्त्रता र संस्थागत स्वतन्त्रताको खुला नीति हुनुपर्छ (पुन, २०६७/११/२८) ।

मानवलाई चाहिने प्रजातन्त्र हो । प्रजातन्त्र पहिलेनै आउनु पर्ने तर राजतन्त्रको शोषणले गर्दा आउन सकेन । प्रजातन्त्रको प्राप्ती भैसकेपछि यसको उपभोग पनि नेताहरूले गर्न जान्नु पर्‍यो । तर यहाँ प्रजातन्त्रलाई नेताहरूले आफ्नो झोला बनाएका छन् । प्रजातन्त्रलाई राम्रो तरिकाले उपभोग गरेर लाने हो भने देशको विकासमा यसले टेवा दिनुको साथै आर्थिक क्षेत्रमा समेत परिवर्तन ल्याउन सक्छ (थापा, २०६७/११/२०) ।

पहिलाको प्रजातन्त्रमा राजा थियो, अहिले छैन । राजा हटेपछि देशको स्थिति नाजुक छ । राजतन्त्र हटेपछि झन् धेरै राजाहरू भए । महङ्गीमा कुनै नियन्त्रण भएन । पहिला राजसंस्था हुँदा जति राम्रो थियो अहिले भएन । कसैले कसैलाई टेर्दैनन् सबै राजा हुन खोज्दछन् । देशमा अराजकता फैलिएको छ (राना, २०६७/११/२५ । लोकतान्त्रिक गणतन्त्रको नीति त राम्रो हो तर नीति अनुसार काम भएन । नीति, नियम र अनुशासित रूपले देशका नेता र जनताले काम गर्नुपर्छ । हामीहरूले अमेरिका, बेलायत लगायत धेरै देशहरूमा त्यहाँको शासन हेरियो जहाँ प्रजातन्त्र धेरै राम्रो छ, देशमा विकास भएको छ । जनताहरूले आनन्द तरिकाले जीवन बिताएका छन् तर यहाँ छाडा छ । यस्तो हुनु भएन । राम्रो देशको नक्कल गर्नु पऱ्यो (आले, २०६८/२/३०) ।

प्रजातन्त्र भन्नाले प्रजाको तन्त्र भन्ने वुझिन्छ । तर नेपालमा प्रजातन्त्रको आगमन भए जस्तो लाग्दैन । मगर जाति सोझो हुनाले आफूहरूको बिचमा प्रजातन्त्र थियो तर चेतनाको अभावले प्रजातन्त्र भन्ने यो समाज भित्र छैन किनभने यो समाज भित्र एकआपसमा कानुनी रूपले दमन थिएन । मगरहरूले पाउनुपर्ने अधिकार राज्यले दिनु पर्छ र त्यसको प्रयोग पनि गर्न जान्नु पर्छ । मगर लगाएत पिछडिएका जाति र वर्गहरूले लोकतन्त्र र गणतन्त्रको अनुभुती गर्न पाउनु पर्छ ( थापा, २०६८/२/२१) ।

प्रजातन्त्र भनेको हुनेले खाने नहुनेले टुलु टुलु हेर्ने पद्धति होइन । सबैले सम्मानपूर्वक बाँच्न पाउने पद्धति नै प्रजातन्त्र हो (थापा, २०६८/२/१९) । सबै जनताहरूलाई स्वतन्त्रता प्रदान गर्नु जनतालाई आफ्नो अधिकारको प्रत्याभूति हुनु, आत्मनिर्णयको अधिकार दिनु लोकतन्त्र भन्नु नै स्वतन्त्रता हो । सरकारका कुराहरू जे छन् सबैले वुझ्ने खालको हुनु पर्छ । लोकतान्त्रिक गणतन्त्रमा मगरहरूले आफ्नो हकहितको लागि आवाज उठाउँदै सम्वन्धित ठाँउमा पुग्न सक्छ । नीति निर्माण गर्ने ठाउँहरूमा पुग्न सक्छ । तसर्थ जुन वातावरण अहिलेको स्थितिमा दिन खोजीएको छ त्यो राम्रो पक्ष हो । तर वोल्न र राजनीति गर्न पाउने मात्र अहिलेको लोकतान्त्रिक गणतन्त्र होइन । यो लगायत जनताहरूको आर्थिक विकासमा पनि राज्यले पहल गर्नु पर्छ (पुन, २०६८/२/१८) ।

प्रजा भनेको जनता र तन्त्र भनेको शासन हो जसको अर्थ जनताको शासन भन्ने अर्थ लाग्छ । तर वास्तवमा यहाँ प्रजातन्त्र पूर्ण रूपले आएको छैन । वास्तविक प्रजातन्त्रमा जनताको सांच्चै शासन आउनु पऱ्यो तर यहाँ हुने खानेलाई मात्र प्रजातन्त्र आएको छ वाँकी ९०% जननताको समस्या समाधान हुन सकेको छैन । राष्ट्रपतीय शासकीय प्रणाली हुनु पर्दछ र यसमा कार्यकारिणी अधिकार दिनु पर्दछ । जसले गर्दा जनताले राष्ट्रपतिलाई सोझै छान्न सकोस । अहिलेको जस्तो संसदीय खेल हुनु हुँदैन । जसले गर्दा जनताको अधिकार छायाँमा पर्दछ ।

अहिलेको गणतान्त्रिक व्यवस्थामा भूमीहिन किसानलाई भूमिको व्यवस्था हुनु पर्छ । उत्पिडित, महिला, दलित जातिहरूलाई अग्रअधिकार, समावेशी, प्रत्यक्ष (आफ्नै जातिहरूको बिचको निर्वाचन), समानुपातिक निर्वाचन प्रणाली हुनु आवश्यक छ (पुन, २०६८/२/२५) ।

२००७ साल र २०४६ साल पछिको प्रजातन्त्रमा राजा थियो जसलेगर्दा जनताले पूर्ण अधिकार पाएका थिएनन् तर २०६२/०६३ को जनआन्दोलन पछि प्राप्त भएको प्रजातन्त्रलाई हामी लोकतन्त्र भन्छौं र यसमा राजा छैन र जनताले बोल्ने अधिकार पाएका छन् ( पुन, २०६८/४/५) ।

प्रजातन्त्र भन्नाले प्रजाको तन्त्र अथवा जनताको शासन भन्ने कुरालाई सारांशमा बुझ्न सकिन्छ । तर अहिलेको युगमा परम्परागतरूपले मात्र परिभाषा दिनु ठीक होइन अर्थात प्रजातन्त्र भन्नाले राजनीति गर्न, वोल्न र एकले अर्कालाई आरोप प्रत्यारोप लगाउन र जसले जे पायो त्यही गर्ने स्वतन्त्रता मात्र होइन । अहिले देशले आर्थिक रूपले विकास चाहिरहेको छ । सबै जाति वर्गहरू नीति निर्माण तहमा पुग्नु पर्ने खाँचो छ तसर्थ आर्थिक विकासको साथ साथै समानतामूलक, सहभागितामूलक राजनैतिक सहभागिता गरेर आमुल परिवर्तनको साथमा प्रजातन्त्रलाई संस्थागत गर्नु परेको छ । अहिलेको अवस्थामा सर्वसाधारण जनतालाई राहतको खाँचो छ । महंगी नियन्त्रण गर्नु पनि आजको प्रजातन्त्रको मूख्य कर्तव्य हो । तसर्थ प्रजातन्त्र भनेको हुनेले खाने नहुनेले टुलुटुलु हेर्ने पद्धति मात्र बनाएनु हुँदैन । सबैले समानरूपले बाँच्न पाउनु पर्दछ । केही ठालुवर्गलाई मात्र यसको फाइदा हुनु हुँदैन । सबैले यसको फल चाख्नु पर्छ । यसको साथसाथै प्रजातन्त्र भनेर छाडा नीति पनि हुनु हुँदैन यसको नियन्त्रण सरकारले गर्नु पर्छ ।

## ४.२ नेपालका क्रान्तिहरू

क्रान्ती अथवा आन्दोलन भन्नाले वर्तमान स्थितिबाट अगाडि फड्को मार्नु हो । अथवा यसलाई परिवर्तन पनि भन्न सकिन्छ । जसरी नेपालमा २००७ सालमा निरंकुश राणाशासनको विरुद्ध क्रान्ती भयो, त्यसरीनै २०४६ साल र २०६२/०६३ मा पनि निरंकुश पंचायति शासन र राजसंस्था बिरुद्ध आन्दोलन भयो । यसरी नेपालमा समयअनुसार फरक फरक स्वरूपको आन्दोलन भैआएको छ ।

२००७, २०४६ र २०६२/०६३ मा नेपालमा भएका आन्दोलनहरूबाट प्राप्त प्रजातन्त्रमा कस्तो भिन्नता पाउनु भयो ? भन्ने सवालमा निम्न विचारहरू प्राप्त भयो ।

यी तीनवटै आन्दोलनको उद्देश्य एउटै हुँदा हुँदै पनि भिन्नता छ । २००७ सालमा प्रजातन्त्र भन्ने कुरा सिमित व्यक्तिहरूमा रह्यो तर ठूला र माथिल्ला वर्गको साथमा राजा मिलेर पञ्चायती व्यवस्था ल्याए तसर्थ २००७ सालमा स्थापित भएको प्रजातन्त्र दह्रो खालको थिएन । २०४६ सालमा प्राप्त भएको प्रजातन्त्रमा केही परिमार्जन भयो र केही अधिकार जनतालाई दिइयो तर अहिले २०६२/०६३ पछि प्राप्त भएको लोकतान्त्रिक गणतन्त्रमा राजसंस्था नै विस्थापित भएको छ । सबै क्षेत्रलाई समेट्ने कोसिस भएको हुनाले पहिलाको भन्दा यो उत्तम खालको देखिन्छ तर कार्यन्वयनको पक्ष भने कमजोर छ । आर्थिक विकास हुन सकेको छैन । व्यवस्थित रूपले अगाडि लानु पर्ने देखिन्छ (राना, २०६८/१/१५) ।

२००७ सालको प्रजातन्त्रमा अर्ध प्रजातन्त्र प्राप्ती भयो । जहाँ नेपाली काँग्रेस र अरु पार्टीहरूले पनि  क्रान्ति गऱ्यो । राजा र क्रान्तिकारी पक्षले सरकार गठन गरेता पनि पूर्ण प्रजातन्त्र थिएन । शासन राजामानै निहित थियो । क्रान्तिकारीहरूले संविधानसभाको माग गरेता पनि राजाले दमन गरे । २०४६ साल अलि फरक थियो । २०४६ सालको प्रजातन्त्रले राजालाई संविधान भित्र राखेता पनि राजालाई केही अधिकार दिएको थियो । तर पछि पछिको अवस्थामा राजाले नै वढी शक्तिको कसरत गरेको पाइयो । जसले गर्दा जनताको पूर्ण प्रजातन्त्र देखिएन । त्यही कारणले २०६२/०६३ को लोकतान्त्रिक गणतन्त्रमा धेरै फरक छ । जस्तै शुरुमा नेपाली काँग्रेसले राजा विनाको प्रजातन्त्र हुँदैन भन्ने आदर्श वोके तापनि पछिका दिनहरूमा राजा विनाको गणतन्त्रलाई समर्थन गऱ्यो र राजसंस्था विस्थापित पनि भयो । यसरी गणतन्त्र आए पनि जनतालाई कस्तो अधिकार दिने हो भन्ने कुरा हेर्न बाँकीनै छ (पुन, २०६७/११/२८) ।

२००७ सालमा प्रजातन्त्र आएता पनि राजावादी र राजा मिलेर निरंकुश पञ्चायती व्यवस्था ल्याईदिइ हालेकोले प्रजातन्त्रको अभ्यास हुनै पाएन । २०४६ सालमा आएको प्रजातन्त्रले पनि राजतन्त्रले गर्दा नै प्रजातन्त्रलाई दवायो र २०६२/०६३ मा आएको प्रजातन्त्रमा जनताले आफ्नो खुशीले काम गर्न पाएका छन् तर नेताहरूले प्रजातन्त्रको सही उपयोग गरेका छैनन् जसलेगर्दा कुनै वेलामा प्रजातन्त्र प्रति कुठराघात पो हुने हो कि भन्ने डर पनि छ (थापा, २०६७/११/२० ) ।

२००७ सालको त्यति थाहा भएन । २०४६/०४७ को आन्दोलनपछि प्रजातन्त्र आयो तर अहिलेको जस्तो साह्रै मनपरि थिएन । कमसेकम कानुन लाग्दथ्यो । तर २०६२/०६३ पछि भने शान्ति शुरक्षा राम्रो भएन । बहुदलको अर्थ अनर्थ भयो । मान्छेलाई डर भएन । पहिलाको प्रजातन्त्रमा राज्यसत्ताले मात्र चलाउने र उपभोग गर्ने प्रजातन्त्र आयो अहिले अलि फरक छ । जनताले पहिला प्रजातन्त्र भन्ने कुरा त्यति वुझ्न पनि सकेन र नेताहरूले वुझाउन पनि चाहेनन् तर अहिलेको स्थिति अलि फरक छ जनताले अलि वढी अधिकार पाउन खोजेको हो जस्तो छ ।

२००७ सालमा राणा शासन हट्यो ठीकै भयो । तर प्रजातन्त्रको अरु अभ्यास भएन २०४६ सालमा पञ्चायतलाई हटाए देशमा धेरै दल र नेताहरू देशको विकास गर्छौं भनेर निक्लिए तर देशलाई विकास गर्न सकेनन् । फेरि २०६२/०६३ को लोकतन्त्र आयो राजालाई हटाए नयाँ र शक्तिशाली पार्टी जंगलबाट आए तैपनि देश र प्रजातन्त्रलाई खासै केही गर्न सके जस्तो छैन । आ-आफै कुर्सी तानातानमा व्यस्त छन् हेरौं के, गर्छन भविष्यमा । यत्रो समय गइसक्यो अहिलेसम्म केही गर्न सकेका छैनन् (राना, २०६७/११/२५, पुन र २०६८/२/१८), आले, २०६८/२/३० ।

२००७ सालमा राणा हटाउने मात्र आन्दोलन थियो । त्यतिवेला सिमित खालको प्रजातन्त्र आयो । २०४६ पछिको प्रजातन्त्रमा धेरै पढेलेखेको युवाहरू सहभागी थिए तसर्थ युवावर्गले ल्याएको परिवर्तन मान्न सकिन्छ । २०६२/०६३ को प्रजातन्त्र राजाहटाउ आन्दोलन भयो र नयाँ खाले अनुभव ल्याउन नयाँ नीति र नयाँ अनुहार जनताले खोजे । यसमा गाउँठाउँका मगरहरू आन्दोलनमा सरिक भए (थापा, २०६८/२/२१) ।

२००७ सालको प्रजातन्त्रमा राणाशासन हट्यो । पद्धतिको र उपलब्धीको हिसाबले खासै पछि पछिको आन्दोलनमा पनि तात्विक फरक भएन । २०६२/०६३ को जनआन्दोलनले लोकतन्त्रको नारा ल्यायो तर वास्तविक लोकतन्त्र गरिबको झुपडिमा आउन सकेन । नारायणहिटी दरवारबाट राजतन्त्र त हट्यो पात्र फेरिए प्रवृति उही रह्यो । राजनीतिक दलहरूमा भुरे टाकुरे राजाहरूको हावि रहिरह्यो । आखिर पुरानो रक्सी नयाँ वोतल झै छ (थापा, २०६८/२/१९) ।

२००७ सालको प्रजातन्त्रमा राणा शासन हट्यो बाँकी जनताको समस्या सामाधान हुन सकेन । त्यसपछिको अवस्थामा त राजतन्त्र नै शक्तिमा आइहाल्यो । २०४६ सालको आन्दोलन पछिको प्रजातन्त्रमा जनताको वैचारिक विकास भएता पनि संवैधानिक राजतन्त्रको शक्तिको साथै केही प्रतिशत व्यक्तिहरूको बिचमानै शक्ति केन्द्रित भयो जसले गर्दा पञ्चायती शासन भन्दा केही फरक भएता पनि जनताले खासै केही पाउन सकेन । अर्थात रूपहरू फेरिए तर सार आउन सकेन । २०६२/०६३ को आन्दोलन पछि पनि ब्राह्मणवादी एकात्मक र केही समय राजतन्त्रात्मक शासन रही रह्यो । देशमा चारवटा अन्तरविरोधहरू रहिरहेको छ जस्तै :- १) जातीय २) लिङ्गीय ३) वर्गीय ४) क्षेत्रीय जसको कारणले देशमा राजनीतिक सामाजीक आर्थिक समस्याहरू सामाधान हुन सकिरहेको छैन । यसरी २०६२/०६३ को प्रजातन्त्रमा पहिलाको भन्दा केही भिन्नता त छ तर यसले पनि जनताको स्तरमा परिवर्तन ल्याएर प्रजातन्त्रलाई संस्थागत गर्न सकेको छैन (पुन, २०६८/२/२५) । २००७ सालमा जाहानियाँ राणाशासन फालियो साथै तत्कालिन अवस्थामा संविधानसभाको कुरा पनि उठ्यो तर त्यो त्यत्तिकै तुहियो । २०४६ सालमा पञ्चायति व्यवस्था फालियो । २०६२/०६३ मा राजतन्त्र फालियो ।

जनताहरू धेरै सचेत भए । जनजातिहरूमा समावेशीका कुराहरू आयो । आफ्ना अधिकारका कुराहरू धेरै आईरहेका छन् । तर जनताले अहिलेसम्म सबै पाईसक्यो भन्न मिल्दैन । समावेशीको कुरामा पनि ३३% लाई अलि बढाउनु पर्दछ र पूर्णरूपले समावेशी लोकतन्त्र हुनुपर्छ (थापा, २०६८/४/१०) ।

२००७, २०४६ र २०६२/०६३ बाट प्राप्त भएको प्रजातन्त्र अवश्य पनि फरक छ । मानिसहरूको चाहना इच्छा जहिले पनि समयको परिवर्तन अनुसार फरक फरक हुँदै जान्छ । जबकी २००७ सालको अवस्थामा अधिकांश मानिसहरू अशिक्षित थिए । राजनीतिक चेतना केही व्यक्तिहरूमा मात्र थियो । अधिकांश मानिसहरूमा राजनीतिक संस्कार र चेतनाको विकास भएको थिएन । तसर्थ १०४ वर्ष सम्मको राणाहरूको निरंकुश शासनबाट मात्र उन्मुक्त हुनको लागि राजनीतिक नेता र जनताहरू आन्दोलित भए र निरंकुश राणा शासन हट्यो । यही नै प्रजातन्त्रको उपलब्धी भयो र जनताहरू पनि यसैमा सन्तुष्टि देखियो । नेताहरू पनि  राजनीतिक दलहरू खुल्ला भैदिनाले यसैमा प्रजातन्त्र प्राप्ति भएको महशुस गरे । तर यो प्रजातन्त्र पनि २०१७ सालमा कोपिला मानै राजा महेन्द्रबाट निमोठियो र ३० वर्षसम्म पञ्चायतले शासन गर्‍यो । यसपछि २०४७ सालमा पुनः प्राप्त भएको प्रजातन्त्रमा २००७ सालको तुलनामा जनताहरूको चाहनामा केही परिवर्तन अवश्य देखियो । विभिन्न संघ सङ्गठनहरू पनि खुल्दै गए ।  जनताहरू पहिलेको तुलनामा राजनैतिक रूपले चेतनशील भैसकेका थिए । राजालाई संवैधानिक वनाइयो तर देशले प्रजातन्त्र त पायो तर पनि पुराना  ठालु वर्गमा नयाँ ठालुहरू थपिए, तात्विक रूपले खासै उपलब्धी हासिल गर्न सकेन । समयको परिवर्तन अनुसार प्रजातन्त्रको परिभाषामा पनि परिवर्तन आउन थाल्यो र २०६२/०६३ मा प्रजातन्त्र मात्र होइन लोकतान्त्रिक गणतन्त्रको लहर आयो राजसंस्था विस्थापित भयो । माओवादी पार्टीले नयाँ मागहरू ल्याउन थाले । जनताको संविधान बनाएनको लागि संविधानसभाको चुनाव पनि भयो तर पनि आजसम्म खासै देशमा परिवर्तन हुन सकेको छैन । नयाँ संविधान बन्न सकिरहेको छैन । नेताहरू आपसमा कुर्चीको लागि हानथाप गर्न छाडेका छैनन् । तसर्थ पात्र फेरिए प्रवृति उही रह्यो अथवा नयाँ वोतलमा पुरानो रक्सी भन्ने उक्ती मिल्दो जुल्दो नै देखिन्छ । राजनीतिक दलहरूमा उही केही ठालु वर्गको नै प्रभुत्व रहेको देखिन्छ । सर्वसाधारण जनताहरूले खासै केही प्राप्त गर्न सकिरहेका छैनन् ।

## ४.३ अधिनायकवाद र प्रजातन्त्र

प्रजातन्त्रको ठीक विपरित अर्थ दिने शब्द नै अधिनायकवाद हो किनभने अधिनायकवादमा जनताको इच्छाअनुसार शासन चल्दैन मात्र शासकको वोलावाला हुन्छ र उसकै इच्छाअनुसार

निरंकुशताको शासन चल्दछ । तर प्रजातन्त्रमा जनताले चाहेजस्तो शासक र शासन हुन्छ र जनता अधिकार सम्पन्न हुन्छन् ।

अधिनायकवाद र प्रजातन्त्रमा कुनमा मगरहरूले आफ्नो हित देख्छन् भन्ने प्रश्नको उत्तरमा विभिन्न संघ सङ्गठनमा आवद्ध व्यक्तिहरूले निम्नलिखित विचारहरू व्यक्त गर्नुभयो ।

शुरु शुरुमा समेटेर लाने समयमा हैकमवादी चरित्र देखाउनु परेता पनि कालान्तर सम्म यसलाई लानु हुँदैन । पछि पछिको अवस्थामा गएर प्रजातन्त्रलाईनै अगाल्नु पर्छ । हाम्रो इतिहासले पनि त्यो कुरालाई देखाउँछ (राना, २०६८/१/१५) । अधिनायकवादी भन्दा प्रजातन्त्र नै ठीक छ । प्रजातन्त्र विना देशको विकास हुँदैन । देशको प्राकृतिक स्रोतहरू उत्खनन् गर्न पनि प्रजातन्त्र नै चाहिन्छ । कम्युनिष्टहरूलाई अधिनायकवादी भनिएता पनि अहिले समय सापेक्ष परिवर्तन भै प्रजातन्त्रमानै विश्वास गर्दै आएको देखिन्छ (पुन, २०६७/११/२८)) । मगरहरू राजनीति क्षेत्रमा अलि कमजोर छ तर वास्तवमा मगरहरूले वुझ्ने हो भने अधिनायकवाद भन्दा प्रजातन्त्रमा वढि विश्वास गर्‍यो भने विकास छिटो हुन्छ जस्तो लाग्दछ (थापा, २०६७/११/२०) ।

अधिनायकवाद ठीक होइन तर प्रजातन्त्रमा पनि मगरहरूको हित भएको देखिएको छैन । लोकतन्त्रको लागि मगरहरूले धेरै खुन बगाए जसको फलस्वरूप लोकतन्त्र पनि ल्याउन सफल भयो तर मगरहरूले केही पाउन सकेको छैनन् । मगरहरू परम्परा कालदेखि नै प्रजातन्त्रमा विश्वास राख्ने जात भएको हुनाले अधिनायकवादमा विश्वास गर्दैन र प्रजातन्त्रमानै आफ्नो विकासको विश्वास गर्दछ । आफू आफू बिचमा पनि दमन गर्ने नीति छैन (राना, २०६७/११/२५ र थापा, २०६८/२/२१) । प्रजातन्त्रले नै मगरहरूको हित गर्दछ । अधिनायकवादमा मगरहरूले दमनमा वस्नु पर्‍यो । त्यसकारण मगर जाति लगायत सबैको विकास प्रजातन्त्रले नै गर्दछ । राणा शासन जस्तो अधिनायकवाद ठीक होईन । प्रजातन्त्र नै ठीक हो तर प्रजातन्त्र भने पनि वेलायत अमेरिकाको जस्तो हुनुपर्छ जहाँ नेताहरूले जनता र देशको लागि काम गर्दछन तर यहाँको छाडा प्रजातन्त्र देश र जनतालाई ठीक छैन (पुन, २०६८/२/१८) र आले, २०६८/२/३०) ।

प्रजातन्त्र भन्दा अरु त विकल्प नै छैन । प्रजातन्त्र नै चाहिन्छ । तर west minister प्रणालीमा अहिलेको प्रजातन्त्रको मागलाई थेग्न सक्दैन । आर्थिक रूपले पनि विकास चाहन्छन् ( थापा, २०६८/२/१९) । वास्तविक जनताकै लागि हित हुने खालको प्रजातन्त्र नै भयो भने त प्रजातन्त्र नै ठीक हो । तर अहिलेको जस्तो मुठी भरका व्यक्तिहरूको लागि मात्र हालि मुहाली हुने प्रजातन्त्र हो भने ठीक हुँदैन । प्रजातन्त्रमा जनताको शासन भयो भने मगर जातिको पनि हित हुन्छ । सम्पन्न वर्गको अधिनायकवादमा मगर जातिको हित हुँदैन किनभने मगर जाति स्वयं पिछडिएको जाति हो । विपन्न वर्गको अधिनायकवाद भयो भने मगर जातिको हित हुन्छ । नेपालको परिप्रेक्षमा ९०% जनता विपन्न वर्गका छन् तिनको पक्षमा प्रजातन्त्र हुनुपर्छ (पुन,

२०६८/२/२५) । प्रजातन्त्रको नाममा पनि अधिनायकवादका चरित्रहरू दखिन्छन् किनभने प्रजातन्त्रमा पनि थोरै शासकवर्गको हातमा शक्ति हुन्छ जसले अधिकांश जनताहरूमा शासन गरेको पाईन्छ । प्रजातन्त्रको नाममा गुण्डागर्दि चलेकै देखिन्छ (थापा, २०६८/४/१०) ।

मगर जाति स्वभावैले सोझो र इमान्दार जाति हो र उसले आफ्नो समाज र परिवारमा पनि अरुको दमन चाहँदैन र स्वतन्त्रप्रेमी जात भएको हुनाले स्वभावैले प्रजातन्त्र प्रति आस्था राख्दछ र आफ्नो जातिको विकासको निम्ति प्रजातन्त्रलाई नै महत्व दिन्छ । तर प्रजातन्त्र भनेर जसले जे पायो त्यही गर्ने र प्रजातन्त्रको नाउँमा सबैलाई अवसर दिनुको साटो केही ठालुवर्गहरूले मात्र देशको शासन सत्ताको वागडोर लिने र प्रजातन्त्रलाई वोल्न र अरुलाई आरोप प्रत्यारोप लगाउनुमा मात्र यदि सिमित गर्ने हो भने यस्तो प्रजातन्त्रले मगर जातिको हित हुन सक्दैन । प्रजातन्त्रमा पिछडिएको वर्ग जातिहरूलाई राज्यले समान अवसर दिन्छ भने मगर जातिको पनि हित हुन सक्छ नत्र भने कुरालाई भाषणमा मात्र सिमित गर्ने र वास्तविक अधिकार यदि दिन कञ्जुस्याँई गर्ने हो भने यस्तो प्रजातन्त्रले मगर जातिको खासै विकास र हित गर्न सक्दैन । तसर्थ यस्तो स्थितिमा कतिपय ठाउँमा राज्यले आफ्नो शक्तिको पनि परिचालन गर्नु पर्दछ । अर्थात कतिपय ठाउँहरूमा राज्यले अंकुश पनि लाउनु पर्छ । जस्तैः- अहिलेको स्थितिमा छाडा बजार नियन्त्रणको खाँचो छ । महँगी नियन्त्रण गर्नु आवश्यक छ यदि छाडा छाड्ने र सबै संघ संस्थालाई स्वतन्त्र छाड्ने हो भने यस्तो खालको प्रजातन्त्रले गरिव जनता र देशको केही विकास गर्न सक्तैन । यसले मात्र माथिल्लो वर्गलाई पोस्ने काम गर्दछ ।

## ४.४ मगरहरूको जनआन्दोलन- २ मा सहभागिता

२०६२/०६३ को दोस्रो ऐतिहासिक जनआन्दोलनमा सबै जातजाति लगायत आदिवासी जनजाति सबैनै सहभागी भएका थिए । जसमा मगर जाति पनि पन्छिएर बसेन र निरंकुश शासनको विरुद्धमा र आफ्नो हकहित र अधिकारको लागि सक्रियरूपले सहभागी भए ।

विभिन्न व्यक्तिहरूसँग लिइएको अन्तरवार्ताको शिलशिलामा मगरवादी सङ्गठनहरूले किन आन्दोलन गरे भन्ने प्रश्नको प्रतिउत्तरमा निम्न विचारहरू व्यक्त गरेको पाइयो ।

आन्दोलनको सन्दर्भमा पुरै देश नै उर्लेको अवस्थामा कुनै जात जाति पछि रहने कुरा भएन । तर मगर सङ्गठनले जनजातिको अवस्था माथि उठाउनु पर्ने हुनाले मगर सङ्गठन पनि आफ्नो जातिको हितको लागि केही गर्छ की भन्ने भावनाले २०६२/०६३ को आन्दोलनमा लागेका हुन् । राजनीतिक पार्टीहरूले पनि जातीय हितका कुराहरू लिएर गएको हुनाले र मगर संघले पनि सो सोच राखेको हुनाले आन्दोलनमा सहभागिता भएको हो (राना, २०६८/१/१५) ।

जनआन्दोलन २०६२/०६३ मा सबै जात जातिले साथ दिएको हो । जनसङ्ख्याको हिसाबमा मगरहरूले बढी साहादत प्राप्त गरे । पार्टीगत हिसाबले र जनजाति सङ्गठनको हिसाबले मगरहरू धेरै आन्दोलनमा उत्रीए (पुन, २०६७/११/२८) ।

राजतन्त्रको शोषण र थिचोमिचोको कारणले नै मगरवादी सङ्गठनहरूले आन्दोलन गरे जसको फलस्वरूप गणतन्त्र ल्याउन पनि सफल भए । मगर जाति लगायत अरु पिछडिएका जातिहरूले पनि राजतन्त्रको विरुद्धमा आन्दोलन गरे (थापा, २०६७/११/२०) ।

आफ्नो जातिको हितको लागि आन्दोलन गरियो तर उपलब्धी केही हुन सकेको छैन (राना, २०६७/११/२५) । समयनुकुल आफ्नो जातित्वको पहिचानको निम्ति र आफ्नो इतिहासको अस्तित्व राख्नको लागि संगठीत भएर आन्दोलन गरे (थापा, २०६८/२/२१) । सबैभन्दा पहिला आफ्नो जातिको हितको लागि र त्यसपछि सबै पिछडिएको जाति वर्गको लागि आन्दोलन गरियो । आदिवासी जनजाति आन्दोलनमा पनि सक्रियपूर्वक भाग लिइयो तर उपलब्धी केही हुन सकेको छैन (आले, २०६८/२/३०) ।

जातीय मुक्तिको निम्ति संघर्ष गरे तर वास्तवमा राजनीतिसंग आवद्ध भएर संघर्ष गरेको छैन । अर्थात आफै बुझेर आन्दोलनमा सक्रियता देखाएको छैन (थापा, २०६८/२/१९) । मगरवादी सङ्गठनहरूले आफ्नो मगर जातिको हक अधिकारको निम्ति आन्दोलन गरे । मगरवादी सङ्गठनहरू धेरै भएता पनि सबैको एउटै मञ्च छ जसको नाम संयुक्त मगर मञ्च हो । जसले मगरहरूको हक अधिकारको लागि सबै मगर सङ्गठनहरूसँग समन्वय गरेर काम गरिराखेको छ । जसमा नेपाल मगर संघ आवद्ध भएर मगरहरूको हक अधिकारको निम्ति आवाज उठाइराखेको छ (पुन, २०६८/२/१८) । राजनैतिक पार्टिहरूसंग संलग्न मगर सङ्गठनहरूले आन्दोलनमा बढी सक्रिय भएर लागे त्यसमा पनि मगर राष्ट्रिय मुक्ति मोर्चा अझ बढी सक्रिय देखियो । मगरजातिलाई राजनैतिक पार्टिहरूले पूर्णरूपले परिचालन गरेको पाईयो । मगरहरूलाई धेरै कुराहरू दिने आश्वसानले गर्दा पनि मगरहरू आन्दोलनमा होमिए (थापा, २०६८/४/१०) ।

मगरहरू विभिन्न सङ्गठनहरूमा आवद्ध भएर आन्दोलन गरे । तर सामाजिक हितको कुराहरू मात्र गरेर हुँदैन । राजनीतिक विचारलाई अलग राख्नुहुँदैन किनभने राजनैतिक विचारले सबै क्षेत्रहरू जस्तैः- आर्थिक, सामाजिक, साँस्कृतिक सबै पक्षलाई राजनीतिले नै परिचालन गर्दछ । राजनीतिक संघर्षविना सबै अपुरो रहन्छ । तसर्थ मगरवादी सबै सङ्गठनहरूको शुरुशुरुको स्थितिमा आन्दोलनमा सक्रिय भूमिका नदेखिए तापनि पछि पछिका दिनहरूमा ऐक्यवद्धता गर्दै आन्दोलनमा सक्रिय सहभागीता देखाएकै हो । मगर राष्ट्रिय मुक्ति मोर्चाको प्रसङ्गमा २०६२/०६३ को आन्दोलन पहिले र त्यसवेला पनि प्रत्यक्ष अप्रत्यक्ष रूपबाट

महत्वपूर्ण भूमिका निभाएको हो । मगर राष्ट्रिय मुक्ति मोर्चाले राजनीतिक रूपमा आवद्ध भएर जनमुक्ति सेनामा पनि ठूलो भूमिका निभायो । कास्की जिल्लाको आन्दोलनमा पनि रिङ्ग वेल्टका मगरहरूले ठूलो भूमिका निभाएको थियो जसले केन्द्रका मगरहरूलाई पनि आन्दोलीत बनाएर जागरुक गराउन सफल भयो (पुन, २०६८/२/२५) ।

राजतन्त्रलाई फाल्न र एकल धर्मलाई हटाई धर्मनिरपेक्ष राज्य स्थापना गर्नको निम्तिनै पुन युवा समाज आन्दोलनमा उत्रिएको थियो । पुन समाजले आधिकारिक रूपमा आन्दोलनमा जाने घोषणा नगरेपनि पुन युवा समाजको नेतृत्वमा पुन समाजका बूढापाकाहरू पनि जुलुशमा सहभागि भए । १९ दिने आन्दोलनका सबै दिनहरूमानै पुन युवा समाज सहभागि भएको थियो (पुन, २०६८/४/५) ।

मगरवादी सङ्गठनहरू मध्ये मुख्य छाता सङ्गठन मगर संघ नेपालको नेतृत्वमा कास्की जिल्ला मगर संघले पनि आन्दोलनमा सक्रियता पूर्वक भाग लिएको हो र यसमा मगरहरूले आफ्नो जातीय पहिचान र उत्थानको लागि सक्रिय सहभागीता जनाए । यस लगागत राजतन्त्रको शोषण र दमनकारी नीतिबाट उन्मुक्ति पाउन पनि मगरहरूले आन्दोलन गरे । मगर जातिहरू व्यक्तिगत रूपले पनि विभिन्न राजनैतिक दलहरूमा आवद्ध थिए । तसर्थ विभिन्न राजनीतिक दलहरूसँग निकट मानिएका मगर सङ्गठनहरूले पनि आन्दोलनमा सक्रिय रूपले भाग लिएको पाइन्छ । त्यस्तै पुन युवासमाजको नेतृत्वमा अधिकांश पुनसमाजका बूढापाका, महिला र युवा युवतीहरू सबैनै सहभागिता भएको पाईन्छ । यसरी मगरहरूले विभिन्न सङ्गठनहरूमा आवद्ध भएर नभएर आफ्नो जातीय उत्थानको साथै सिंगो देशको राजनीतिक परिवर्तनको लागि आन्दोलन गरे ।

## ४.५ लोकतान्त्रिक आन्दोलन

विगतका आन्दोलनहरूमा राजसंस्थासहितको प्रजातन्त्रको उपलब्धि भएको थियो भने २०६२/०६३ को जनआन्दोलनले राजसंस्था विस्थापित गरेर लोकतान्त्रिक गणतन्त्रको स्थापना गरेको छ । यस आन्दोलनले विभिन्न उपलब्धिहरूको साथै समस्याहरू पनि ल्याएको छ । आन्दोलनका उपलव्धिहरू र समस्याहरू के कस्ता रहे भन्ने सन्दर्भमा मगर कार्यकर्ताहरूको निम्न धारणाहरू पाइयो ।

खुल्ला ठाउँमा बोल्न पाइने स्थिति भयो । ठाउँमा गएर कुराहरू राख्न पाइयो । गणतन्त्रको स्थापना भयो । यति हुँदा हुँदै पनि प्रजातन्त्रको संस्थागत विकास हुन सकेन ।

प्रजातन्त्रको दुरूपयोग भएको छ नेताहरूमा तँछाड मछाड प्रवृति देखिँदै गयो । राम्रो पक्षलाई पनि अरु पार्टीहरूले विरोध गर्ने प्रवृति रह्यो (राना, २०६८/१/१५) ।

उपलब्धिहरूमा लोकतान्त्रीक गणतन्त्रको प्राप्ति, संविधानसभाको चुनाव, विभिन्न सङ्गठनहरू खोल्न पाउनु । समस्याहरूमा जनताहरूको अझै पनि मागहरू पुरा हुन नसक्नु तसर्थ अझै पनि विभिन्न ठाउँमा शसस्त्र आन्दोलन हुनु, संविधान बन्न नसक्नु देशमा विकास कार्य हुन नसक्नु आदि (पुन, २०६७/११/२८) ।

उपलब्धिहरू मध्ये राजतन्त्रलाइ विस्थापित गर्नु र प्रजातन्त्रको स्थापनाले गर्दा स्वतन्त्र रूपले आफ्ना भावनाहरू पोख्न पाउनु स्वतन्त्र रूपले काम गर्न पाउनु आदि रहे भने समस्याहरू पनि साथसाथै रह्यो जस्तैः- नेताहरूले जनताले सोचे जस्तो कामहरू गर्न नसक्नु, संविधान बनाउन नसक्नु, दिगो शान्ति ल्याउन नसक्नु हालको स्थितिमा सरकार गठन गर्न नसक्नु, माओवादीको सेना समायोजन गर्न नसक्नु, माओवादी पार्टीले आफ्नो सेनाको आढमा देशलाई धम्की दिनु आदि समस्याहरू रहे (थापा, २०६७/११/२०) ।

उपलब्धिहरू भन्दा पनि धेरै समस्याहरू रहे । मगर जातिहरूलाई वलि दिएर अरुले धेरै फाइदा लुटीरहे । जातीय राज्यहरू त्यति राम्रो कुरा होइन पछि गएर जाति जाति बिचमा लडाँई गराउन सक्छ (राना, २०६७/११/२५) र थापा, २०६८/२/२१) । उपलब्धि खासै भएको छैन तर समस्याहरू भने धेरै छन् । देशमा मंहगी वढेको छ सुरक्षा र शान्ति छैन आदि (आले, २०६८/२/३०) ।

उपलब्धिहरूमा गणतन्त्रको स्थापना भयो, राजसंस्थाको विस्थापना भयो, धर्म निरपेक्षता आयो, संघीय राज्यको अवधारणा आयो र समस्याहरूमा जुन परिवर्तनहरू हामीले ल्यायौं त्यसलाई संस्थागत गर्न सकिएको छैन । त्यस्तै नेपालको राजनीतिमा विधमान गोलचक्कर जस्तैः- आन्दोलन, संझौता र प्रतिगमन । यो समस्या पहिला पनि थियो र अहिले पनि त्यही स्थिति नदोहोरिएला भन्न सकिदैंन (थापा, २०६८/२/१९) ।

आ-आफ्नो पेशामा लागिरहने मगरहरूलाई राजनीति भन्ने के, हो त्यति थाहा थिएन तर आन्दोलनले मगरहरूमा राजनीतिक चेतना वढ्यो सहभागिता वढ्यो र राजनीतितिर चासो देखाउन थाले । देशको नीति नियम निर्माण प्रक्रियामा मगरहरू पनि सहभागी हुन पर्दोरहेछ भन्ने चेतना जाग्यो । आफ्नो पहिचानको निम्ति अग्रसर हुँदै आउन थाल्यो । यी आदि कुराहरू उपलब्धीहरू भए तर समस्याहरू पनि रहे । जस्तै :- अझ पनि हाम्रो जातिमा राजनीतिक पहुँचतामा कमि नै छ । समानुपातिक प्रतिनीधित्वको हिसाबले राजनीतिक पहुँचमा राज्यले पुऱ्याउनु पर्छ । राज्यसँग टाढाको स्थितिमा हुनाले राज्यको प्रत्येक महत्वपूर्ण स्थान र कार्यहरूमा संलग्नता गर्नु पर्छ (पुन, २०६८/२/१८) ।

उपलब्धिहरूमा एकात्मक राजतन्त्रको अन्त्य गणतन्त्रको स्थापना, हिन्दूराज्यको अन्त्यको साथै धर्म निरपेक्ष राज्यको स्थापना भयो तर उपलब्धिहरू संस्थागत हुन नसक्नु यसका समस्याहरू हुन् । जातीय, क्षेत्रीय, लिङ्गीय र वर्गीय समस्याहरू छन् । यसको समाधानको लागि क्षेत्रीय र जातीय आधारमा संघीय राज्य बनाउनुपर्छ (पुन, २०६८/२/२५) । आन्दोलनका उपलब्धिहरूमा निरंकुश राजतन्त्रको अन्त्य, लोकतन्त्रको स्थापना आदि पर्दछन् भने समस्याहरूमा ठूला दलहरूमा प्रतिवद्धताको कमिले गर्दा लोकतन्त्रलाई संस्थागत गर्न नसक्नु, महंगी नियन्त्रण गर्न नसक्नु, शान्ति प्रक्रिया अहिले सम्म टुङ्गो लाग्न नसक्नु आदि पर्दछन् (थापा, २०६८/३/१०) । आन्दोलनका उपलब्धिहरूमा राजतन्त्रको अन्त्य, धार्मिक निरपेक्षता, लोकतन्त्र आदि हुन् भने यसका समस्याहरूमा सरकारमा बसेर नागरिक समाजको कुराहरू नसुन्नु, नयाँ संविधानको अहिले सम्म टुंगो नलाग्नु त्यस्तै अरु उपलब्धिहरू पनि खासै हुन नसक्नु आदि (पुन, २०६८/४/५) । उपलब्धिहरूमा गणतन्त्रको स्थापना, राजनैतिक चेतनाको लहर, त्यस्तै पछाडि परेका समुदायहरूले आफ्नो हक हित र अधिकारको लागि आफ्ना आवाजहरू ठाउँमा गएर उठाउन सके । त्यस्तै पढ्न र जागिरकै सन्दर्भमा अवसरहरू पाउन थाले । तर यति हुँदाहुँदै पनि विभिन्न समस्याहरू रहेका छन् । जस्तै लोकतन्त्र संस्थागत हुन नसक्नु, अहिले सम्म संविधान बन्न नसक्नु, देशमा शान्ति प्रक्रियाको टुङ्गो नलाग्नु आदि यसका समस्याहरू रहेका छन् (थापा, २०६८/४/१०) ।

उपरोक्त विभिन्न व्यक्तित्वहरूको धारणालाई समेटेर समग्रतामा हेर्दा आन्दोलनका उपलब्धिहरू मध्ये मुख्यत राजतन्त्रको विस्थापना र लोकतन्त्रको स्थापना नै हो । यस लगायत संविधानसभाको निर्वाचनलाई पनि प्रमुख उपलब्धिको रूपमा लिन सकिन्छ । तथापी आजसम्म संविधान बनाएन र बन्न नसक्नु आफैमा आन्दोलनको कमजोरी र समस्यामा पर्दछ । त्यस्तै संघीयताको धारणा आउनु पनि उपलब्धि अन्तर्गत नै पर्दछ तर यसैसंग जोडिदै जातीय आधारमा संघीयता बनाउने कुरा लगायत संघीयताकै कुरा पनि केही राजनैतिक दलहरूले समस्याको रूपमा खडा गर्दै आइरहेको पनि छ । यी विभिन्न उपलब्धि र समस्याहरू लगायत मूख्य कुरा जुन २००७ साल २०४६ साल पछि पनि प्राप्त भएको प्रजातन्त्र संस्थागत हुन नसकेर तुहिँदै गएको स्थितिमा अहिले प्राप्त भएको लोकतान्त्रिक गणतन्त्र पनि आज सम्म संस्थागत हुन नसक्नु सबै भन्दा कमजोरी पक्ष रहेको छ । तसर्थ उपलब्धिहरूलाई संस्थागत गर्दै लानु आजको अपरिहार्यता हो । नेताहरूले कुर्चीको लागि मात्र तँछाड मछाड नगरी जनतालाई राहत दिनु पर्दछ । होइन भने यो उपलब्धि पनि दिगो नभै पहिलाकै स्थितिमा तुहिएर नजाला भन्न सकिन्न ।

## ४.६ आन्दोलनका प्रक्रियाहरू

मगर संघ कास्कीले आदिवासी जनजाति समन्वय परिषद कास्कीद्वारा आयोजित २०६३/१/५ गतेको र्‍यालीमा उपस्थितभै देशमा जारी आन्दोलनप्रति एक्यवद्धता जनाई सक्रिय सहभागिता जनायो । त्यस्तै पुनः आयोजीत २०६२/१/१३ गतेको र्‍यालीमा पनि सहभागि हुँदै महत्वपूर्ण भूमिका निभायो । त्यस्तै आन्दोलनको प्रक्रियाहरूमा शुरुका दिनहरूमा शान्तिपूर्ण भएतापनि पछिल्लो चरणहरूमा मुठभेढको स्थिति भयो । यसै सन्दर्भमा आन्दोलनका प्रक्रियाहरू कस्तो रह्यो भन्ने धारणा बुझ्दा विभिन्न व्यक्तिहरूको यस्तो धारणा पाइयो ।

सशस्त्र र शान्तिपूर्ण दुवै किसिमको रह्यो (राना, २०६८/१/१५) । माओवादी जस्तो भूमिगत पार्टीलाई जंगलबाट वाहिर ल्याए पछि शान्ति सम्झौता भयो । एक आपसमा पार्टीहरू बिच मत भिन्नता भएता पनि आन्दोलनको प्रक्रिया संतोषजनक थियो ( पुन, २०६७/११/२८) ।

आन्दोलनको क्रममा मगर सङ्गठनले राजनीति पार्टिले जस्तो ढुंगा मुढा गरेनन् नारा जुलुस चक्का जाम गर्ने काम गरियो । आदिवासी जनजातिका कार्यक्रमहरूमा संलग्न भएर आन्दोलनमा भाग लिईयो । आर्मी प्रहरिबाट अस्रुग्यास, हवाइ फायरको पनि सामना गर्नु पर्‍यो (थापा, २०६७/११/२०) । केन्द्र र जिल्लाको निर्देशन अनुसार आन्दोलनमा गईयो । ग्याँस खाइयौ चाइना पुलमा ढुंगा र मुढा भयो । आर्मीसंग पनि विभिन्न ठाँउहरूमा झडप भयो (राना, २०६७/११/२५) । जुलुशहरूमा सहभागी हुँदै गइयो । कहिले काँहि पुलीस र आर्मीसँग झडप पनि भयो । मगरहरू एक भएर आफ्नो हितको निम्ति अगाडि बढ्नु पर्छ भन्ने सन्देश मगर सङ्गठनहरूको थियो । जसले आन्दोलनमा सहभागिता वढ्यो । त्यसको साथै आदिवासी जनजातिहरूको आव्हानमा सबै एक जुट भएर विभिन्न जुलुशहरूमा सहभागी भइयो (पुन, २०६८/२/१८) । केन्द्र र जिल्लाको निर्देशनमा हामीहरू इकाईको प्रतिनिधित्व गर्दै आन्दोलन गइयो जुलुसमा सहभागी भयौं । ढुँगामुढा ग्याँसको सामना गर्नु पर्‍यो (आले, २०६८/२/३०) ।

जंगलबाट निस्किएका माओबादी भित्रका मगरहरूले आफ्नो जातिहरूलाई आन्दोलनमा उत्रन प्रोत्साहित गरे । शसस्त्र र शान्ति दुवै किसिमको प्रक्रियाहरू अपनाइयो । माओवादी भित्रका मगरहरूले शसस्त्र आन्दोलन पनि गरे (थापा, २०६८/२/२१) ।

शुरु शुरुमा शान्तिपूर्ण तरिकाकै रह्यो तर पछि पछि आन्दोलनको उत्कर्ष प्रतिरोधमा जान थाल्यो र संघर्षमा उत्रन थाल्यो । गोली चल्न थाल्यो गोलीको सामना गर्नु पर्‍यो अन्तमा हिंसात्मक रूप लिन थाल्यो । कति ठाँउमा ढुंगा मुढा भए । सामान्य घाइते भइयो (पुन, २०६८/२/२५) । हामी पुन युवा समाज विभिन्न दिनहरूको जुलुशमा व्यानर सहित सहभागि भयौं । निषेधित क्षेत्र

तोडनेक्रममा महेन्द्रपुल र सेतीपुल क्षेत्रहरूमा झडप भयो । त्यस्तै आन्दोलनको वेलामा हाम्रो युवा क्लवको तर्फबाट रु.१५००० रेडक्रस मार्फत सहयोग गऱ्यौं (पुन, २०६८/४/५) ।

हामी मगरहरू केन्द्रीय कमिटी र जिल्ला कमिटीको निर्णयअनुसार आन्दोलनमा सहभागि भयौं । आन्दोलनको वेलामा भैरहवामा थिएँ र म त्यहाँनै मगर संघको निर्णय अनुसार जुलुशमा सहभागी भएँ । भैरहवाको ठुटेपीपल, वुद्धचोक, बुटवलमा जुलुश र ऱ्यालीहरू भयो त्यसमा सहभागी भैयो तर त्यहाँ झडप भने भएन (थापा, २०६८/३/१०) ।

मगर विद्यार्थीको आन्दोलनमा पृथ्वीनारायण क्याम्पस पोखराबाट जुलुश निक्लिएर बगर हुँदै टुँडिखेलमा पुगेर आमसभालाई वालकृष्ण काउछा (संस्थापक अध्यक्ष) ज्यूले सम्बोधन गर्नुभयो । आदिवासी जनजातिभन्दा पहिला हामीहरू आन्दोलनमा सहभागी भएका थियौं (कुमार थापा, २०६८/४/२०) ।

समग्र धारणालाई समेट्दा र आफ्नो पनि आन्दोलनका केही घटनाहरूलाई प्रत्यक्ष अवलोकन गर्दा शुरुका दिनहरूमा आन्दोलन शान्तिपूर्वक तरिकाले अगाडि वढ्यो र पछि पछिका आन्दोलनका दिनहरूमा मगर जातिको सहभागिता पनि बढ्दै आएको पाइयो । पछि पछिका दिनहरू अलि तातिँदै गएको पाइन्छ जसको फलस्वरूप केही ठाँउहरूमा ढुंगा मुढा र अश्रु ग्याँस प्रयोग भए । कुनै कुनै ठाउँमा त गोली पनि चल्यो तर आन्दोलनकारीहरू घाइतेसम्म भए । यसर्थ आन्दोलनको उत्कर्ष बिन्दूहरू कडा प्रतिरोधमा गयो ।

## ४.७ संविधानसभा

संविधानसभा जनताद्वारा प्रत्यक्षरूपमा चुनिएर आएका प्रतिनिधिहरू बाट गठन हुन्छ अथवा चुनावी प्रक्रियाद्वारा छानिएका जनताका प्रतिनिधिहरू मार्फत संविधान निर्माण गर्ने निकायनै संविधानसभा हो । संविधानसभालाई राजनैतिक संकट समाधान गर्नको लागि प्रयोग गरिन्छ । जनताको हक अधिकार सुनिश्चित गर्ने र देशको मूलकानुन बनाएने लोकतान्त्रिक प्रक्रियानै संविधानसभा हो र यसले निश्चित समयभित्र जनताको संविधान बनाएनु पर्नेहुन्छ ।

संविधानसभा सम्बन्धी राय सल्लाह के, छ ? भनेर मगर सङ्गठनका विभिन्न कार्यकर्ताहरू र बुद्धिजीवीहरूसँग सोधिएको प्रश्नको प्रतिउत्तर यस्तो पाइयो ।

संविधानसभालाई स्थायित्व दिने दलहरूको उद्देश्य हो । थप म्यादमा पनि संविधान लेख्न सकेका छैनन् । संविधान बनाएँदा सबै जाति र वर्गका आवाजहरू छुट्न भएन । ६०१ जनाको उद्देश्य राम्रै हो तर विभिन्न विचारधाराका मान्छेहरू त्यसमा छन् जसले गर्दा धेरै विवादहरू मात्र उठिरहेका छन् (राना, २०६८/१/१५) । संविधानसभाले संविधान लेख्नै

पर्छ । संविधानमा प्रत्येक जातजातिका अधिकार सुनिश्चित हुनै पर्छ । I.L.O. मा लेखेका अधिकार संविधानमा सुनिश्चित हुनुपर्छ (पुन, २०६७/११/२८) ।

संविधानसभा सम्बन्धि दुःख लाग्दो कुरा छ । नेताहरूले कुरा वुझेर पनि नवुझे जस्तो गरेका छन् । संविधान बनाउन पठाएका नेताहरू कुर्चीको तानातान र हानाहानमानै व्यस्त छन् । आफ्नो पार्टीको मात्र वढी कुराहरू गर्दछन् (थापा, २०६७/११/२०) । संविधानसभाले सबैको हक हित समेटेर लेख्नु पर्ने तर आफू आफू हानाहान भएर रोकिन परेको छ । सबै जातिहरू जनजातिहरू को हकहित हुने संविधान लेख्नु पर्ने हो तर नेताहरूले लेख्न कञ्जुस्याँइ गरेका छन् ( राना, २०६७/११/२५) ।

जुन उद्देश्य राखेर चुनाव भएको थियो । तर अहिले सभासदहरू सत्ता र भत्तामा लालायीत भएका छन् । बाटो नविर्सिएर संविधान बनाउन उन्मुख हुनु पर्छ । जुन उद्देश्य पूरा गर्न जनताले छानेर पठाएको थियो त्यो उद्देश्य पूरा गर्नु पर्‍यो (थापा, २०६८/२/२१) ।

संविधानसभा ठीकै हो जनताको संविधान बनाएछौँ भनेका छन् । तर संविधानसभाको आकार चाहिने भन्दा ठूलो भयो मात्र भत्ता पचाउन गएको जस्तो देखिन्छ । सबै जातजातिको हक हित सुनिश्चित हुने खालको संविधान बनाएनु पर्छ । तर खै अहिले सम्म आल टाल गर्दै वसेका छन् भविष्यमा पनि संविधान बनाएला जस्तो देखिदैन (आले, २०६८/२/३०) ।

संविधानसभाले जसरी समय भित्र जनताको संविधान लेख्नु पर्ने हो त्यसरी संविधान लेख्न सकेन । थप एक वर्षमा पनि खासै प्रगती गर्न नसकेकोले भविष्यमा पनि जनताको हक हित अधिकार सुनिश्चित गर्ने संविधान बनाउला जस्तो देखिदैन (थापा, २०६८/२/१९) । संविधानसभा संतोषजनकनै हो तर यसलेमात्र संतोष लिने बाटो छैन किनभने आदिवासी जनजातिको छुट्टै मन्त्रालय चाहिन्छ र त्यसको नेतृत्व पनि आदिवासी जनजातिबाटनै हुनुपर्दछ (पुन, २०६८/४/५) ।

संविधानसभा राम्रो हो जसले जनताको हक अधिकार सुनीश्चित गर्दछ । ढीलो र छिटोको कुरा हो । यहाँ पार्टीहरूको खिचातानीले गर्दा समस्या आइरहेको छ । संविधान बनाएन सकेका छैनन् यो दुःखको कुरा हो । संविधान बनाएँदा मगर जाति लगायत आदिवासी जनजातिहरूको हक अधिकार सुनिश्चित हुने किसिमले बनाउनु पर्छ (पुन, २०६८/२/१८) । संविधानसभाले जसरी समय भित्र जनताको संविधान लेख्नु पर्ने हो त्यसरी संविधान लेख्न सकेन । सक्दो छिटो जनताको हक हित अधिकार सुनिश्चित गर्ने संविधान बनाउनु पर्छ (पुन, २०६८/२/२५) । संविधानसभाको निर्वाचन निष्पक्ष भयो तर तत्पश्चात् संविधानसभाको गठन भएपछि तलव भत्ता कसरी खाने र समय कसरी लम्बाउने भन्नेतर्फ मात्र लागे थापा, २०६८/३/१०) । संविधानसभामा सबै जात जातिको राम्रो प्रतिनिधित्व छ । मगर जातिको पनि

राम्रै प्रतिनिधित्व हुँदाहुँदै पनि मधेशीले जस्तो आवाज उठाउन सकेको छैन । नेवार जातिले पनि आफ्नो जातको लागि आवाज उठाउन सक्षम छन् । आदिवासी जनजातिमा मगरजाति पहिलो स्थानमा हुँदाहुँदै पनि एकजुट भएर आवाज उठाउन नसक्नु दुखको कुरा हो । जनजातिहरूको आफ्नो सङ्गठन मार्फत पनि आवाज बुलन्द गर्न सकेको देखिँदैन (थापा, २०६८/४/१०) । संविधानसभामा उठाएका मुद्दाहरूलाई सम्बोधन गऱ्यो भने राम्रै होला नत्रभने अहिलेको जस्तै तालले केही होला जस्तो देखिँदैन २०६८/४/२०) ।

संविधानसभा राम्रो कुरा हो जहाँ जनताको हकहित अधिकार सुनिश्चित गर्न सक्ने किसिमको संविधान बनाएन सकिन्छ । संविधानसभाकै निम्ति नेपालमा २००७ साल देखि नै नेताहरू र जनताहरूले आवाज उठाउँदै आएका हुन् तर पछिका दिनहरूमा त्यो आवाज हराउँदै गयो । तर २०६२/०६३ को आन्दोलन पछि संविधानसभाको निर्वाचनद्वारा हामीले संविधानसभा पाएका छौं तर जसरी यसले जनताको हक अधिकार सुनिश्चित गर्ने खालको देशको मूल कानुन निर्माण गर्नु पर्ने हो । आजसम्म हुन सकेको छैन नेताहरू आपसि खिचातानिमानै तल्लिन छन् । यसरी समयमा संविधान बनाएन नसक्नु यसको नराम्रो पक्ष हो । संविधान बनाएँदा मगर जाति, पिछडिएका वर्ग, दलित वर्ग लगायत आदिवासी जनजातिहरूको हक अधिकार सुनिश्चित हुने किसिमको बनाउनु पर्छ ।

## ४.८ नयाँ संविधानमा मगरको स्थान

बिभिन्न राजनीतिक दलहरूबाट प्रत्यक्ष र समानुपातिक तर्फबाट प्रतिनिधित्वभै संविधानसभाको गठन भएको छ । जुन संरचनामा मगर जाति बाट पनि प्रतिनिधित्व भएको छ । यसै विषयवस्तुमा मगर कार्यकर्ताहरू संग मगरको हितको लागि संविधान सभाको संरचनाको कस्तो रह्यो ? भन्ने प्रश्नको उत्तरमा यस्तो किसिमको विचारहरू पाइयो ।

संविधानसभाका सभासदहरू जात जातिको हितको निम्ति आ-आफ्नो ठाउँबाट काम गरेका छन् तर ठाउँमा लागेर निपुणता पाउन भने सकेका छैनन् । त्यसलाई अझ सुधार गरेर लानु पर्छ (राना, २०६८/१/१५) । सविधानसभाको संरचना ठीक हो तर संविधान लेख्नु भन्दा पनि म्याद थप्ने विचारमा भए जस्तो लाग्दछ । संविधानसभा यति ठूलो आकारको (६०१ जनाको) बनाएनु पर्ने थिएन । बढीमा १००/२०० जनाको बनाए पुगीहाल्थ्यो । संविधानसभाले जनजातिको हक अधिकार सुनिश्चित हुनु पर्छ (पुन, २०६७/११/२८) । संविधानसभाको संरचना पनि चाहिने

भन्दा ठूलो भयो र मगर जातिको हकहितको लागि पनि आवाजहरू उठिरहेको जस्तो लाग्दैन ( आले, २०६८/२/३०) ।

संविधानसभामा मगरहरूको प्रतिनिधित्व भएर गएता पनि काम गराइमा त्यति संतोषजनक देखिँदैन । समानुपातिक र प्रत्यक्ष चुनावबाट त्यति सही किसिमका नेताहरू चुनिए जस्तो लाग्दैन र मगरहरूको हितको लागि त्यति वोले जस्तो लाग्दैन । यदि हामीले आफ्नो हितको लागि आवाज उठाउन सकिएन भने मगरहरूको हितको संविधान नबन्न पनि सक्छ । सदनमा मगरहरूको हितको आवाज त्यति उठे जस्तो लाग्दैन (थापा, २०६७/११/२०) । संविधानसभाको संरचना ठीक भए पनि मगर जातिहरूको हक हितको आवाज उठ्न सकेको छैन (राना, २०६७/११/२५) । संविधानसभाको संरचना त ठीकै हो तर उनीहरूले मगर जातिको लागि खासै आवाज उठाउन सकेको छैन । आफ्नो जातिको कुरा भन्दा आफ्नो राजनैतिक पार्टी प्रति बढि झुकेको पाईन्छ ।

मधेशीहरूले जसरी आफ्नो हकहितको लागि आवाज उठाएका छन् तर मगरहरू जुन संविधानसभामा पुगेकाछन्, तिनले मगरको हक हितको लागि बोलेका छैनन् र योजनावद्ध ढंगले कार्यनीति ल्याउन सकेका पनि छैनन् (थापा, २०६८/२/२१) ।

संविधानसभाको संरचनाले वास्तवमा मगर समाजको हित गरे जस्तो देखिदैंन । सभासदहरू पार्टी प्रति वढी उत्तरदायी, समाज प्रति गैह्रजिम्मेवारी देखिएको छ । I.L.O. को अनुसार समावेशी प्रतिनिधित्व भएको छैन । लोकतान्त्रिक गणतन्त्रलाई संस्थागत विकास गर्नको निम्ति संविधान निर्माण हुनु पर्छ । सदियौँदेखि विभेदमा पारिएकालाई क्षतिपूर्ति सहितको अवसर प्रदान गर्नु पर्छ ( थापा, २०६८/२/१९) । संविधानसभाको संरचना ठीकै खालको हो । केही कुरा हाम्रो मगर जातिको हितको लागि गर्ला जस्तो त लाग्छ । शुरुवातमा केही गर्छ कि जस्तो त लागेको छ, हेरौं (पुन, २०६८/२/१८) ।

विभिन्न पार्टीहरूको मगर र आदिवासी जनजाति सांसदहरूको बिचमा एकता हुँदा हुँदै पनि तदारुकताकोसाथ काम हुन सकेको देखिँदैन । तैपनि संविधानसभाको संरचना ठीकै ठीकै हो । जनजाति सांसदहरूको बिचमा सङ्गठन हुँदा हुँदै पनि आ-आफ्नै पार्टीको ह्वीपले गर्दा काम गर्न नसकेको स्थिती भने छ (पुन, २०६८/२/२५) । संविधानसभाको संरचनामा मगरजातिबाट जति सांसदहरू प्रतिनिधित्व हुनुपर्ने हो त्यति भएन जम्मा २९ जना मात्र मगर सांसदहरू छन्, त्यो कम हो र यसले मगर जातिको हितको लागि खासै आवाज उठाउन सके जस्तो पनि छैन ( थापा, २०६८/३/१०) । संविधानसभाको संरचना ठिकै हो । किनभने आदिवासीबाट २१८ जना सभासदहरू यस सभामा पुगेका छन् तर जसरी आवाजहरू उठ्नु पर्ने हो त्यो उठ्न सकेको

छैन । सभासदहरू आफ्नो आफ्नो पार्टिहरूमानै बढी आस्थावान देखिन्छन् (थापा, २०६८/४/२० ।

सबै व्यक्तित्वहरूको विचारलाई समष्टिगतरूपले अध्ययन गर्दा संविधानसभाको संरचना सन्तोषजनक नै देखिन्छ । तथापी संविधानसभामा सबै राजनीतिक दलहरूबाट जनसङ्ख्याको अनुपातमा संविघानसभामा मगर जातिको प्रतिनिधित्व भने देखिँदैन । माओवादी पार्टीबाट भने संविधानसभामा मगर जातिको प्रतिनिधित्व भएको देखिन्छ । तर पनि माओवादी लगायत सबै दलका सभासदहरूले जसरी आफ्नो जाति र समाजको आवाजमा गैह्र जिम्मेवारी देखिन्छ । आ-आफ्नो पार्टी तर्फ वढी उत्तरदायी देखिन्छ । जसरी मधेसीहरूले आफ्नो जातिको हितको लागि आवाज उठाएका छन् । त्यसरी मगर जातिको लागी मगर सभासदले आवाज उठाएको पाइदैन । तसर्थ संविधानसभाको संरचना ठीकै भए पनि कार्यन्वयन पक्ष त्यति सन्तोषजनक देखिदैन । मगर जातिका हालका मुद्धाहरूलाई सम्बोधन गर्ने खालको संविधान बन्नु पर्दछ ।

## ४.९ संघीयता

संघीय शासन प्रणाली राष्ट्रिय एकता र प्रान्तिय स्वायत्तता बिच सामन्जस्यता स्थापित गर्ने उपयुक्त माध्यम हो । संघीय व्यवस्थाले जनतालाई स्थानीय स्तरमै राजनीतिक प्रशिक्षण गर्दछ । यसमा केन्द्रीय र राज्यगरी दुई किसिमको सरकार हुन्छ । यसै विषयबस्तुलाई समेटेर संघीयता प्रति विभिन्न व्यक्तित्वहरूको धारणा बुझ्दा यस्तो प्रतिउत्तर पाइयो ।

जातीय हिसाबमा संघीयता ठीक छैन भनिएको छ । तर जातीय हिसाबमा राखेर पनि खासै विग्रिहाल्ने अवस्था हुँदैन । भारतमा पनि जातीय आधारमा संघीयता छ तर त्यहाँ कुनै फुट भएको छैन । जातीय आधारमा राज्यहरू बनाएँदा त्यहाँको राजनीतिक प्रणाली राम्रो हुनु पर्छ । जस्तै मगराँत प्रदेश ऐतिहासिक र प्राचीन हो तसर्थ यसरी नामाकरण गर्दा राम्रै हुन्छ । तर मगराँत सिमाङ्कनहरू मिलाउनु पर्ने हुन्छ (राना, २०६८/१/१५) ।

संघीयतामा जाँदा एमालेको १२/१३ वटा संघीय राज्य सम्बन्धी धारणा छ । तर मेरो आफ्नो विचारमा हिमालबाट मधेस गरेर ठाडो चीरा पारी ८/१० वटा संघीय राज्य वन्यो भने राम्रो हुन्छ । राज्यमा जनताको माग अनुसार भौगोलिक आर्थिक र कुन जातिको वाहुल्यता छ त्यसको आधारमा नै स्वशासित क्षेत्र बनाउनुपर्छ । जस्तैः- तमुवान बन्यो भने मगरहरूलाई पनि स्वशासनको अधिकार दिनु पर्छ । धेरै राज्यहरू बनाउँदा आर्थिक भार हुन्छ जसले गर्दा देशले आर्थिक विकास गर्न सक्दैन (पुन, २०६७/११/२८) ।

प्रस्तावित संघीयता संतोषजनक नै छ ।  मगराँत क्षेत्रको विषयमा संतोषनै छ । तर यसको कार्यन्वयन र उपभोग हुनु पर्‍यो । लोकतान्त्रिक गणतन्त्र र संघीय राज्यको विषयमा जातीय राज्यको घोषणा हुनुहुँदैन भन्ने केही ब्राह्मण र क्षेत्री जातिहरूको धारणा छ । तर थिचो मिचो परेको उत्पीडित जातिलाई जातीय राज्य भयो भने तिनीहरूको लागि फाइदा छ जस्तो लाग्दछ किनभने त्यस्तो राज्यहरूमा अरु पिछडिएका जातिहरूले पनि मौका पाउँछन् र जातीय विकास हुन्छ जस्तो लाग्दछ (थापा, २०६७/११/२०) ।

संघीयता एक किसिमले ठिकै हो किनभने संघीयतामा संघीय राज्यको हिसाबले वजेटको बाँडफाँड हुन्छ । तर जातीयताको आधारमा संघीय राज्य छुट्टयाउनु राम्रो होइन । जसले देशको अस्तित्व नै मेटिन पनि सक्छ (राना, २०६७/११/२५) । संघीयता सम्बन्धी कुरा ठीकै हो । राम्रोसंग यसको पालना गर्‍यो भने सबैको विकास हुन सक्छ र सबै संघीय राज्यहरूमा वजेटको बाँड फाँड पनि हुन्छ । तर अहिले जातीयताको आधारमा संघीय राज्यका कुराहरू उठिरहेका छन् । यसले पछि गएर देशकै अस्तित्व मेटिने हो, कि भन्ने डर पनि छ (आले, २०६८/२/३०) ।

देशको सामाजिक र भौगोलिक हिसाबले हेर्दा देशमा संघीयता ल्याउनु राम्रो हो तर देशमा समान यातायाताको विकास हुन सकेन भने संघीयताको सफलता नहुन सक्छ । जातीय परम्परा हिसाबले संघीयता दिनु पर्छ । किनभने हावापानि भूगोल अनुसार परम्परा देखि नै बसोबास गर्दै आएको क्षेत्र हुनाले उनीहरू त्यही ठाउँ प्यारो लाग्दछ तसर्थ जातीय हिसाबले जुनठाउँमा जन जातिहरू बसोबास गर्दै आएका छन् तिनीहरू त्यही ठाउँमा बस्न र राज्य चलाउन दिनु पर्छ । तर जातीय आधारमा जात जातमा लडाउन हुँदैन (थापा, २०६८/२/२१) । प्रस्तावित संघीयतामा सबै ठीकै छ तर तमू राज्य र मगराँतलाई संयुक्त रूपमा मिलाएर एउटै प्रान्त बनाएनु पर्छ । अरु संतोषजनक नै छ (थापा, २०६८/२/१९) । एमालेले ल्याएको संघियताको ढाँचामा केही परिमार्जन हुनु पर्‍यो (पुन, २०६८/२/१८) ।

संघीयता बनाएँदा जातीय र क्षेत्रीयताको हिसाबले बनाएँदा राम्रो हुन्छ र संघीय राज्यहरूमा आत्मनिर्णयको अधिकार दिनु पर्छ । सबै राज्यका हरेक निकायमा समानुपातिक र समावेशी हिसाबले प्रतिनिधित्व हुनु पर्छ । जस्तै :- थोरै जाति भएको ठाउँमा समावेशी पद्धतिले लानु पर्‍यो । अहिले ल्याएको संघीयताको खाका सन्तोषजनक नै छ (पून, २०६८/२/२५) । नेपाली काँग्रेस एमाले जस्ता ठूला भनाउँदा पार्टीहरूले सात आठ वटा मात्र प्रदेशमा बाँडनुपर्छ भन्ने धारणा ल्याउन थालेको छ यो चाँहि राम्रो होईन किनभने यसले भविष्यमा भिषण परिस्थिति ल्याउन सक्छ । संघीयता भित्र मगराँत प्रदेश हुनुपर्छ (थापा, २०६८/३/१०) । मेरो आफ्नो व्याक्तिगत विचारमा भन्ने हो भने जातीय हिसाबले संघीयता दिनुहुँदैन भूगोलको आधारमा दिनुपर्छ  तर पुन समाज नेपालको हिसाबले भन्दा मगराँत राज्य चाहिन्छ र मगराँत राज्यले

पुनजातिलाई उपस्वायत्तता दिनुपर्दछ । यसको साथै आत्मनिर्णय र जातीय स्वायत्तता जरुरीनै छ (पुन, २०६८/४/५) । संघीयताको धारणा देश र जनताको विकासको लागि राम्रो हो । तर संघीयतामा लैजाँदा तराईलाई तीन भागमा बिभाजन गर्नुपर्छ र पहिला शासकीय स्वरूपको निर्धारण गरेपछि जातीय राज्य दिनुपर्छ पर्दैन त्यसलाई मिलाउनु पर्छ । यदि आत्मनिर्णयको अधिकार दिईहाले पनि लगाम केन्द्रीय सरकारमा हुनुपर्छ (थापा, २०६८/४/१०) । संघीयताको वारेमा सरकारबाट केही निर्णय हुनसकिरहेको छैन तसर्थ अहिले खासै यस्तै हो भनेर भनिहाल्ने स्थिति छैन तर मगर संघमा भने आत्मनिर्णय सहितको संघीय राज्य हुनुपर्छ भन्ने कुरा पारित भएको छ (थापा, २०६८/४/२०) ।

प्रस्तावित संघीयताले मगर जातिको संघीयता सम्वन्धि मागलाई केही हदसम्म सम्बोधन गरे जस्तो लागेको छ । विभिन्न व्यक्तित्वहरूको धारणालाई समेट्दा मगर जातिको लागि छुट्टै आत्मनिर्णय सहितको मगराँत राज्यको आवश्यकता देखिन्छ । तथापी सबै मगरहरू यो विचारमा सहमत भने देखिदैनन्, केही मगरहरू जातीय राज्यको बिपक्षमा पनि छन् किनभने जातीय राज्यले देशलाई टुक्राउँछ भन्ने वाहाँहरूको धारणा छ । तसर्थ कुनै पनि जातिलाई देश टुक्र्याउने खालको आत्मनिर्णयको अधिकार दिनु हुँदैन । यस सम्बन्धी विशेष अधिकार केन्द्रसंग हुनु पर्दछ । तर छुट्टै संघीय राज्य दिए पछि त्यस भित्र उनीहरूले आफ्नै किसिमसँग राज्य सञ्चालन गर्ने अधिकार दिनु पर्छ ताकि उनीहरूले सामाजिक, आर्थिक, राजनीतिक, साँस्कृतिक रूपले आफ्नो जातिको विकास गर्दै सो राज्य भित्रको विभिन्न प्राकृतिक स्रोतहरूलाई सही रूपले परिचालन गर्न सकोस र सिंगो देशको विकासमा टेवा पुराउन सकोस । संघीयताको निर्माण गर्दा मगराँत राज्यलाई राख्नु पर्दछ । किनभने मगराँत राज्य एतिहासिक रूपले पनि अस्तित्वमा भएको राज्य हो । साथ साथै मगराँत मगर जातिको आदि भूमि हो भन्ने धारणाहरू पनि मगरहरूको छ । त्यस्तै पृथ्वीनारायण शाहले राज्य विस्तार गर्नु अघि पनि मगर जातिका वाह्र र अठार राज्यहरू अस्तित्वमा थिए । तसर्थ मगर जातिको इतिहास र अस्तित्वसंग जोडिएको हुनाले पनि संघीय राज्य  भित्र मगराँत राज्यको आवश्यकता देखिन्छ अधिकांश मगरहरूको यही विचार पाईन्छ र अहिले मगर सङ्गठनले पनि यो विचारलाई पास गरेको छ ।

## ४.१० नयाँ संविधान

संविधानसभाद्वारा बन्ने संविधाननै नयाँ संविधान हो र संविधान भनेको कानुनी दस्तावेज हो । यसलाई मुलुक सञ्चालन गर्ने नियमहरूको संग्रह पनि भनिन्छ । अब बन्ने

नयाँ संविधानमा सबै पिछडिएका वर्ग जातिहरूले आफ्नो हकअधिकार सुनिश्चित गर्नुपर्दछ । अब बन्ने संविधान जुन लोकतान्त्रिक प्रक्रियाबाट बन्ने समावेशी संविधान हो जसले राज्यको पुन:संरचना संगपनि घनिष्ठ सम्बन्ध राख्दछ । नयाँ बन्ने संविधानमा सबै जाति, जनजाति, वर्गीय, लैङ्गिक आदि हिसाबले समावेशी खालको बन्नु पर्दछ ।

यसै विषयबस्तुमा कस्तो संविधान बन्यो भने मगर जातिको हित होला जस्तो लाग्दछ ? भन्ने प्रश्नका सन्दर्भमा निम्न विचारहरू प्रस्तुत गरेको पाइयो । I. L. O. 169 ले अन्तराष्ट्रिय कानुन र आदिवासीको हितको लागि जसरी व्याख्या गरेको छ । सो अनुसार रहेर राज्यले जनजातिको हितको पक्षमा संविधान बनाएनु पर्छ (राना, २०६८/१/१५) ।

अब बनाउने संविधानमा मगर जातिको राजनीतिक अधिकार सुनिश्चित गर्नु पर्दछ र साथ साथै यसको कार्यन्वयन पनि हुनु पर्दछ । मगर जाति लगायत सम्पूर्ण आदिवासी जनजातिहरू छन् जो राजनीतिक रूपले पिछडिएका छन् । सबैको हित हुने खालको संविधान बन्नु पर्दछ (पुन, २०६७/११/२८) र थापा, २०६७/११/२०) । अब बनाएने संविधानमा मगर जातिको राजनीतिक अधिकार सुनिश्चित गर्नु पर्दछ । मगर जाति लगायत सम्पूर्ण आदिवासी जनजातिहरू छन् जो राजनीतिक रूपले पिछडिएका छन् ती सबैको हित हुने खालको संविधान बन्नु पर्दछ । मगर जातिको भाषा संस्कृति सुरक्षीत हुने खालको र मगर जाति पनि देशको माथिल्लो तहमा पुग्न सक्ने खालको संविधान बन्नु पऱ्यो अनि मात्र मगर जातिको हित हुन्छ (राना, २०६७/११/२५) ।

मगर जातिको संस्कार र अस्तित्व राख्ने खालको राष्ट्र विकासको क्षेत्रमा मगर जातिको समान सहभागिता हुने संविधान वन्यो भने मगरहरूको हित होला । जसले गर्दा मगर जातिहरू विदेश पलायन हुन नपरोस । विभिन्न उच्च निकाय ओदामा पहुँच हुने खालको संविधान बन्नु पऱ्यो (थापा, २०६८/२/२१)

आत्मनिर्णयको अधिकार सहितको संविधान बन्यो भने मगरहरूको हित हुन सक्छ । संयुक्त राष्ट्र संघले व्याख्या गरे अनुसार देश टुक्राउने अधिकार संघीय राज्यलाई दिईदैन । स्थानीय रूपमा राजनीति, संस्कृति, धर्म, भाषा, शिक्षा, सूचना, संचार, स्वास्थ, वसोबास, रोजगार, सामाजिक सुरक्षा आर्थिक क्रियाकलाप, वाणिज्य, भूमि र स्रोत साधनको परिचालन हुन्छ तर देश टुक्राउने अधिकार हुँदैन (थापा, २०६८/२/१९) ।
संविधानमा हाम्रो पहिचान सहितको हक अधिकारको सुनिश्चित हुनु पऱ्यो (पुन, २०६८/२/१८) । संविधानमा मगरहरूको हक अधिकार सुनिश्चित गर्नु पर्छ । राजनीतिक अग्रधिकार आत्मनिर्णयको अधिकार दिनु पर्छ । मगरहरूको हक अधिकार लेखिएको संविधान बन्यो भने मगर जातिको हित होला (पुन, २०६८/२/२५) । समावेशी खालको र सबै जातजातिको साथै

पिछडिएको वर्गको हकहित हुने खालको संविधान बन्नु पर्दछ । शासकीय स्वरूपको छिटो निर्णय हुनुपर्दछ जसमा राष्ट्रपतीय प्रणाली होस या प्रधानमन्त्रीय प्रणाली होस तर जनताले प्रत्यक्ष चुनेर बनाउने प्रणाली हुनुपर्छ (थापा, २०६८/४/१०) । जनसङ्ख्याको आधारमा समानुपातिक प्रतिनिधित्वमुलक, समावेशीमुलक र सबैको हक अधिकार सुनिश्चित हुनेखालको संविधान बन्नु पर्दछ । पिछडिएका जात जाति, वर्गको पहुँच हुनुपर्दछ (थापा, २०६८/४/२०) ।

विभिन्न प्रवुद्ध मगर व्यक्तिहरूको भनाइलाई सारांशमा खिच्दा अव लेखिने संविधानमा मगरहरूको हक हित अधिकारहरू शुनिश्चित गरिने खालको संविधान बन्नु आवश्यक देखिन्छ र त्यस किसिमको संविधानले मात्र मगर जातिको हित हुन्छ । साथसाथै आत्म निर्णयको अधिकार सहितको संविधान हुँदै मगराँत राज्यको भएको संघीय राज्य हुनु आवश्यक छ जसले गर्दा सम्पूर्ण मगर जातिले विभिन्न अवसरहरू पाउन सक्छ र आफ्नो जातिको विकास पनि गर्न सक्तछ । राजनीतिक  अग्राधिकार र आत्मनिर्णय सहितको संघीय राज्य बनाएँदा देशलाई टुक्रयाउने खालको अधिकार भने कुनै पनि जातिलाई दिनु हुँदैन । जसले गर्दा देशकै अस्तित्वमा प्रश्न चिन्ह उठ्न सक्छ । समावेशी र समानुपातिक ढंगले देशको नीति निर्माण तहमा जनसङ्ख्याको हिसाबले पुग्ने अवसर सबै जातिलाई दिनुपर्छ । अब बन्ने संविधान समावेशी लोकतान्त्रिक संविधान बन्नुपर्छ जसले सबै  जाति, जनजाति, पिछडिएका वर्गहरूको हक अधिकार सुनिश्चित गर्न सकोस ।

## ४.११ सारांश

समग्रमा हेर्दा प्रजातन्त्रको अझ परिष्कृत रूपनै लोकतान्त्रिक गणतन्त्र हो । यसमा राजसंस्था छैन । जहाँकी २०४६ सालमा प्राप्त भएको प्रजातन्त्रमा राजाको स्थान थियो । जनताका हक अधिकारहरूको राम्रोसंग प्रयोग हुन सकेको थिएन । अहिले आएर लोकतान्त्रिक गणतन्त्र स्थापना भएको छ तर संस्थागत हुन सकिरहेको छैन । तसर्थ संस्थागत हुनु पर्छ र जनताको संविधान बन्नु पर्छ अनि त्यसको कार्यन्वयन पनि हुनु पर्छ र जनताले चुनेको शक्तिशाली प्रधानमन्त्री अथवा राष्ट्रपति हुनु पर्छ तर यसको विपरित संसदीय खेल हुनु हुँदैन । चुनावमा हारेका नेताहरूलाई प्रधानमन्त्री र राष्ट्रपति बनाउनु हुँदैन । साथै देश र जनताको आर्थिक, सामाजिक, राजनीतिक, सांस्कृतिक रूपले विकास हुनु पर्छ । प्रत्येक वर्ग, जाति, जनजाति, दलित, महिला सबै क्षेत्रबाट प्रतिनिधित्व हुने गरी नीति निर्माण तहमा पुग्ने खालको समावेशी लोकतन्त्र बन्नु आवश्यक छ । जसरी अव्राहम लिंकनले भनेका छन्, "Democracy is a govt. of the people, for the people and by the people." तसर्थ लोकतान्त्रिक गणतन्त्रमा पनि यो

परिभाषाको आभाष हुनु पर्दछ । यस परिभाषा अनुसार जनताको नाममा राजगर्ने मात्र नभै जनतालाई लोकतन्त्रको माध्यमद्वारा राज्यको नीतिनिर्माण र स्रोत साधनमा पहुँच पुऱ्याउनु पर्दछ । उनीहरूको जीवनमा शान्ति र प्रगतिका लागि राज्यले सहयोगी भूमिका खेल्नुपर्छ । बहुमत मात्रै प्रजातन्त्र हैन, समावेशी र सहमतिय प्रणाली आजको प्रजातन्त्रको मेरुदण्ड हो । झन बहुसाँस्कृतिक र बहुजातीय राज्यहरूमा यो एक अनिवार्य आवश्यकता हुन पुगेको छ (बराल, २०६६) ।

विभिन्न मगर सङ्गठन, मगर सङ्गठनका नेतृत्व र मगर बुद्धिजीवी व्यक्तिहरूसँग सोधिएका प्रश्नहरूको उत्तरलाई सारांशमा खिच्दा अधिकांश उत्तरहरूमा प्रजातन्त्र माथि नै जोड दिएको पाईयो । तर प्रजातन्त्र भनेर नेताहरूको लागि मात्र नभईकन सारा जनताले प्रजातन्त्रको अनुभूति गर्न पाउनुपर्दछ । अहिले २०६२/०६३ को लोकतान्त्रिक जनआन्दोलनपछि प्राप्त लोकतान्त्रिक गणतन्त्रमा झनै जनता प्रजा मात्र नभईकन एउटा स्वतन्त्र र अधिकार सम्पन्न नागरिकको हिसाबले पनि लोकतन्त्रको महसुस गर्नुपर्ने अवस्था छ । प्रजातन्त्रलाई वास्तविक प्रजातन्त्रमा विकास गर्नु पर्नेमा भिडतन्त्रमा परिणत हुने हो कि भन्ने शंका लागेको छ । जसले गर्दा केही ठालु वर्गहरूले मात्र यसको प्रयोग गरिरहेका छन् र जनताहरूले प्रजातन्त्रको उपलब्धीहरू उपभोग गर्न पाइरहेका छैनन् । २००७, २०४६ र २०६२/०६३ को प्रजातन्त्रको स्वरूपहरू भिन्दाभिन्दै देखिन्छ । २००७ सालको प्रजातन्त्र सिमित स्वरूपको थियो भने अहिलेको वदलिंदो स्थितिमा यसको महत्व र परिभाषा पनि फरक पाइन्छ । पहिलाको प्रजातन्त्रमा राजासहितको प्रजातन्त्र थियो भने अहिले राजसंस्था विस्थापित भएको छ । जनताले नेताहरूबाट फरक अपेक्षा राखेको पाइन्छ । तर पनि खासै देशमा परिवर्तन हुन सकेको छैन । नयाँ नेपालको नारा नारामा मात्र सिमित छ । प्रजातन्त्र प्रतिको धारणालाई समेट्दा अधिकांश विचारहरू प्रजातन्त्रकै समर्थनमा देखिन्छ । मगरजातिहरूले आफ्नो जात लगायत सम्पूर्ण आदिवासी जनजाति र विभिन्न जातिहरूको विकासको निम्ति प्रजातन्त्र अपरिहार्य हुन्छ भन्ने पाईयो । मगरवादी सङ्गठनहरूले आफ्नो जातीय पहिचान र स्वतन्त्रताको लागि विगतका दिनहरूदेखि नै आन्दोलन गर्दै आएको इतिहास छ । तसर्थ पनि स्वभावैले मगरजातिहरू प्रजातन्त्र प्रति बढी आस्थावान र विश्वास गर्ने गर्दछन् ।

२०४६ सालको संयुक्त जनआन्दोलन पछिका दिनहरूमा झनै आन्दोलन फराकिलो रूपले वढ्दै गयो । भाषा संस्कृति र जातीय एकतामामात्र सिमित आन्दोलनलाई राजनैतिक अधिकारको लागि पनि राज्यसँग हाम्रो मागहरू लानुपर्छ र मगर जातिहरू पनि देशको नीति निर्माण तहमा पुग्नुपर्छ भन्ने भावना जागृत हुँदै गएको पाइन्छ । आर्थिक, सामाजिक, सांस्कृतिक सबै पक्षलाई राजनीतिले नै परिचालन गर्दछ भन्ने भावनाको विकास हुँदै गयो र पछिका दिनहरूमा

राजतन्त्रको शोषण र दमनकारी नीतिबाट पनि मगर जातिहरू आन्दोलित हुँदै गए । यसरी राजनीतिक अधिकार र राजतन्त्र विस्थापित गर्नको निम्ति कास्कीका मगर सङ्गठनहरू आन्दोलनमा सक्रिय भए । अन्तत संसदवादी राजनीतिक दलहरू र माओवादी पनि एकै कित्तामा आएर २०६२ चैत्र २४ गतेबाट आन्दोलन शुरु गरी २०६३ बैशाख ११ मा आन्दोलन सफलभै लोकतान्त्रिक गणतन्त्र सफल भयो ।

समग्रमा आन्दोलनको उपलब्धिहरू अन्तर्गत लोकतन्त्रको स्थापना, संविधानसभाको चुनाव, धर्म निरपेक्षता, संघीय राज्यको अवधारणालाई लिन सकिन्छ । तर पनि जनताले प्रत्यक्ष फाईदा नपाएको महशुस गरेका छन् । संविधान बन्न नसक्नु, शान्ति प्रक्रिया अगाडि बढ्न नसक्नु र परिवर्तनहरूलाई संस्थागत गर्न नसक्नु आन्दोलनका समस्याहरू रह्यो । त्यस्तै कास्की जिल्लाका मगरहरूले आन्दोलन गर्ने प्रक्रियाहरूको विषयमा अध्ययन गर्दा शुरूको स्थितिमा शान्तिपूर्ण र पछिल्लो चरणहरूमा अलि आक्रमक किसिमको देखियो । मगर सङ्गठनहरू आन्दोलनमा आफ्नो ब्यानर सहित संलग्न भए । पोखरा वरपरका गाउँहरूबाट तात्दै आन्दोलन बजार केन्द्रित भएको पाईयो । जसले गर्दा आन्दोलनका अन्तिम चरणहरूमा लड्भिड्, ढुङ्गा मुढा र अश्रुग्याँसको समेत सामना गरेको स्थिति रह्यो । आन्दोलनको अन्तिम चरणहरूमा मगर जातिको सहभागिता पनि बढ्दै गयो ।

आन्दोलनको उपलब्धिहरू मध्ये संविधानसभा पनि एक हो । तर जुन उद्देश्य बोकेर संविधानसभाको चुनाब सम्पन्न भयो र ६०१ सदस्यीय संविधानसभा बन्यो । त्यो अनुरूप काम हुन सकेको देखिँदैन । सभासद्हरूले जनताको संविधान लेख्नुपर्ने तर्फ केन्द्रित हुनुभन्दा पनि सत्ता जोगाउन र भत्ता पचाउन तिर नै वढी लालयित देखिए । जसले गर्दा आजसम्म संविधान लेख्न कन्जुस्याँई गरेको देखिन्छ । संविधान बनाएँदा मगर जाति लगायत सबै जनताको हक अधिकार सुनिश्चित हुने संविधान लेख्नुपर्छ । त्यस्तै संघीयताको अवधारणा आउनु अर्को उपलब्धी हुँदाहुँदै पनि यसमा कतिपय राजनीतिक दलहरूबाट विरोधहरू आएको देखिन्छ । जस्तै संघीयताले देश टुक्रन्छ, नेपालको अस्तित्व नै रहँदैन । त्यस्तै जातीय आधारमा संघीयता हुनुहुँदैन भन्ने कुराहरू आईरहेका छन् । तर विभिन्न मगर वुद्धिजीवी र मगर सङ्गठनहरूका अभियन्ताहरू सँगको छलफलमा जातीय आधारको संघीयता चाहिन्छ भन्ने कुरा पाइन्छ भने थोरै मगरहरू जातीय आधारमा संघीय राज्य हुनुहुँदैन भन्ने पक्षमा पनि भेटिन्छन् र उनीहरूको धारणामा संघीयताले देशलाई टुक्राउँछ र देशको अस्तित्वनै खतरामा पार्दछ भन्ने देखिन्छ ।

यद्यपी पिछडिएका क्षेत्र र जातीहरूलाई अगाडि वढाउनको निम्ति पनि जातीय आधारमा संघीयताको साथै आत्म निर्णयको अधिकार दिनुपर्छ भन्ने विचारमा धेरैको एकमत

देखिन्छ । देश टुक्राउने जस्ता राष्ट्रलाई नै आँच आउने कुराहरूमा केन्द्रले अधिकार लिनुपर्छ जसले गर्दा देश टुक्रिन नपाओस् । संघीय राज्यहरूमा मगराँत हुनुपर्दछ भन्ने विचारहरूमा प्रायः मगर जातिहरूको एउटै धारणा पाइन्छ र अहिलेको प्रस्तावित संघीयताप्रति मगरहरू सन्तोषजनक नै देखिन्छन्, केहीमा यसको परिमार्जन स्वरूप हुनुपर्छ भन्ने धारणा छ भने कति मगरहरू यसको आवश्यकता छैन भन्ने पनि छन् । आजसम्म अधिनायकवाद र निरंकुशताको विरूद्ध आवाज उठाउँदै आईरहेका मगर जातिहरूको अवधारणालाई समेट्दा लोकतान्त्रिक गणतन्त्रमा नै पूर्ण विश्वास गर्दछन्  तर यसको कार्यन्वयन पक्ष राम्रो हुनुपर्छ तव मात्र सबै जातजाति, जनजाति र सम्पूर्ण देशको विकास हुन्छ भन्ने कुरामा प्रायः मगरहरूको विचारमा एकरूपता पाइन्छ ।

नेपाल मगरसंघ कास्कीले २०६२/०६३ को जनआन्दोलनमा बिभिन्न क्षेत्रबाट महत्वपूर्ण भूमिका निभाउँदै आएको छ । यसै सन्दर्भमा अनुसूची ४ अनुसार आदिवासी जनजाति समन्वय परिषद् कास्कीद्वारा आयोजित २०६३/१/५ गतेको र्‍यालीमा नेपाल मगरसंघ, नेपाल मगर महिलासंघ, नेपाल युवा मगरसंघ, नेपाल मगर बिधार्थी संघले संयुक्त बिज्ञप्ती प्रकाशन गरी उपस्थितिभै सक्रिय सहभागिता जनायो । त्यस्तै २०६३/१/१३ गतेको कार्यक्रममा पनि आफ्नो जातिको भेषभूषासहित जातीय पहिचान गर्दै र्‍यालीमा सहभागीभै बिभिन्न कठिन परिस्थितिको पनि सामना गर्नुपरेका भनाईहरू छन् ।

# परिच्छेद-पाँच

## निष्कर्ष

नेपाल एउटा बहुजातीय, बहुधार्मिक, बहुसाँस्कृतिक र भौगोलिक बिविधताले सिंगारिएको देश हो । विभिन्न जातिहरू बसोबास गर्दै आएको यो देशमा मगर जातिले पनि आफ्नो छुट्टै अस्तित्व र पहिचान बोकेको छ । यो जाति नेपालको कूल जनसङ्ख्याको हिसाबले ७.०७ % र स्थानको हिसाबले क्षेत्री र ब्राह्मण पछि तेस्रो स्थानमा रहेको छ । नेपालका आदिवासी जनजातिहरू मध्ये मगर जाति प्रथम स्थानमा रहेको छ । मगरहरू नेपालको ७५ वटै जिल्लाहरूमा बसोबास गर्दै आईरहेको जाति हो । जसमध्ये कास्की जिल्ला पनि मगरहरू बसोबास गर्ने थलोको रूपमा चिनिन्छ । जहाँ वि.स. २०५८ को जनगणना अनुसार २३,५१२ को सङ्ख्यामा मगर जातिहरू बसोबास गर्दै आईरहेका छन् । मगर सङ्गठनको स्थापनाकालदेखि नै यहाँका मगरहरूले जिल्ला देखि केन्द्रीय स्तर सम्म नै पहल गर्दै आईरहेको छ । तसर्थ पनि देशमा भएका विभिन्न राजनीतिक घटनाक्रमहरूमा मगरहरूले चासो र सहभागिता जनाउँदै आफ्नो जाति लगायत सबै जाति जनजातिको हक अधिकारको लागि र सिंगो मुलुकको हितको निम्ति नै महत्वपूर्ण योगदान गर्दै आईरहेका छन् । पृथ्वीनारायण शाहले नेपालको एकिकरण गर्ने समय देखि लिएर जंगबहादुरको निरंकुशताको विरोधमा लखन थापा मगरको विद्रोहको साथै २००७, २०४६, का आन्दोलनहरू र विभिन्न राजनीतिक घटनाहरूमा नेपालको मगर जातिहरूले महत्वपूर्ण भूमिका निभाई आईरहेको छ भने २०६२/०६३ को दोस्रो ऐतिहासिक लोकतान्त्रिक जनआन्दोलनमा विगतका आन्दोलनहरू भन्दा तुलनात्मक रूपमा वढी सहभागिता र निर्णायक भूमिका खेलेको पाइन्छ । अरू जातिहरू जस्तै ब्राम्हण, क्षेत्री, नेवारको तुलनामा मगर जाति राजनीतिक क्षेत्रमा पछाडि भने पक्कै परेको जाति हो तर ठूलो रूपमा सहभागिता नदेखाएतापनि पूर्ण रूपमा राजनीति बाट पन्छिएको इतिहास भने छैन । किनभने विभिन्न राजनीतिक मोड र घटनाहरूमा केही मात्रामा भने पनि संलग्नता र सहभागिता भएको पाइन्छ । अझ वास्तवमा भन्दा मगर जातिहरू सोझा जाति भएको हुनाले देशलाई आवश्यक परेको बेलामा विभिन्न क्रान्ति र संघर्षहरूमा होमिदै आएको जाति हो तर राज्यको out put मा त्यति चासो र संलग्नता नराख्ने जाति पनि हो जसले गर्दा नीति निर्माण तह र पहुँचतामा पुग्न सकेको देखिदैन र अर्को तर्फ राज्यले पनि त्यो वातावरण सृजना गरेको थिएन तर अहिलेको समावेशी लोकतन्त्रमा सबै पिछडिएका वर्ग, जातिहरूलाई नीति निर्माण तहमा पुऱ्याउनु पर्दछ ।

दोस्रो विश्वयुद्धको समाप्ति पछि ब्रिटिश इण्डियामा सेवा गरेर फर्केका जागिरे मगर सैनिकहरूले २००७ सालको प्रजातन्त्र प्राप्तिको लागि महत्वपूर्ण योगदान गरेका थिए । किनभने यिनीहरूले विभिन्न विकसित देशहरूको भ्रमणले गर्दा प्रजातन्त्रको अर्थ र महत्व बुझेका थिए । जसले गर्दा आफ्नो देशमा फर्केपछि राणाशासनको निरंकुशताको विरूद्ध र प्रजातन्त्रको स्थापनाको लागि क्रान्तिमा होमिएको इतिहास छ । यसरी नेपालमा पनि जहाँनिया राणाशासनको विरूद्धमा आन्दोलन चर्कदै गएपछि २००७ सालमा नेपाली जनताले प्रजातन्त्र ल्याउन सफल भए । यसपछि नेपाली जनताहरूले पनि थोरै मात्रामा भएपनि प्रजातन्त्र के हो र किन आवश्यक रहेछ भन्ने कुराको महशुस गर्न थाले । यसरी मुख्यतः प्रमुख राजनैतिक इतिहासको कालखण्डको रूपमा रहेको २००७ सालको क्रान्तिपछि अरू जातिहरू जस्तै मगर जाति पनि राजनैतिक रूपले केही सचेत हुँदै जान थाल्यो । हामी मगरहरू पनि एकजुट हुनुपर्छ, आफ्नो भाषा, संस्कृतिको संरक्षण र देशको विकासको निम्ति हामी मगरहरूले पनि केही गर्नुपर्छ भन्ने भावनाको विकास हुन थाल्यो तर देशमा जसरी प्रजातन्त्रको आगमन भयो सो अनुसार प्रजातन्त्रको संस्थागत विकास हुन सकेन ।

२००७ सालमानै संविधानसभाद्वारा जनताको संविधान बनाउने घोषणा भएको थियो तर त्यो हुन सकेन । २००७ साल देखि २०१७ साल सम्म प्रजातन्त्रको केही अभ्यास भएतापनि राजनैतिक दलको खिचातानीले गर्दा २०१७ सालमा राजा महेन्द्रले एक दलीय पञ्चायती व्यवस्थालाई देशमा भित्रायर निरंकुशता लाद्ने काम भयो । यसपछि सबै राजनैतिक दलहरू प्रतिवन्धित भए । राजनैतिक रूपले देशमा बन्द प्रणालीको शुरुवात भयो । तीस बर्षसम्म पंचायती व्यवस्थाले देशमा शासन गर्‍यो । जनजातिहरूको राजनैतिक इतिहास हेर्ने हो भने २००७ साल पछिको प्रजातन्त्रको समयमा केही अभ्यास भएतापनि २०१७ सालपछिको ३० वर्षीय एकतन्त्रीय पञ्चायत कालमा खासै अभ्यास हुन सकेको देखिएन । जब २०४६ सालको जनआन्दोलन भयो त्यसपछि मात्र विभिन्न जाति जनजातिहरूले आ–आफ्नो जातीय उत्थानको लागि सङ्गठनहरू खोल्न थाले । राजनैतिक रूपले देशमा खुल्ला राजनैतिक प्रणालिको शुरुवात भयो । त्यसपछि मात्र नेपालको राजनीतिमा ethnic politics को केही खुल्ला अभ्यास र विकास हुन थालेको पाईन्छ । यसरी मगर जातिले पनि आफ्नो जातीय उत्थानको लागि विभिन्न कार्यक्रमहरूको साथै सक्रियतापूर्वक रूपले अगाडि बढ्न थाले ।

२०४६ साल पछि नेपालमा अनेक किसिमका नागरिक समाज, संघ सङ्गठनहरूका साथै दवाब समूहहरू र हितसमूहहरू पनि प्रभावशाली हुँदै आइरहेको पाइन्छ । २०४६ साल भन्दा पहिलाको अवस्थामा पनि मगरहरूले आफ्नो सङ्गठन (नेपाल लाङ्घाली परिवार संघ) सूचारुरूपले सञ्चालन गरेका थिए जबकि कैयन सङ्गठनहरू निष्कृय अवस्थामा

थिए । तर २०४६ साल पछिको अवस्थामा झनै सकिृयतापुर्वक मगर संघले आफ्नो कार्यक्रमहरू बढाउँदै लगेको पाइन्छ । शुरु शुरुको अवस्थामा आफ्नो जातीय एकतामा जोड दिँदै भाषा भेषभूषा र संस्कृतिलाई संरक्षण गर्न तिर आफ्नो आन्दोलन केन्द्रित गरेको पाईन्छ भने पछि पछिको अवस्थामा राजनैतिक क्षेत्रतिर पनि चासो देखाउँदै आफ्नो जातिहरूबाट पनि नीति निर्माण तहमा पुऱ्याउनु पर्छ भन्ने भावना जाग्दै आएको देखिन्छ । जब निरंकुश पञ्चायती व्यवस्था हटाएर प्रजातन्त्रको पुनर्व्यवस्था भयो बिस्तारै जनताहरू राजनैतिक रूपले चेतनशिल र शिक्षित हुँदै गएर आफ्नो हक अधिकार के हो ? थाहा हुँदै गयो जसको फलस्वरूप विभिन्न ठाउँमा गएर वोल्न सक्ने भए । काँग्रेस र एमाले पालैपालो सरकारमा गए पनि देशमा खासै विकास गर्न सकेनन्, महंगी नियन्त्रण हुनसकेन, तसर्थ जनताले राहतको महशुस गर्न पाएनन् । जनताको ईच्छा पूरा गर्नुको साटो नेताहरू कुर्चीमानै हानाथाप गर्न थाले र पजेरोमा रमाउन थाले । बिस्तारै देशमा माओवादी गतिविधि बढ्दै जान थाल्यो । भूमिगतरूपले माओवादीले जनताको बिचमा कार्यक्रमहरू लगेर राजनैतिक चेतना जगाउन थाल्यो । विभिन्न जाति, जनजाति, दलित, महिला र उत्पीडित वर्गहरूले आफ्नो अवस्था कहाँ छ र आफ्नो हक अधिकारको लागि कसरी अगाडि बढ्नुपर्छ भन्ने चेतनाको विकास हुँदै गयो । मगर जातिहरू आफ्नो छाता सङ्गठन लगायत अरु बिभिन्न राजनीतिक दलहरू र विभिन्न संघ सङ्गठनहरूमा पनि आवद्ध हुँदै गए । यसरी मगर जातिमा पनि राजनीतिक चेतनाको विकास तिब्ररूपमा भएको पाईन्छ । तसर्थ शुरुमा मगर जातिले आफ्नो जातीय एकता भाषा संस्कृतिमा मात्र जोड दिई आईरहेको आन्दोलनले पछिको अवस्थामा राजनीतिक अधिकारको लागि पनि आन्दोलन अगाडि बढाउँदै राजनीतिको मूल प्रवाहमा आउन थालिरहेको अवस्था देखिन्छ ।

अर्को तर्फ देशमा विभिन्न सरकारहरू बन्ने र ढल्ने क्रमहरू भए । २०५२ सालमा शुरु भएको माओवादी गतिविधिहरू दिनप्रतिदिन बढ्न थाल्यो । सरकारले माओवादी शसस्त्र संघर्षलाई सुरक्षाकर्मीको साहायताले दवाउन थाले । माओवादी जनयुद्ध तथा नेताहरूको अनुत्तरदायी प्रवृतीले देशको अवस्था बिग्रँदै गयो । वि.सं.२०५८ जेष्ठ १९ गते नारायणहिटी राजदरवारमा विभत्स हत्याकाण्ड भयो । यस पछिको अवस्थामा राजा झनै सक्रिय हुँदै आए । पञ्चायत शैलीको शासन शुरुवात गर्न थाले । जसले गर्दा जनताहरू झनै आन्दोलित हुँदै गए । मगर जातिहरू पनि यो अवस्था सम्म राजनैतिक रूपले सचेत भैसकेका थिए । प्रजातन्त्रमानै हाम्रो जातिको हित हुन्छ र देशको विकास पनि प्रजातन्त्रमानै सम्भव छ भन्ने भावना र उद्देश्यका साथ २०६२/०६३ को दोस्रो जनआन्दोलनमा सक्रियरूपले सहभागि भएको पाउछौँ । यस आन्दोलनमा कास्की जिल्लाका मगर सङ्गठनहरूले पनि महत्वपूर्ण भूमिका निभाएको छ । कास्की जिल्लाका मगर बुद्धिजीवीहरूको साथै विभिन्न व्यक्तिहरूले नेपाल मगर संघको स्थापना कालदेखि हाल सम्म

केन्द्रीय नेतृत्व पनि सम्हाल्दै आएको इतिहास छ । जसले गर्दा देशमा भएका विभिन्न आन्दोलनहरू लगायत २०६२/०६३ को दोस्रो लोकतान्त्रिक जनआन्दोलनमा पनि कास्की जिल्लाका मगर सङ्गठनहरूले देश, जनता र आफ्नो जातिको हितको लागि सक्रिय भूमिका निभाए । नेपालको हरेक आन्दोलनमा मगर जातिको योगदान रहेको छ । प्रजातन्त्रको लागि मगरहरूले विगतको इतिहासदेखिनै महत्वपूर्ण भूमिका निभाउँदै आएको छ । प्रजातन्त्र भन्नाले जनताको शासन हो । यद्धपि २००७, २०४६ को तुलनामा २०६२ को दोस्रो जनआन्दोलन बाट प्राप्त भएको प्रजातन्त्रमा फरक छ । २०६२/०६३ को लोकतन्त्रमा राजाको स्थान छैन जनता अधिकार सम्पन्न छन्, जनतामा शक्ति छ । तसर्थ लोकतन्त्रमा जनताकै शासन हुनुपर्दछ । यतिमात्र नभै अहिलेको लोकतन्त्रमा सबै जातजातिहरू बाट प्रत्येक क्षेत्रहरूमा समावेशी र सहमतिमुलक लोकतन्त्र हुनुपर्दछ । २०६२/०६३ को दोस्रो जनआन्दोलनमा मगरजातिको उल्लेखनीय सहभागिता पाइन्छ । बिभिन्न राजनीतिक दलहरूमा आवद्ध भएर, आदिवासी जनजातिको आन्दोलनमा सहभागी भै अथवा आफ्नो छाता सङ्गठन मगर संघ नेपालमा आवद्ध भएर मगरहरूले २०६२/०६३ को दोस्रो जनआन्दोलनमा सक्रिय रूपले सहभागीभै महत्वपूर्ण भूमिका निभाए । कास्कीमा भएको आन्दोलनहरूमा शुरुको अवस्थामा पोखरा वरपरका गाउँहरू बाट अथवा रिङ्गबेल्ट बाट मगरहरू सक्रियरूपमा आन्दोलनमा सहभागी भए । जसलेगर्दा आन्दोलनका पछिल्ला दिनहरूमा बजारमा रहेका मगरहरूलाइ पनि तताउँदै आन्दोलीत बनाउँदै लगेको भनाइहरू केही मगर अभियान्ताहरूको छ ।

२००७, २०४६ र २०६२/०६३ का आन्दोलनहरूको स्वरूपलाई अध्ययन गर्दा यी तीनवटै आन्दोलनहरू फरक स्वरूपको पाईयो । २००७ सालको क्रान्ती मुख्यतः राणाशासनको विरुद्धमा केन्द्रित थियो भने २०४६ सालमा निरंकुश पंचायती व्यवस्थाको बिरुद्धमा भएको थियो । तर २०६२/०६३ को आन्दोलनमा भने जनताहरू धेरै सचेत भैसकेका हुनाले आन्दोलनका मागहरू धेरै अग्रगामी खालका थिए । जसलेगर्दा राजसंस्थालाई सहित फाल्न सफल भएर लोकतन्त्र स्थापित गरे । यस आन्दोलनमा जनताले नयाँ नीति र नयाँ अनुहार खोजे, जनताले राजनैतिक, सामाजिक र आर्थिक रूपले परिवर्तन खोजे तर आखिरमा अहिले सम्मको स्थिति हेर्दा नयाँ बोतलमा पुरानो रक्सीझैँ छ भन्ने गुनासाहरू छन् । आन्दोलनका उपलब्धिहरू अन्तर्गत समावेशी लोकतन्त्र, धर्मनिरपेक्षता, संविधानसभा, संघियताको धारणा आदिलाई लिइन्छ । संविधानसभाको चुनावबाट ६०१ जना सहितको संविधानसभा बन्यो तर जसरी यसले सम्पूर्ण नेपालीको हितको निम्ति संविधान बनाउनु पर्ने हो त्यो आज सम्म पनि बनाउन सकेको छैन । नयाँ संविधान बनाउँदा मगरजातिको हकअधिकार सुनिश्चित हुनेखालको बन्नुपर्दछ । त्यस्तै राज्यको पुनःसंरचनाको लागि संघीयताको धारणा आएको छ जसलाई अधिकांश मगरहरूले पनि

यसलाई चासोको रूपमा लिएका छन् । मगरहरूले आफ्नो भाषा, संस्कृति र जातीय तथा सम्पूर्ण देशको विकासको लागि पनि सहभागितामूलक राजनीति र आत्मनिर्णय सहितको मगराँत राज्यको आवश्यकता महशुस गर्दछन् । मगर जातिहरू स्वयं राजनीतिक क्षेत्रसहित अरु क्षेत्रमा पनि पिछडिएको जाति हुनाले अधिनायकवाद भन्दा साँचो लोकतन्त्रलाई नै मन पराउँदछन् र आफु र आफ्नो जातिको विकास पनि लोकतन्त्रमानै हुन्छ भन्ने विश्वास गर्दछन् ।

प्रथम सहिद लखन थापाको निरंकुशता बिरुद्धको बिद्रोहदेखि दश बर्षे जनयुद्ध र ऐतिहासिक लोकतान्त्रिक जनआन्दोलन २०६२/०६३ मा मगर जातिले व्यापक सहभागिता र निर्णायक भूमिका खेलेका छन् । तर शासकहरूले यसको सही मूल्याङ्कन गर्न सकेको छैन । मगर जातिको आन्दोलन कुनै जातिको विरुद्धमा होईन मात्र राज्यले अवलम्बन गर्ने दमनकारी बिभेदकारी नीति बिरुद्धमा छ । नेपालको बदलिँदो अवस्था र परिस्थिति अनुसार नेपाल मगर संघले पनि बिगतमा जस्तो भाषिक, साँस्कृतिक र सामाजिक सवालमा मात्र आफ्नो आन्दोलन केन्द्रित नगराएर राज्यधिकारको सवालहरूमा समेत आफ्नो मुद्धाहरू उठाउँदै आएको छ । यसको साथसाथै आन्दोलनलाई सफल गराउन देश भरिनै विभिन्न राजनीतिक दलहरू र संघ सङ्गठनहरूमा आवद्धभै मगर जातिको तर्फबाट महत्वपूर्ण भूमिका निभाउँदै आएको छ । तसर्थ उपरोक्त बलिदानी र देश भक्ति भावनाले जसरी मगर जातिहरू बिभिन्न आन्दोलनहरूमा सक्रिय भूमिका निभाए त्यसको सही मूल्याङ्कन हुनु आवश्यक छ । आजको बदलिँदो युग र परिस्थिति अनुकुल मगर जातिलाई पनि देशको राजनीतिको मूलधारमा ल्याउनु पर्छ । अहिले उठेका मागहरू जस्तैः- जातीय बिभेदको अन्त्य, जातीय क्षेत्रिय स्वशासनको आधारमा मगराँत स्वायत्त प्रदेशको स्थापना, समावेशी, सहभागिता, समानुपातिक प्रतिनिधित्व, समतामुलक समाजको निर्माण आदि कुराहरूलाई देशले सम्बोधन गर्नुपर्छ । साथै अब बन्ने संविधानमा यी कुराहरूको सुनिश्चित गर्नु आवश्यक छ तबमात्र मगर जातिले आजको लोकतान्त्रिक गणतन्त्रको अवस्थामा आफ्नो हित भएको कुरा महशुस गर्न सक्दछन् ।

# सन्दर्भ सामग्रीहरूः


आले, सुरेश (२०६६) "आदिवासी जनजाति आन्दोलनमा मगरको भूमिका" **मगर,** नेपाल मगर संघ केन्द्रीय समितिको मुखपत्र, वर्ष १, अंक १ ।

काउछा, बालकृष्ण (२०६०) "जनजाति आन्दोलनः विकास र समस्या" **छापामा जातीय मुक्ति आन्दोलन भाग १**, काठमाण्डौ नेपालः जनजातिमञ्च मासिक पत्रिका ।

कार्की, ज्ञानबहादुर (२०६५) **नेपालमा प्रजातान्त्रिक आन्दोलन २०१७ साल काण्डसम्म**, माहादेवटार काठमाण्डौ, प्रकाशक निर्मला कार्की, किरण कार्की ।

कुवँर, लालबहादुर, (२००५) "समावेशी लोकतन्त्रः औचित्य र सान्दर्भिकता", **जर्नल अफ पोलिटिकल साइन्स**, पोखराः राजनीतिशास्त्र विभाग, पृथ्वीनारायण क्याम्पस, भोलम ८, डिसेम्बर, पृष्ठ १०३ ।

खनाल, झलनाथ, (२०५८) **नेपाली प्रजातन्त्रको विकासमा बामपन्थी आन्दोलनको भूमिका**, समसामयिक लेखमाला –५ काठमाण्डौ नेपाल, समसामयिक अध्ययन केन्द्र ।

गुरुङ्ग, ओम (२०६६) **जनजाति आवाज,** नेपालमा अन्तराष्ट्रिय श्रम सङ्गठनः अंक १५ वैशाख, महासन्धि १६९ को सान्दर्भिकता, अखिल नेपाल आदिवासी जनजाति महासंघ (एकीकृत) ।

गुरुङ्ग, ओम, (२०६६) "नेपालमा अन्तराष्ट्रिय श्रम सङ्गठन महासन्धि १६९ को सान्दर्भिकता" **मगर,** नेपाल मगरसंघ, केन्द्रीय समितिको मुखपत्र, वर्ष १ अंक १ ।

गुरुङ्ग, दीर्घमान र सुवेदी, इश्वर (२०६४), **गणतन्त्र उन्मुख नेपाल**, काठमाण्डौः के.पी. पुस्तक भण्डार

डाहल, रवर्ट (१९९८), **प्रजातन्त्रको बारेमा**, काठमाण्डौः क्रियशन मिडिया प्रा.लि. ।

तामाङ, परशुराम (२०६०) " जनजातीय सवाल बारे" **छापामा जातीय मुक्ति आन्दोलन भाग १,** काठमाण्डौः जनजातिमञ्च ।

थापा, झकबहादुर (२०६६) **मगर**, नेपाल मगर संघ केन्द्रीय समितिको मुखपत्र, वर्ष १, अंक १ ।

थापामगर, मालवरसिंह, (२०४९) **प्राचीन मगर र आख्खा लिपी**, बृजि प्रकाशन, ललितपुर, श्रीमती दुर्गा देवी थापा ।

थापा मगर, मालवरसिंह, (२०६०), "नेपालको राजनीतिमा मगर", **आरमीट्मा**, हिमालय अफसेट प्रेस, नयाँ बजार, पोखराः नेपाल मगर संघ कास्की ।

थापामगर, मोतीश्वर, (२०६०), "मगरका चाडहरू", **आरमीट्मा**, नेपाल मगरसंघ जिल्ला कार्य समिति कास्की ।

थापा मगर, लिला, (२०६६) "राज्य अधिकार र पहिचानको लडाँई" **मगर,** नेपाल मगर संघ केन्द्रीय समितिको मुखपत्र, वर्ष १, अंक १ ।

थापा, लोकबहादुर, (२०६६) "नेपाल मगर संघ हिजो र आज" **मगर**, नेपाल मगरसंघ केन्द्रीय समितिको मुखपत्र, वर्ष १, अंक १ ।

थापा मगर, सुरेन्द्र (२०६४) "संविधानसभामा मगरहरूको सवाल"**, जनजाति आवाज**, वर्ष १, पूर्णाङ्क ३, माघ, फागुन, पृष्ठ ४ ।

दाहाल, गिरधारी (२०६४) "लोकतन्त्र" **प्राज्ञमञ्च**, पोखराः प्राध्यापक संघ पृथ्वीनारायण क्याम्पस ईकाई समिति ।

दाहाल, रामकुमार (२०६४) **तुलनात्मक राजनीतिक**, काठमाण्डौः दिक्षान्त प्रकाशन ।

नवौं राष्ट्रिय माहाधिवेशन २०६४ द्वारा संसोधन सहित, **नेपाल मगरसंघको विधान २०४९**, नेपाल मगर संघ केन्द्रीय समिति ।

पोखेल, कृष्ण (२०६०) "प्रजातन्त्र" **राजनीति शास्त्रको सिद्धान्त**, भोटाहिटी, काठमाण्डौः एम.के. पव्लिशर्स ।

पोखेल,कृष्ण (२०६०) "ठालुवाद र बहुलवाद" आधुनिक **राजनीतिक विश्लेषण र राजनैतिक शोध,** भोटाहिटी, काठमाण्डौः एम. के. पब्लिशर्स ।

पोखेल, कृष्ण (२०६०) "राजनीतिक संस्कार" **राजनीति शास्त्रको सिद्धान्त**, भोटाहिटी, काठमाण्डौ एम.के. पब्लिशर्स ।

बराल, उमानाथ (२००६) "जनआन्दोलन-२ र यसको सन्देश" **जर्नल अफ पोलिटिकल साइन्स**, भोलम ९, पृष्ठ १३ ।

बराल, उमानाथ २०६६) "संघीयताः सैद्धान्तिक पक्ष र नेपालमा यसको सान्दर्भिकता", **क्षेत्री आवाज**, बर्ष १, अंक १, क्षेत्री समाज केन्द्रीय कार्यालय, पोखरा ।

बराल, उमानाथ (२०६२) "कास्कीमा मगर आन्दोलन", **जनप्राज्ञमञ्च**, पोखरा, त्रिभुवन विश्वविद्यालय प्राध्यापक संघ, पृष्ठ १०३, १०६ ।

बराल, उमानाथ (२०६३) **राजनीतिमा मगर, पाल्पा, कास्की र म्यादी जिल्लाको प्रारम्भिक अध्ययन**, नेपाल मगर संघ, कास्कीद्वारा पोखरामा मिति २०६२/११/२६ मा आयोजित एकदिने कार्यशालामा प्रस्तुत कार्यपत्र ।

बराल मगर, केशरजङ्ग (२०५०) **पाल्पा, स्याङ्गजा र तनहूँका मगरहरूको संस्कृति**, काठमाण्डौ, रोयल नेपाल एकेडेमी ।

बराल मगर, केशर जङ्ग (२०६६) "मगर भाषा र संस्कृतिको सिंहावलोकन" **मगर**, नेपाल मगर संघ, केन्द्रीय समितिको मुखपत्र, बर्ष १, अंक १ ।

बराल, केशरजङ्ग, (२०६०), "मगर जनसङ्ख्या र भाषाको स्थिति", **आरमीट्मा**, कास्कीः नेपाल मगर संघ जिल्ला कार्य समिति ।

बराल मगर, केशरजङ्ग (२०६४), "राज्यव्यवस्थामा मगरहरूको सहभागिता" **मगराँत**, मगर राष्ट्रिय मुक्ति मोर्चा, नेपाल केन्द्रीय समिति, प्रकाशन विभाग, बर्ष १, अंक २, पौष २०६४ ।

बूढा मगर, बमकुमारी (२०६०) "संस्कृति र संस्कार", **आरमीट्मा**, नेपाल मगर संघ, जिल्ला कार्यसमिति कास्की, ।

भट्टचन, कृष्ण (२०६०) "नेपालमा जनजातीय आन्दोलन र त्यसको दिशा" **छापामा जातीय मुक्ति आन्दोलन भाग १,** काठमाण्डौ, नेपालः जनजातिमञ्च ।

मिश्र, तिर्थप्रसाद र दाहाल, पेशल (२०५८) "गौरवपूर्ण क्रान्ति" **विश्व इतिहासको परिचय**, भोटाहिटी, काठमाण्डौ, एम. के. पब्लिशर्स ।

सेमुएल. पि. हन्टिङ्टन (१९९१) **तेस्रो लहर**, ओकलाहोमा प्रेस ।

श्रेष्ठ, हरिकृष्ण (२०६४) **विश्वका प्रमुख संविधानहरू**, काठमाण्डौः पैरवी प्रकाशन ।

Baral, UmaNath (2009) "Ethnic Mobilization and Democracy", Journal of political science, volume-10, December, pp 63-71.

Baral, UmaNath (2010) Magars in Politics: A case study of Palpa, Kaski and Myagdi District. Phd Disertation, submitted to Humanities and Social Science,T.U.Kathmandu.

Bista, Dor Bahadur (1991) "Democracy in Nepal" Fatalism and Development, Orient Longman.

Gurung, Harka (2001) Nepal Social Demography and Express, Kathmandu, Nepal, New Era.

Hachethu, Krishna (2003) "Democracy and Nationalism: Interface between State and Ethnicity in Nepal". Contribution to Nepalese studies.

K.K. Misra (1998) Political Theory, New Delhi, S. Chanda and company limited.

Population census, 2001: National Report, Kathmandu, His Majesty Govt of Nepal National Commission Secretariat Central Bureau of Statistics

Population census, 2001: Selected tables on caste /Ethnicity, Mothertongue and Religion (Western Development Region), His Majesty's Government of Nepal, National Planning commission secretariat. Central Bureau of Statistics.

Singh,B.P. (1987) A Dictionary of modern Politics and Political Sociology .

**पत्रपत्रिकाहरू:**

अन्तराष्ट्रिय मञ्च वर्ष १९ अङ्क ७, २०६० पृष्ठ ५२–५३

गोरखापत्र २०५५ भाद्र ११

हिमाल पत्रिका १६-३१ बैशाख २०६३

## अनुसूची- १

| क्र.सं. | कास्की जिल्लाका गा.बि.स. हरू | कूल जनसंख्या | मगर जातिको जनसंख्या | मगर भाषा बोल्ने जनसंख्या |
|---|---|---|---|---|
| १ | आर्बा बिजय | ३५२७ | २१ | १५ |
| २ | अर्मला | ५३४८ | ४० | |
| ३ | भाचोक | २०८४ | | |
| ४ | भदौरे तामागी | ३८३१ | | |
| ५ | भरत पोखरी | १०११५ | ११५९ | १८७ |
| ६ | चापाकोट | ३०८१ | १९६ | |
| ७ | दाङ्गसिङ्ग | ३६७८ | ५८२ | १५ |
| ८ | देउराली | २८८२ | | |
| ९ | धम्पुस | २९५० | ६५ | |
| १० | ढिकुरपोखरी | ८०८१ | ६९ | १७ |
| ११ | धिताल | ३६२१ | १४ | |
| १२ | घाचोक | २८७७ | २०५ | ९८ |
| १३ | घान्द्रुक | ५१३८ | ३९३ | ६३ |
| १४ | हंसपुर | ४७४१ | १५२ | ९६ |
| १५ | हेम्जा | ८७०२ | ३९९ | १६८ |
| १६ | काहुँ | २२११ | | |
| १७ | कालिका | ४९५१ | ९० | |
| १८ | कास्कीकोट | ६५४० | ११४ | |
| १९ | कृष्ति नाच्ने चौर | ५६२७ | ६१ | |
| २० | लाहाचोक | ३७१४ | ३७ | |
| २१ | लामाचौर | ५०१९ | १३८ | |
| २२ | लेखनाथ नगरपालिका | ४१३६९ | २३४० | ३१७ |
| २३ | लुम्ले | ४९१६ | ६९२ | ३३२ |
| २४ | ल्वाङ्घलेल | ४८८९ | २३० | ३१ |
| २५ | माछापुच्छ्रे | १९८५ | ६०८ | |

| | | | | |
|---|---|---|---|---|
| २६ | माझठाना | ३६५६ | ३१ | |
| २७ | मौजा | २१४४ | | |
| २८ | मिजुरेडाँडा | ४७५९ | १११ | २१ |
| २९ | नामर्जुङ्ग | १४७० | | |
| ३० | निर्मलपोखरी | ४७२९ | ५९० | ५६४ |
| ३१ | पार्चे | २९७९ | ९ | |
| ३१ | पोखरा नगरपालिका | १५६३१२ | १२८२९ | ३६३३ |
| ३२ | पुम्दीभुम्दी | ७९४७ | १६० | |
| ३३ | पुरुञ्चौर | ३७०९ | १४ | |
| ३४ | रिभान | १६१७ | २३१ | |
| ३५ | रूपाकोट | ३६३९ | २१० | ३२ |
| ३६ | सैमराङ्ग | १७७८ | ५८ | |
| ३७ | सल्यान | ४१२१ | ८९ | ३८ |
| ३९ | सराङ्गकोट | ६६१२ | ४०५ | |
| ४० | सार्दीखोला | ३११२ | २०९ | १९४ |
| ४१ | सिद्ध | ३६३३ | १७० | ५३ |
| ४२ | सिल्दुजुरे | ३४९९ | ७७ | १२ |
| ४३ | थुमाकोडाँडा | ३९२५ | | |
| ४४ | थुम्की | ४०३४ | ५०७ | ३४ |
| ४५ | भलाम | २६५८ | | |
| ४६ | भलाम | २३१७ | २०७ | |
| | जम्मा जनसंख्या | ३८०५२७ | २३५१२ | ५९२० |

स्रोत: जनगणना २०५८

## अनुसूची- २

## २०६२ साल मंसिर ७ गते सात राजनीतिक दलहरू र शसस्त्र विद्रोही नेकपा (माओवादी) वीच भएको बाह्रवुँदे समभ्रुदारी-पत्र

नेपालमा लामो समयदेखि चल्दै आएको निरंकुश राजतन्त्र र लोकतन्त्र (Democracy) वीचको संघर्ष आज अत्यन्तै गम्भीर र नयाँ मोडमा पुगेको छ । विगत दस वर्षदेखि जारी सशस्त्र द्वन्द्वको अग्रगामी राजनीतिक निकायद्वारा समाधान गर्दै शान्ति स्थापना गर्न आजको आवश्यकता भएको छ । त्यसैले निरंकुश राजतन्त्रको अन्त्य गरी पूर्ण लोकतन्त्र स्थापना गर्दै राजनीतिक, आर्थिक, सामाजिक, साँस्कृतिक सबै क्षेत्रका वर्गीय, जातीय, लैंङ्गिक, क्षेत्रीय आदि समस्याहरूको सामाधान गर्न राज्यको अग्रगामी पुनसंरचना गर्दै पूर्ण लोकतन्त्रको अवधारणालाई कार्यान्वयन गर्न अपरिहार्य आवश्यकता भएको छ । देशमा विद्यमान उक्त परिप्रेक्ष्य र सर्न्दभमा संसद भित्रको सात राजनीतिक दलहरू र ने.क.पा. (माओवादी) बीच विभिन्न ढंगले वार्ता भई निम्नप्रकार समभ्रुदारी भएको कुरा सार्वजनिक गर्दछ ।

समभ्रुदारी भएका बुँदाहरू:

१. आज देशमा लोकतन्त्र, शान्ति, समृद्धि, सामाजिक अग्रगमन तथा स्वतन्त्र सार्वभौम नेपाल आम नेपाली जनताको प्रमुख चाहाना हो । त्यसका निम्ति प्रमुख बाधक निरंकुश राजतन्त्र हो भन्ने कुरामा हामी पूर्ण सहमत छौ । निरंकुश राजतन्त्र अन्त्य गरेर पूर्ण लोकतन्त्र स्थापना नगरेसम्म देशमा शान्ति, प्रगति र सम्वृद्धि सम्भव छैन भन्ने हाम्रो स्पस्ट धारणा छ । त्यसैले निरंकुश राजतन्त्रबिरोधी सम्पूर्ण शक्तिहरूले निरंकुश राजतन्त्रका विरुद्ध आ-आफ्ना ठाउँबाट प्रहार केन्द्रीत गर्दै देशव्यापी लोकतान्त्रिक आन्दोलनको आँधीबेहरी निर्माण गरेर निरंकुश राजतन्त्रलाई अन्त्य गरी पूर्ण लोकतन्त्र स्थापना गर्ने समभ्रुदारी भएको छ ।

२. आन्दोलनको शक्तिले संसदको पुनःस्थापना गर्ने र त्यसको निर्णयले अधिकार सम्पन्न सर्वदलिय सरकार, माओवादीसँग वार्ता र सहमतिका आधारमा संबिधानसभाको निर्वाचन गरी पूर्ण लोकतन्त्र स्थापना गरेर नै देशमा विद्यमान द्वन्द्वको समाधान गर्न सकिन्छ र सार्वभौमसत्ता र राजकीय सत्ता पूर्णरूपले जनतामा स्थापित गर्न सकिन्छ भन्ने कुरामा आन्दोलनरत सात राजनीतिक दलहरू पूर्ण प्रतिबद्ध छन् । आन्दोलनरत लोकतान्त्रिक शक्तिहरूको राष्ट्रिय राजनीतिक सम्मेलन गर्ने र त्यसको निर्णयले अन्तरिम सरकार बनाई संविधानसभाको निर्वाचनन गरेर उल्लेखित लक्ष हासिल गर्न सकिन्छ भन्ने ने.क.पा.(माओबादी) को धारणा र प्रतिबद्धता रहेको छ । यो प्रक्रियागत कार्यसूचिको विषयमा आन्दोलनरत सात राजनीतिक दल र

ने.क.पा.(माओवादी) बीचमा संवाद चलाउदै जाने र साझा सहमतिको खोजी गर्ने समझदारी बनेको छ । उक्त लक्ष हासिल गर्न जनआन्दोलनको शक्ति नै एक मात्र विकल्प हो भन्ने कुरामा समझदारी भएको छ ।

३. देशले आज सशस्त्र द्वन्द्वको सकारात्मक समाधान साथ स्थायी शान्ति स्थापनाका माग गरेको छ । त्यसैले हामी निरंकुश राजतन्त्रको अन्त्य र उक्त प्रक्रियागत आधारमा आउने संविधानसभाको निर्वाचन र पूर्ण लोकतन्त्र स्थापनाको अग्रगामी राजनीतिक निकासद्वारा देशमा विद्यमान सशस्त्र द्वन्द्वको अन्त्य गरी स्थायी शान्ति स्थापना गर्न दृढ संकल्पित छौँ । यस प्रक्रियाद्धारा शान्तिपूर्ण नयाँ राजनीतिक धारमा अघि बढ्न ने.क.पा.(माओवादी) प्रतिबद्धता व्यक्त गर्दछ । यसै सन्दर्भमा निरंकुश राजतन्त्रको अन्त्यपछि हुने संविधानसभाको निर्वाचनको क्रममा माओवादी सशस्त्र शक्ति र शाही सेनालाई संयुक्त राष्ट्रसंघ वा भरपर्दो अन्तर्राष्ट्रिय सुपरीवेक्षणमा राख्ने, निर्वाचनलाई स्वतन्त्र र निष्पक्ष ढंगले सम्पन्न गर्ने र निर्वाचनको परिणामलाई स्वीकार्ने समझदारी भएको छ वार्ता प्रक्रियामा समेत भरपर्दो अन्तर्राष्ट्रिय समुदायको संलग्नतालाई हामी अपेक्षा गर्दछौँ ।

४. प्रतिस्पर्धात्मक बहुदलीय शासनप्रणाली, नागरिक स्वतन्त्रता, मानवअधिकार, कानुनीराज्यको अवधारण, मौलिक हक आदि लोकतान्त्रिक मूल्य मान्यताप्रति ने.क.पा.(माओवादी)ले आफ्नो प्रतिबद्धता प्रकटताका साथ संस्थागत ढंगले सार्वजनिक गर्दै तदनुरूप आफ्ना गतिविधिहरू अघि बढाउने प्रतिबद्धता व्यक्त गरेको छ ।

५. ने.क.पा.(माओवादी)ले सशस्त्र द्वन्द्वको क्रममा विस्थापित हुन पुगेका अन्य लोकतान्त्रिक पार्टीका नेता, कार्यकर्ता र जनतालाई यथास्थानमा फर्केर ससम्मान बसोबास गर्ने, उनीहरूको अन्यायपूर्ण तरिकाबाट कब्जा गरिएका घरजग्गा सम्पत्ति फिर्ता गर्ने र उनीहरूलाई निर्बाध ढंगले राजनीतिक गतिविधि गर्न पाउने वातावरण तयार गर्ने प्रतिबद्धता व्यक्त गरेको छ ।

६. विगतका गल्ती कमजोरीहरूको आत्मसमीक्षा र आत्मालोचना गर्दै भविष्यमा गल्ती कमजोरी हुन नदिने ने.क.पा.(माओवादी)ले प्रतिवद्धता व्यक्त गरेको छ ।

७. सात राजनीतिक दलहरूले विगतमा संसद र सरकारमा छँदा भएका गल्ती कमजोरीप्रति आत्मसमीक्षा गर्दै अब त्यस्ता गल्ती कमजोरी नदोहोर्‍याउने प्रतिबद्धता व्यक्त गरेको छ ।

८. शान्तिप्रकृयालाई अघि बढाउने सन्दर्भमा मानवअधिकारका मूल्य मान्यताहरूलाई पूर्ण सम्मान गर्ने र तिनका आधारमा अघि बढ्ने तथा प्रेस स्वतन्त्रताको सम्मान गर्ने कुरा प्रतिबद्धता गरिएको छ ।

९. जनता र अन्तराष्ट्रिय समूदायलाई भ्रम दिने तथा राजाको निरंकुश र अवैधानिक शासनलाई वैधानिकता प्रदान गर्ने कुत्सित उद्देश्यका लागि अघि सारिएको नगरपालीकाको निर्वाचनको घोषणा र संसदको निर्वाचनको चर्चा एउटा कपटपूर्ण चाल भएकाले त्यसलाई आ-आफ्नो ढंगले सक्रिय बहिष्कार गर्ने घोषणा गर्दै त्यस्तो निर्वाचनलाई असफल बनाउन आमजनतालाई आव्हान गरिएको छ ।

१०. जनता र तिनका प्रतिनिधि राजनीतिक दलहरू नै राष्ट्रियताका वास्तविक पहरेदार हुन् । त्यसैले देशको स्वधीनता, सार्वभौमिकता र भौगोलिक अखण्डताको रक्षा र राष्ट्रिय एकताप्रति हामी पूर्ण रूपले प्रतिबद्ध छौ । शान्तिपूर्ण सहअस्तित्वका सिद्धान्तका आधारमा संसारका सब मुलुकहरूसँग मैत्री सम्बन्ध र छिमेकी मुलुकहरू खासगरी भारत र चीनसँग असल छिमेकीको सम्बन्ध कायम राख्नु हामी सबैको साझा कर्तव्य हो । परन्तु आफ्नो निरंकुश र अवैधानिक शासन टिकाउन र देशभक्त जनतालाई भ्रम दिन राजा र राजावादीहरूलाई मण्डले राष्ट्रवादको हौवा खडा गर्ने र राजनीतिक दलहरूको देशभक्तिमाथि प्रश्नचिन्ह खडा गर्ने जुन मित्थ्या प्रयास गरिरहेका छन् त्यसबाट सतर्क रहन हामी सम्पूर्ण देशभक्त जनसमुदायलाई आग्रह गर्दछौं र अन्तराष्ट्रिय शक्तिहरू र जनसमुदायलाई नेपालको निरंकुश राजतन्त्रविरोधी लोकतान्त्रिक आन्दोलनलाई हरतरहले साथ दिन अपिल गर्दछौं ।

११. लोकतन्त्र, शान्ति, समृद्धि, अग्रगामी सामाजिक परिवर्तन तथा देशको स्वतन्त्रता, सार्वभौमिकता र स्वाभिमानलाई केन्द्रमा राखेर भएका हाम्रा समझदारीका आधारमा संचालितहुने शान्तिपूर्ण जनआन्दोलनमा सक्रिय सहभागिता जनाई आन्दोलनलाई सफल वनाउन हामी नागरिक समाज, पेसागत समुदाय, जनवर्गीय संघसङ्गठनहरू, सबै जाति र क्षेत्रका जनता, पत्रकार जगत, बुद्धिजीविहरू र आमनेपाली जनसमुदायमा हार्दिक आह्वान गर्दछौं ।

१२. विगतमा दलहरूबीच भएका अनुपयुक्त व्यवहारहरूको सन्दर्भमा दल विशेषले आपत्ति जनाएका र छानबिनको माग गरेका घटनाहरूको सम्बन्धमा छानबिन गर्ने र दोषी पाइएमा दोषीलाई कारबाही गरी सार्वजनिक रूपमा जानकारी गराउने साझा प्रतिबद्धता व्यक्त भएको छ । अब उप्रान्त दलहरूबीच समस्या उत्पन्न भए सम्बन्धित तह वा नेतृत्व तहमा छलफल गरेर संवादको माध्यमबाट समस्याहरूको सामाधान गर्ने समझदारी भएको छ ।

मिति २०६२ मंसिर ७ गते

स्रोत :–देवकोटा, सुवास, (२०६४) शान्तिवार्ता अन्तरकथा : काठमाण्डौ नेपाल : युगान्तर ।

## अनुसूची - ३

## प्रश्नावली

प्रश्नं. १ लोकतन्त्र अथवा प्रजातन्त्रको परिभाषा कसरी दिनुहुन्छ ?

प्रश्नं. २ २००७, २०४६, २०६२/०६३ को प्रजातन्त्रमा कस्तो भिन्नता पाउनु भयो ?

प्रश्नं. ३ अधिनायकवाद र प्रजातन्त्रमा कुनमा मगरहरूले आफ्नो हित देख्दछ ?

प्रश्नं. ४ मगरवादी सङ्गठनहरूले किन आन्दोलन गरे ?

प्रश्नं. ५ आन्दोलनका उपलब्धी र समस्याहरू के, के रहे ?

प्रश्नं. ६ आन्दोलनका प्रक्रियाहरू कस्तो रह्यो ?

प्रश्नं. ७ संविधानसभा सम्वन्धी राय सल्लाह के छ ?

प्रश्नं. ८ मगरहरूको हितकोलागि संविधानसभाको संरचना कस्तो रह्यो ?

प्रश्नं. ९ कस्तो संविधान बन्यो भने मगर जातीको हित होला जस्तो लाग्दछ ?

प्रश्न. १० प्रस्तावित संघीयता प्रति तपाँईको विचार कस्तो छ ?

# अनुसूची- ५

## अन्तर्वाता लिइएका व्यक्तिहरूको नाम र सङ्गठनहरू :

कर्णबहादुर राना : अध्यक्ष रामबजार इकाई समिति (२०६७/११/२५)।

क्या. कृष्णबहादुर थापा : कास्की जिल्ला निवर्तमान मगर संघ अध्यक्ष (२०६७/११/२०)।

कुमार थापा : निबर्तमान अध्यक्ष, नेपाल मगर बिद्यार्थी संघ र हाल सदस्य, कास्की जिल्ला मगर संघ नेपाल (२०६८/०४/२०)।

खिमान पुन : पुनसमाज नेपाल केन्द्रीय महासचिव, निवर्तमान पुन युवा समाज अध्यक्ष (२०६८/०४/०५)।

खेम पुन : मगर राष्ट्रिय मुक्ति मोर्चा नेपाल कास्की–अध्यक्ष, मगर राष्ट्रिय मुक्ति मोर्चा नेपाल केन्द्रिय सदस्य, उपत्यका नगर विकास समिति सदस्य (२०६८/२/२५)।

गगनसिंह थापा : बिद्यालय निरिक्षक, रामबजार १० पोखरा (२०६८/०३/१०)।

पूर्णबहादुर राना : कास्की जिल्ला मगर संघ अध्यक्ष (२०६८/०१/१५)।

क्या. बेनवहादुर आले : सल्लाहकार, रामबजार ईकाईसमिति (२०६८/०२/३०)।

मोतिश्वर थापा : सहप्राध्यापक पृथ्वीनारायण क्याम्पस पोखरा, त्रिभुवन विश्वबिद्यालय (२०६८/०४/१०)।

मोहनसिंह थापा : नेपाल सरकार भू.पू. शिक्षा उपसचिव (२०६८/०२/२१)।

श्याममाया पुन : नेपाल मगर संघ निवर्तमान केन्द्रीय अध्यक्ष, राष्ट्रिय आदिवासी जनजाति महासंघ अर्थ सचिव (२०६८/०२/१८)।

सुरेन्द्र थापा मगर : नेपाल मगर संघ भू. पू. महासचिव, मानवधिकार संरक्षण मञ्च-अध्यक्ष, शान्तिका लागी नागरिक समाजको संजाल, संयोजक (२०६८/०२/१९)।

हर्कबहादुर पुन : लोकतान्त्रिक मगर संघ-अध्यक्ष, मध्य पश्चिमाञ्चल गेसोको अध्यक्ष (२०६७/११/२८)।